सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ भदौ २०८०, शनिबार (9 Sep 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

विमानस्थलमा देखिने देशको तस्बिर

हरेक दिन अन्तर्राष्ट्रिय विमानस्थलमा उज्ज्वल भविष्यको सपनासहित श्रम बेच्न बिदेसिने युवाको मेला लाग्छ। वृद्ध आमाबुबा, गर्भवती पत्नी, नाबालक छोराछोरीसहितका आफन्तसँग विछोडको दृश्य दर्दनाक देखिन्छ। स्वदेशमै भविष्यप्रति आश्वस्त हुन नसकेका युवाको पलायनले देशको सिंगो चित्र देखाउँछ।

अनिल यादव/नयाँ पत्रिका

कतार जान शुक्रबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टिकट जाँच कक्षतिर प्रवेश गर्ने लाग्दा महोत्तरी जलेश्वरका २३ वर्षीय मोहम्मद सरफराजको मन थामिएन। फनक्क फर्किएर बिदा गर्न आएका बाबालाई कस्सेर अँगालो हाले। भरिएका आँखा कालो रुमालले पुछिरहेका सरफराजलाई ५७ वर्षीय बुबा मोहम्मद जैइनुल पिठ्युँमा मुसार्दै सम्झाउने कोसिस गरिरहेका थिए, 'मत रो बेटा, मत रो।' तर, उनी आफैं पनि थामिन सकिरहेका थिएनन्। आँखाबाट खसेको आँसुको भेल सेताम्य दाह्रीसम्म पुगिसकेको थियो। घाँटीमा बेरेको सेतो गम्छाले उनी आँसु लुकाउन खोज्दै थिए।

बुढेसकालको सहारा लक्का जवान छोराको बिदाइको यो मार्मिक दृश्यले वरिपरिकालाई पनि भावुक बनाएको थियो। अन्ततः बाबालाई बिदाइको हात हल्लाउँदै सरफराज 'चेक इन' गर्न लागे। 'छोराछोरीलाई मजदुरी गर्न खाडीमा पठाउन कुनचाहिँ आमाबुबालाई राम्रो लाग्ला र ? तर, नपठाई पनि सुख छैन,' छोरालाई बिदाइ गरेपछि जैइनुलले रसाएका आँखा पुछ्दै नयाँ पत्रिकासँग भने, '१० लाख कर्जा छ। चार बहिनीको सादी (बिहे) गर्नु छ। दहेज (दाइजो) खोज्छन्, खर्च धेरै हुन्छ। बहुत लफडा छ, यहाँ केही काम पाइँदैन, विदेश नपठाए हुँदैन।'

गह्रुँगो जिम्मेवारीसहित उज्ज्वल भविष्यको खोजीमा कतार उडेका सरफराजले डेढ वर्षअघि मात्रै बिहे गरेका थिए। केटाकेटी भइसकेका छैनन्। बुबा जैइनुलका अनुसार एक वर्षदेखि जेठो छोरा पनि कतारमै श्रम बेचिरहेका छन्। 'यहाँ मकान (घर) बनाउने काम गर्थ्यो, दिनको ५-६ सय ज्यालाले नहुने भयो,' उनले भने, 'नत्र कसलाई आफ्ना बेटाबेटी यसरी छोड्न मन लाग्छ र ?'

अन्तर्राष्ट्रिय विमानस्थल 'चेक इन'को गेटबाहिर आमा-छोरीको बिदाइको अर्को दृश्य त्यस्तै भावुक थियो। विराटनगरस्थित पानीट्यांकीकी निरु देवल ३९ वर्षको उमेरमा देश छाडेर श्रम बेच्न दुबई जाँदै थिइन्। उनको बिदाइमा आएकी २१ वर्षीया छोरी सुटकेस बोकेर विदेश उड्न लागेकी आमालाई अँगालो हालेर धरधरी रोइरहेकी थिइन्। निरुलाई छाड्न उनकी बहिनी पनि एयरपोर्ट आएकी थिइन्। 'नेपालमा बसेर १०-१२ हजारको जागिरले के हुन्छ ?' निरुले भनिन्, 'मेरो छोरा भने पनि छोरी भने पनि यही एउटै हो। उसलाई नै छाडेर जान त कहाँ मन थियो र ? तर, उसको भविष्यका लागि पनि जानुपऱ्यो।'

निरुका अनुसार उनी यसअघि विराटनगरकै कोशी अस्पतालको आइसियू कक्षमा कर्मचारीका रूपमा काम गर्थिन्। तलब मासिक १० हजार मात्रै थियो। 'त्यही १० हजार पनि नियमित आउँदैनथ्यो,' उनले

» पृष्ठ २ मा क्रमशः


■ बुढेसकालको सहारा जवान छोरालाई बिदाइ गर्दा जलेश्वरका मोहम्मद जैइनुल टोलाइरहे



कतार हिँडेका २३ वर्षीय कान्छो छोरा सरफराजलाई बिदाइ गर्न आएका महोत्तरी जलेश्वरका मोहम्मद जैइनुल थामिन सकिरहेका थिएनन्। आँखाबाट खसेको आँसुको भेल सेताम्य दाह्रीसम्म पुगिरहेको थियो। घाँटीमा बेरेको सेतो गम्छाले उनी आँसु लुकाउन खोज्दै थिए। 'छोराछोरीलाई मजदुरी गर्न खाडीमा पठाउन कुनचाहिँ आमाबुबालाई राम्रो लाग्ला र ? तर, नपठाई पनि सुख छैन,' छोरालाई बिदाइ गरेपछि उनले रसाएका आँखा पुछ्दै भने, '१० लाख कर्जा छ। चार बहिनीको सादी (बिहे) गर्नु छ। दहेज (दाइजो) खोज्छन्, खर्च धेरै हुन्छ। यहाँ केही काम पाइँदैन, विदेश नपठाए हुँदैन।' तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रोजगारीका लागि दुई वर्षमा बिदेसिए १४ लाख युवा

● कुन वर्ष कति बिदेसिए



● ०७९/८० मा रोजगारीका लागि बिदेसिनेमा ७२ हजार १३४ महिला छन्।

● ०७७/७८ मा कोभिड महामारीका कारण सबै मुलुकको हवाई उडान बन्द थियो। त्यस अवधिमा पनि ७२ हजार युवा रोजगारीका लागि विदेश गएको तथ्यांक छ।

● आव ०७६/७७ मा एक लाख ९० हजार तथा ०७५/७६ मा दुई लाख ३६ हजार दुई सय आठजना रोजगारीकै लागि बिदेसिएका थिए।

■ अधिकांश युवा खाडी र मलेसियामा

मुना कुँवर/नयाँ पत्रिका

पछिल्लो दुई वर्षमा मात्रै वैदेशिक रोजगारीका लागि १४ लाख युवा बिदेसिएका छन्। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार यस अवधिमा १२ लाख ८० हजार एक सय ६२ पुरुष र एक लाख २१ हजार दुई सय ६२ महिला विदेश भासिएका छन्।

कोभिड महामारीपछि विश्वका सबैजसो मुलुक आर्थिक संकटमा छन्। भएका उद्योग-व्यवसाय धराशायी बन्न थालेका छन् भने नयाँले पनि गति लिन सकेका छैनन्। विकसित मुलुकले कोभिडपछि नयाँ-नयाँ उद्योग र सम्भावनाको खोजी गरे पनि नेपालमा भने खासै गति लिन सकेको छैन।

» पृष्ठ २ मा क्रमशः

झन् नयाँ



नेपाली खेलाडीको एसिया कप अनुभव

अफ्रिदीको बल नै देखिएन, कोहलीले क्याच छाड्दा खुसी लाग्यो

खेलकुद। **रमेश सुवेदी**

परम्परागत सीप सिकाउँदै सामुदायिक विद्यालय



शिक्षा। **शिवहरि घिमिरे**

महोत्सवमार्फत बिपी र युवालाई जोड्न खोज्दै छौं

बद्री पाण्डे, संयोजक
बिपी साहित्य सम्मेलन, मूल तयारी समिति



लगानी बोर्डका १२ वर्ष

उदाए तीन ठूला परियोजना

बोर्ड विशिष्टीकृत संस्थाका रूपमा विकास भइसक्यो : **सुशील भट्ट**, सिइओ, लगानी बोर्ड

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कोशीमा कार्की दोस्रोपटक मुख्यमन्त्री

४८ घन्टाभित्र सरकार गठन गर्न सर्वोच्च अदालतले दिएको परमादेशअनुसार प्रदेश प्रमुख परशुराम खापुङले गरे हिक्मत कार्कीलाई मुख्यमन्त्री नियुक्त, कार्कीले शुक्रबार नै गठन गरे पाँच सदस्यीय मन्त्रिपरिषद्

झापामा **चिरञ्जीवी घिमिरे**

सर्वोच्च अदालतले समयसीमा नै तोकेर सरकार गठनको आदेश दिएको अर्को दिन एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की दोस्रोपटक कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन्। ४८ घन्टाभित्र सरकार गठन गर्न सर्वोच्च अदालतले दिएको परमादेशअनुसार प्रदेश प्रमुख परशुराम खापुङले शुक्रबार कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेका हुन्।

कार्कीले शुक्रबार नै पाँच सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन्। तिलकुमार मेन्याङ्बो (लिम्बू)लाई खानेपानी, सिँचाइ तथा ऊर्जा र स्वास्थ्य मन्त्रालय, पाँचकर्ण राईलाई पर्यटन, वन तथा वातावरण र उद्योग, कृषि तथा सहकारी मन्त्रालय र एकराज कार्कीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मा दिएका हुन्। यस्तै, सिर्जना राईलाई सामाजिक विकास राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ।



नवनियुक्त मुख्यमन्त्री एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई पद तथा गोपनीयताको शपथ खुवाउँदै प्रदेश प्रमुख परशुराम खापुङ

कांग्रेस संसदीय दलका नेता उद्धव थापाले सभाध्यक्षको मत प्रयोग गरेर लिएको विश्वासको मत असंवैधानिक ठहर गर्दै सर्वोच्चले बिहीबार ४८ घन्टाभित्र संविधानको धारा १६८ (३) अनुसार प्रदेश सभामा सबैभन्दा

» पृष्ठ २ मा क्रमशः

■ अघिल्लोपटक अन्तिम समयसम्म सरकारमा रहेको राप्रपा यसपटक सरकारमा सहभागी भएन

बजेट शून्यता हटाउन अध्यादेश जारी गर्न सिफारिस

१० भदौदेखिको बजेट शून्यताको अवस्थालाई तोड्न कार्की नेतृत्वको सरकारले अध्यादेशमार्फत बजेट ल्याउने भएको छ। मन्त्रिपरिषद्को शुक्रबारको बैठकले अध्यादेश जारी गर्न प्रदेश प्रमुख परशुराम खापुङलाई सिफारिस गर्ने निर्णय भएको खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलकुमार मेन्याङ्बो (लिम्बू)ले जानकारी दिए।

'हामीले अध्यादेशमार्फत बजेट ल्याउने निर्णय गर्‍यौं। अध्यादेश जारी गर्नका लागि प्रदेश प्रमुखकहाँ सिफारिस गर्ने मन्त्रिपरिषद्ले निर्णय गऱ्यो,' लिम्बूले भने, 'बजेट शून्यतालाई हामीले अन्त्य गर्नका लागि यो निर्णय गरेका हौं। अध्यादेशका लागि सिफारिस गरिएको बजेट ३१ जेठमा जारी गरेकै अध्यादेश हो। पछि केही थपघट गर्नुपऱ्यो भने प्रतिस्थापन विधेयकमा हुनेछ।'

प्रदेश सरकारले १२ दिनयता बजेट शून्यताको अवस्था खेपेको छ। थापा नेतृत्वको सरकारले बजेट ल्याउने तयारी गर्दागर्दै सर्वोच्चले दीर्घकालीन महत्त्वको निर्णय नगर्न अन्तरकालीन आदेश दिएपछि प्रदेश सरकार बजेटविहीनताको अवस्थामा थियो।

यसअघि एमालेका हिक्मतकुमार कार्की नेतृत्वको सरकारले ३१ जेठमा आर्थिक वर्ष ०८०/८१ का लागि अध्यादेशमार्फत बजेट ल्याएको थियो। तर, थापा नेतृत्वको सरकारले सभामा पेस नगरेपछि यो अध्यादेश निष्क्रिय हुन पुग्यो। कोशीमा १० भदौको मध्यरातिबाट बजेट होलिडे भएको थियो। यद्यपि, प्रदेश सरकारले संविधानविपरीत राजस्व संकलन भने गरिरहेको छ।

बाँकेमा बस दुर्घटना

बर्दिया ठाकुरबाबा नगरपालिकाका सातको मृत्यु, २९ घाइते

नयाँ पत्रिका

बाँकेको राप्ती सोनारी गाउँपालिका- ८ शमशेरगन्जमा शुक्रबार राति बस दुर्घटना हुँदा एउटै नगरपालिकाका सातजनाको मृत्यु भएको छ। दुर्घटनामा २९ जना घाइते भएका छन्। उनीहरूमध्ये दुईजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाँकेको सञ्चार शाखाका अनुसार ना.७ख २३२१ नम्बरको बस राति सवा ९ बजे बिग्रेर रोकिराखेको ना.४ख ६४०५ नम्बरको ट्रकमा ठोक्किएर दुर्घटना भएको हो। बसमा ४१ यात्रु रहेको प्रहरीले जनाएको छ। ठाकुरद्वाराको बेतहनी सामुदायिक वन उपभोक्ता समितिको टोली दाङको धारापानी भ्रमणबाट फर्किने क्रममा बस दुर्घटनामा परेको हो।

दुर्घटनामा परी बर्दियाको ठाकुरबाबा नगरपालिका- ९ का ५० वर्षीय काशीराम थारू, ५५ वर्षीया कस्तुरी थापा, ५० वर्षीया रूपा परियार, अन्दाजी ४० वर्षीया जयन्ती थारू, वडा नम्बर ७ का ६५ वर्षीय साधुराम थारू, वडा नम्बर ८ का ४५ वर्षका जुगबहादुर चन्द र नामथर नखुलेका गाडी स्टाफको ज्यान गएको छ। सनाखत नभएका गाडी स्टाफ पनि ठाकुरबाबाकै भएको प्रहरीले जनाएको छ।

घाइते २९ जनाको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ। जसमध्ये दुईजनाको अवस्था गम्भीर छ। १२ जनाको अवस्था मध्यम र १५ जनाको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

आजबाट नयाँदिल्लीमा जी-२० को १८औं शिखर सम्मेलन

विश्वको सबैभन्दा ठूलो 'हाइप्रोफाइल' जमघटमा जलवायु परिवर्तन, विकास, वैश्विक सुशासन, हरित प्रविधिलगायतका विषयमा छलफल हुने, युक्रेन युद्ध तथा विश्वव्यापी सुरक्षाका विषयमा पनि चर्चा गरिने

नयाँदिल्लीबाट **पर्शुराम काफ्ले**

विशाल अर्थतन्त्र भएका राष्ट्रहरूको संगठन जी-२० को १८औं शिखर सम्मेलनमा सहभागी हुन विश्वभरका शक्तिराष्ट्रका नेताहरू नयाँदिल्लीमा भेला भएका छन्। शुक्रबार साँझसम्म दिल्लीमा विश्वका प्रभावशाली तथा उदाउँदो मुलुकका शीर्ष नेता आइपुगेका छन्।

दक्षिण एसियाको एक मात्र सदस्य भारतले गर्न लागेको दुईदिने सम्मेलन दक्षिण एसियाकै पहिलो हो। सम्मेलनको मूल विषय बसुदैव कुटुम्बकम् अर्थात् एक विश्व, एक परिवार र एक भविष्य राखिएको छ। दिल्ली बेहुलीझैं सिँगारिएको छ, सुरक्षा व्यवस्था अत्यन्तै कडा बनाइएको छ।

शनिबारबाट सुरु हुने सम्मेलन साझा दस्ताबेजमा हस्ताक्षर गरी आइतबार सम्पन्न गर्ने तयारी छ। तर, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङ भने अनुपस्थित भएकाले शिखर सम्मेलनले महत्त्वपूर्ण मुद्दामा साझा धारणा बनाउनेमा आशंका छ।

शिखर सम्मेलनको पूर्वसन्ध्यामा साझा दस्ताबेज तयार गर्ने

» पृष्ठ २ मा क्रमशः



शनिबारबाट सुरु हुने सम्मेलन साझा दस्ताबेजमा हस्ताक्षर गरी आइतबार सम्पन्न गर्ने तयारी, तर रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङ अनुपस्थित भएकाले शिखर सम्मेलनले महत्त्वपूर्ण मुद्दामा साझा धारणा बनाउनेमा आशंका



बंगलादेश आमन्त्रित हुँदा नेपाल किन बोलाइएन ?

● **निहार नायक**, नेपाल-भारत सम्बन्धका विज्ञ

बंगलादेशसँग भारतको सम्बन्ध डेढ दशकयता अत्यन्तै मित्रवत् र हार्दिक छ। प्रधानमन्त्री शेख हसिना भारतको विश्वासिलो मित्र हुन्। त्यो मित्रता उनले बंगलादेशमा देखाएकी छिन्। बंगलादेशमा राजनीतिक र नीतिगत स्थिरता पनि छ। यही कारण भारतले बंगलादेशलाई जी-२० सम्मेलनमा बोलाएको हो। नेपालको हकमा राजनीतिक अस्थिरता र दिल्लीको नजरमा नेताहरूप्रतिको अविश्वसनीयताको परिणाम नेपाल आमन्त्रित नभएको हो। नेपाल र भारतको सम्बन्धमा नेपालको अपेक्षा, भनाइ र गराइमा ठूलो अन्तर छ। नेपालले विश्वासको वातावरण बनाउनु जरुरी छ। अहिले भारत र नेपालको सम्बन्ध अपेक्षाकृत सौहार्द छैन।

जी-२० मुलुकको सम्मेलनमा छलफल हुने विषय र विमर्शले नेपालसहित दक्षिण एसियाली मुलुकका लागि अर्थ लाग्नेछ। अहिलेको मूल मुद्दा जलवायु परिवर्तन पनि हो जसबारे हुने छलफलको प्रभाव नेपालमा पनि स्वाभाविक रूपमा पर्छ नै। यस सन्दर्भमा हुने फन्ड र टेक्नोलोजी ट्रान्सफरजस्ता विषयले नेपालका लागि पनि अर्थ बोक्नेछ। नेपालसहित छिमेकीहरूलाई लाभ पुऱ्याउने गरी भारतको नेतृत्वले पनि सोचिरहेको छ जस्तो लाग्छ। छिमेक पिछडिएर आफू अघि बढ्न सकिँदैन भन्ने भारतलाई राम्रोसँग थाहा छ। तर, छिमेकीहरू पनि तयार हुनुपर्छ।

सभापतिका लागि दौडिनुपर्ने वेला भइसकेको छैन : कोइराला

काठमाडौं/ कांग्रेस नेता डा. शेखर कोइरालाले ०८२ मा हुने महाधिवेशनमा सभापतिको उम्मेदवार बन्न अहिलेदेखि दौडिनुपर्ने समय आइनसकेको बताएका छन् । राजधानीमा आयोजित पत्रकार भेटघाटमा कोइरालाले कुनै पनि बहानामा महाधिवेशन धकेलिन नहुने, तर अहिले नै सभापतिका लागि दौडिनु नपर्ने बताए ।



'पार्टी विधानअनुसार चार वर्षमा महाधिवेशन हुनुपर्छ । ०७८ मंसिरमा महाधिवेशन भएकाले अब १५औं महाधिवेशन ०८२ भित्रै हुनुपर्छ । महाधिवेशन आउन अझै धेरै समय छ । तर, समय छँदै मानिसहरू सभापतिका लागि दौडिएका छन्,' उनले भने, 'यो देखेर मलाई अचम्म लागेको छ । यसपटक छिट्टै महाधिवेशन लागेजस्तो छ ! तर, किन छिटो महाधिवेशन लाग्यो मैले बुझेको छैन । सायद, अब देउवा जाँदै हुनुहुन्छ भनेर पो हो कि ! तर, सभापतिका लागि अहिलेदेखि नै दौडिन पर्दैन, समय आउँछ ।'

तर, उनले आफू तल्लो तहसम्म पुग्ने गरी अभियान लिएर जाने र महाधिवेशनतर्फ केन्द्रित बन्नेसमेत संकेत गरे । कोइरालाले आफू र महामन्त्री गगन थापाबीच एजेन्डामा कुनै विवाद नरहेको स्पष्ट गरे । 'शेखर र गगनबीच असमझदारी भएका विषय आइरहेको देख्छु । सुशासनजस्ता एजेन्डामा हामी एकै ठाउँ छौं । कहिलेकाहीं कुनै विषयमा म र गगनबीच फरक मत हुन सक्छ,' यसको कारण खुलाउँदै उनले भने, 'गगन एग्रेसिभ छन्, म अलि मध्यमार्गी छु । उमेरले पनि काम गर्दो हो । मभन्दा उनी २६ वर्ष कान्छा छन् । युवा जोस, जाँगर अर्कै हुन्छ ।

साथै उनले सभापति शेरबहादुर देउवासँग नजिक भएको भन्ने आरोपको खण्डन गरे । 'मलाई सभापति देउवासँग मिल्यो भन्छन्, तर केमा मिल्यो कसैले भन्न सक्दैनन्,' कोइरालाले भने । अर्को प्रसंगमा उनले तत्काल कांग्रेस संसदीय दलको नेता परिवर्तनको परिस्थिति नबनेको बताए ।

अमेरिका बसेर मानव तस्करीको धन्दा
सयौँलाई ठगी, नेपाल आउँदा पक्राउ

नयाँ पत्रिका

अमेरिकामा बसेर वर्षौंदेखि नेपालमा मानव तस्करीको धन्दा चलाउँदै आएका नेपाली मूलका अमेरिकी नागरिक हस्त गौतम पक्राउ परेका छन् । भारत हुँदै नेपाल आउने क्रममा उनलाई बुधबार मानव बेचबिखन अनुसन्धान ब्युरोले भैरहवाबाट पक्राउ गरेको हो ।

नेपाली युवायुवती अमेरिका पठाउने प्रलोभनमा मानव ओसारपसार गर्दै आएको गिरोहका गौतम नाइके भएको ब्युरोका निर्देशक एसएसपी जीवनकुमार श्रेष्ठले बताए । 'यो गिरोहले धेरैलाई बिचल्ली बनाएको छ, विभिन्न देश पुगेर फर्किएका ६ जना पीडितले जाहेरी दिएका छन्,' एसएसपी श्रेष्ठ भन्छन्, 'गौतमसहित चारजनालाई पक्राउ गरेर अनुसन्धान अघि बढाएका छौं ।'

पक्राउ परेपछि उनले अमेरिका लैजाने धन्दा चलाएको स्विकारेका छन् । दुई सयजनालाई अमेरिका लगिसकेको र १३ जना अहिले पनि बाटोमा भएको उनले बताएको ब्युरोका अधिकारीले बताएका छन् । पक्राउ परेकाविरुद्ध मानव बेचबिखत तथा ओसारपसारका साथै प्रहरीले संगठित अपराधको कसुर पनि लगाएको छ । ब्युरोले गत ७ साउनमा कमल तामाङलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो ।

आफ्नो बैंक खाता प्रयोग गर्न दिएर गिरोहलाई सघाउने अन्य दुईजना पनि थुनामा रहेको ब्युरोले जनाएको छ । गिरोहको विभिन्न देशमा एजेन्ट भएको र त्यसको संयोजन गर्ने र पैसा असुल्ने व्यक्ति गौतम नै भएको एसएसपी श्रेष्ठ बताउँछन् ।



एक करोडसम्म असुली, विभिन्न देशमा एजेन्ट

रुकुम पूर्वको सिस्ने स्थायी घर भएका गौतम आफैं पनि अवैध बाटो हुँदै अमेरिका पुगेका व्यक्ति हुन् । प्रहरीलाई बताएअनुसार उनी पारा ओलम्पिक कमिटीको महासचिव थिए । त्यसवेला एक कार्यक्रममा सहभागी हुन अमेरिकाको टेक्सास पुगेका थिए । टेक्सासमा मेक्सिकन नागरिकसँग चिनजान भएको र उनीहरूसँगकै सम्बन्धले पछि अवैध तरिकाले मेक्सिको हुँदै अमेरिका पुगेका थिए । सन् २००८ मा अमेरिकाको ग्रिनकार्ड लिएका उनले २०१५ मा त्यहाँको पासपोर्टसमेत लिइसकेका छन् ।

उनलाई दुई महिनादेखि पछ्याउँदै आएको प्रहरीले नेपाल आएलगत्तै पक्राउ गरेको हो । उनीहरूले अमेरिका पठाउने भनेर एकै व्यक्तिसँग एक करोडसम्म असुलेको प्रहरी अधिकारी बताउँछन् । विभिन्न देशमा पुर्‍याएर यातना दिई पैसा असुल्ने गर्दथे ।

सो समूहबाट पीडितमध्ये धेरै दाङ, रुकुम र सल्यानका युवा छन् । पक्राउ परेका गिरोहका सदस्य तामाङ गल्फ खेलाडीसमेत हुन् । उनले काठमाडौंको जयबागेश्वरीमा एटलान्टिक माइग्रेसन सेन्टर नामको कार्यालय खोलेका छन् । सोही कार्यालयमा विदेश जानेलाई बस्ने सुविधासमेत छ ।

प्रहरीका अनुसार अर्का एक व्यक्तिले अमेरिकाको सपनामा एक करोड १८ लाख गुमाएका छन् । उनलाई अमेरिका लैजाने भन्दै कहिले थाइल्यान्ड, कहिले दुबई तथा कहिले जाम्बिया लगिएको थियो । महिनौं विभिन्न देशमा राखिएपछि उनी स्वदेश फर्किएका हुन् । आफन्तलाई समेत अमेरिका पठाउने सर्तमा उनले पटक-पटक गरेर एक करोड १८ लाख बुझाएका थिए । पछि दलालहरू सम्पर्कविहीन भएपछि उनी पनि उजुरी लिएर प्रहरीमा पुगेका छन् । मानव तस्करीको घटनामा विदेशमा हुने नाइके पक्राउ गर्न कठिन हुने गर्दछ । अमेरिका मानव तस्करी गर्ने एउटा प्रमुख गिरोहका नाइके नै पक्राउ पर्नुलाई प्रहरीले महत्त्वपूर्ण उपलब्धि मानेको छ ।

संखुवासभा कारागारमा दुई कैदी हत्या प्रकरण

सुरक्षा इन्चार्जसहित १५ जनाविरुद्ध मुद्दा

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभा कारागारमा दुई कैदीको हत्या प्रकरणमा कारागारका तत्कालीन सुरक्षा इन्चार्जसहित १५ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दायर गरिएको छ । कैदीद्वय विनोद तोलांगी र आकाश बलामीको २४ साउनमा भएको हत्या घटनामा प्रहरीको अनुसन्धान प्रतिवेदनअनुसार जिल्ला सरकारी वकिल कार्यालयले शुक्रबार सात प्रहरी र आठ कैदी गरी १५ जनाविरुद्ध जिल्ला अदालत संखुवासभामा कर्तव्य ज्यान मुद्दा दर्ता गरेको हो ।

जिल्ला अदालत संखुवासभाका स्रेस्तेदार रामचन्द्र केसीका अनुसार मुद्दा दायर हुनेमा कारागारका तत्कालीन सुरक्षा इन्चार्ज प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, हवल्दार राजकुमार श्रेष्ठ तथा प्रहरी जवानहरू सुमन गुरुङ, पवनकुमार महतो र मनीष राई छन् । त्यस्तै, घटनाका बखत सुरक्षा गार्डका रूपमा तैनाथ दमनसिंह राई र नुसन राईविरुद्ध मुद्दा दर्ता गरिएको छ । कैदीबन्दीहरू राम कार्की, अनिश शर्मा कट्टेल, सचिन राई, सुमन सारूमगर, टीकाराज चौहान, नवीनकुमार राई, इन्द्रध्वज घिमिरे, मीनबहादुर तामाङविरुद्ध पनि कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको हो । मुद्दा हेरेर प्रतिवादीलाई अदालतमा उपस्थित गराएर आइतबारदेखि बयान लिइने उनले बताए ।

२४ साउन राति बन्दीगृहबाट शौचालयको झ्याल फोडेर भाग्न खोजेको भन्दै कैदीहरू संखुवासभा मादी नगरपालिका- ५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका- ७ का २८ वर्षीय आकाश बलामीलाई प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरेको थियो । त्यसपछि उनीहरूको मृत्यु भएको थियो । प्रहरीको सुरक्षा घेराभित्र नै कैदीबन्दीको शंकास्पद मृत्यु भएपछि स्थानीय र आफन्तले कारागार परिसरमा आन्दोलन नै गरेका थिए । आफन्तले आन्दोलन गर्दै कारागारका सुरक्षा इन्चार्ज लक्ष्मी चौधरी र कारागार प्रमुख जेलर राजेन्द्र घिमिरेविरुद्ध किटानी जाहेरी दर्ता गरेपछि मात्रै ६ दिनमा आफन्तले शव बुझेका थिए ।

कारागार विभागका उपसचिव कमलप्रसाद पाण्डे नेतृत्वको छानबिन समितिले कारागारभित्रको सिसिटिभी फुटेज हेरेपछि प्रहरी र कैदीको संलग्नता रहेको प्रतिवेदन दिएको थियो । जिल्ला प्रहरी कार्यालय संखुवासभाका तत्कालीन प्रहरी प्रमुख (डिएसपी) वीरेन्द्र गोदार, प्रहरी निरीक्षक (इन्स्पेक्टर) सरोज खनाल, भुवनबाबु खड्काको सरुवा भइसकेको छ । २५ जना क्षमताको संखुवासभा कारागारमा अहिले एक सय ३६ जना कैदीबन्दी छन् ।

कोशीमा कार्की...

पृष्ठ १ बाट क्रमशः

ठूलो दलका नेतालाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो । सोहीअनुसार कार्की दोस्रोपटक मुख्यमन्त्री नियुक्त भए ।

यसअघि २४ पुस ०७९ मा माओवादी, राप्रपा र जसपाको समर्थनसहित मुख्यमन्त्री नियुक्त भएका थिए । तर, संघ सरकारमा गठबन्धन परिवर्तन भएसँगै कोशीमा माओवादी र जसपा सरकारबाट बाहिरिएपछि कार्की नेतृत्वको सरकार ढलेको थियो ।

१५ असारमा कार्कीले प्रदेश सभामा विश्वासको मतका लागि राखेको प्रस्तावमा बहुमत प्राप्त गर्न नसकेपछि उनी पदमुक्त भएका थिए । त्यसपछि कांग्रेसका थापाले तत्कालीन सभामुख बाबुराम गौतमको हस्ताक्षर प्रयोग गर्दै सरकार गठन गरेपछि सर्वोच्चले असंवैधानिक ठहर गर्‍यो ।

गौतमलाई राजीनामा गराएर थापा पुनः मुख्यमन्त्री नियुक्त भए । तर, ४ भदौमा विश्वासको मत लिँदा सभाध्यक्षकै मत लिएपछि एमाले संसदीय दलका नेता कार्की सर्वोच्च पुगेका थिए । सर्वोच्चले पुनः थापाले लिएको विश्वासको मत असंवैधानिक ठहर गर्‍यो ।

नवनियुक्ति मुख्यमन्त्री कार्कीले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ । ९३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । प्रदेश सभामा एमालेको ४० (एक उपसभामुखसहित) सदस्य छन् । उनको विपक्षमा कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपाको ४७ मत छ ।

अघिल्लोपटक अन्तिम समयसम्म सरकारमा रहेको राप्रपा यसपटक सरकारमा सहभागी भएन । तर, कार्की नेतृत्वको सरकारलाई समर्थन भने गर्ने राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौला बताउँछन् । 'हामी एमाले नेतृत्वको सरकारलाई समर्थन गरेर अघि बढ्छौं,' उनले भने, 'सरकारमा सभागिताको विषयमा भने केही निर्णय गरेका छैनौं । तत्काल सरकारमा सहभागी हुँदैनौं ।'

राप्रपाबाहेक अन्य दलले तत्काल समर्थन गर्ने अवस्था छैन । तसर्थ कार्कीलाई एक महिनापछि विश्वासको मत प्राप्त गर्न निकै सकस छ । तर, सरकारले भने राजनीतिक सहमतिको सरकारका लागि पहल गर्ने बताउँदै आएको छ ।

गठबन्धनले भने यो सरकार सहमतीय सरकार बन्न नसक्ने बताएको छ । माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले संविधानको धारा १६८ को उपधारा ३ अनुसार बनेको सरकार सहमतीय बन्न नसक्ने बताए । उनले कार्की नेतृत्वको सरकार एक महिनाका लागि मात्र भएको जिकिर गरे ।

आजबाट दिल्लीमा...

पृष्ठ १ बाट क्रमशः

तथा सहमति जुटाउन आयोजक राष्ट्र भारतलाई सहज भएको छैन । शीर्ष नेतृत्वले अनुमोदन एवं हस्ताक्षर गरी सम्मेलनको अन्त्यमा जारी गर्ने संयुक्त वक्तव्यमा सहमति जुट्न बाँकी छ । सहभागी राष्ट्रका नेताहरूको शनिबार दिल्लीको प्रगति मैदानमा निर्मित भारत मण्डपमा जमघट हुँदै छ । यो विश्वको सबैभन्दा ठूलो 'हाइप्रोफाइल' जमघट हो । जी-२० शिखर सम्मेलनलाई विश्वले नै चासोको साथ हेर्ने गर्छ । विश्वको कुल गार्हस्थ्य उत्पादनको ८० प्रतिशत ओगटेका मुलुकहरूको समूह जी-२० मा विश्वका करिब ६० प्रतिशत जनसंख्या छ ।

शिखर सम्मेलनमा सहभागी हुन अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, चिनियाँ प्रधानमन्त्री ली छ्याङ, जर्मन चान्सलर ओलाफ स्कोल्ज, फ्रेन्च राष्ट्रपति इम्यान्युएल म्याक्रोन, साउदी अरबका मोहम्मद बिन सलमान, जापानका प्रधानमन्त्री फुमिओ किसिदालगायतका शीर्ष नेता शुक्रबार नै दिल्ली आइसकेका छन् ।

उत्तरी छिमेकी चीनका राष्ट्रपति सी र भारतको लामो समयदेखिको रणनीतिक साझेदार मुलुक रुसका राष्ट्रपति पुटिनको उपस्थिति छैन । यसअघिका सबै जी-२० सम्मेलनमा सी सहभागी हुँदै आएका थिए । यसपटक उनी नआएर प्रधानमन्त्री ली छियाङलाई पठाएका छन् । ली शुक्रबार साँझ दिल्ली ओर्लिसकेका छन् ।

दिल्लीमा चिनियाँ राष्ट्रपतिको अनुपस्थितिको धेरै चर्चा छ । र, चीनका राष्ट्रपतिको अनुपस्थितिको कारण खुलाइएको छैन । जी-२० शिखर सम्मेलनका वेला चिनियाँ नेता सी भेनेजुएला र जाम्बियाका राष्ट्रपतिको स्वागतमा छन् । अमेरिकी नेतृत्वको यो समूहलाई असफल पार्दै जी-२० स्थानमा आफूअनुकूल अर्को संस्था बनाउने बेइजिङले प्रयास गरिरहेको अन्तर्राष्ट्रिय कूटनीतिक वृत्तमा चर्चामा छ ।

रुसबाट आएका विदेशमन्त्री सेर्गेई लाभरोभ वर्तमान विश्वका सबैभन्दा वरिष्ठतम् विदेशमन्त्री हुन् । उनीपछि चिनियाँ विदेशमन्त्री वाङ यी वरिष्ठतम् विदेशमन्त्री मानिन्छन् । रुस-युक्रेन युद्धले राष्ट्रपति पुटिन केही समययता अन्य अन्तर्राष्ट्रिय फोरममा पनि सहभागी भएका छैनन् ।

सी र पुटिनको अनुपस्थितिका कारण सम्मेलनलाई कतिपयले पश्चिमाकेन्द्रित सम्मेलनका रूपमा टिप्पणी गरेका छन् । पाँचौंबाट तेस्रो ठूलो अर्थतन्त्र बन्ने दौडमा रहेको भारतले सम्मेलनपछिको आर्थिक हैसियत कसरी उपयोग गर्नेछ भन्नेमा सबैको चासो छ ।

व्यक्तिगत र पार्टीगत रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीले आसन्न निर्वाचनमा यो सम्मेलनबाट फाइदा लिने चर्चा दिल्लीमा छ । शिखर सम्मेलनको पूर्वसन्ध्यामा मोदीले एक लेखमार्फत मानवकेन्द्रित विश्व विकासमा जोड दिएका छन् । उनले साझा भविष्यका निम्ति विश्वका सबै मानवबीच एकता हुनुपर्ने, विश्ववासी एक परिवारका रूपमा हातेमालो गर्दै साझा प्रगति र समृद्धि प्राप्तिका लागि अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

१५ वर्षअघिको आर्थिक संकटका वेला विश्व अर्थतन्त्रलाई व्यवस्थापन गर्ने उद्देश्यले उदीयमान अर्थतन्त्रको साझा संगठनका रूपमा जी-२० स्थापना भएको हो । यसले अन्तर्राष्ट्रिय वित्तीय स्थायित्व, जलवायु परिवर्तनका दुष्प्रभाव न्यूनीकरण र दिगो विकासजस्ता विश्वव्यापी अर्थतन्त्रसँग सम्बन्धित प्रमुख विषय केन्द्रमा राखेको छ ।

जी-२० मा १९ देश र युरोपियन युनियन गरी २० सदस्य छन् । भारत, अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, चीन, फ्रान्स, जर्मनी, इन्डोनेसिया, इटली, जापान, दक्षिण कोरिया, मेक्सिको, रसिया, साउदी अरेबिया, दक्षिण अफ्रिका, टर्की, बेलायत, अमेरिका र युरोपियन युनियन जी-२० का सदस्य हुन् ।

विश्वका प्रतिद्वन्द्वी मुलुक अमेरिका र चीन तथा रुस एउटै मञ्चमा छन् । एससिओमा भारत, चीन र पाकिस्तान एउटै मञ्चमा भएजस्तै यो विश्वका विभिन्न प्रतिद्वन्द्वी मुलुकका नेताहरू भेट हुने साझा समूह हो । गत वर्ष सम्मेलन इन्डोनेसियामा भएको थियो भने अर्को वर्ष ब्राजिलमा हुँदै छ ।

दिल्लीको सम्मेलनमा जलवायु परिवर्तन, विकास, वैश्विक सुशासन, हरित प्रविधिलगायतका विषयमा छलफल हुनेछ । युक्रेन युद्ध तथा विश्वव्यापी सुरक्षाका विषयमा पनि चर्चा हुनेछ । भारतले इजिप्ट, मोरिसस, बंगलादेश, नेदरल्यान्ड्स, नाइजेरिया, ओमान, सिंगापुर, स्पेन र युएई गरी १० मुलुकलाई सम्मेलनमा बोलाएको छ । संयुक्त राष्ट्रसंघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकसहित बहुपक्षीय संस्थाका प्रमुख पनि जी-२० मा आमन्त्रित छन् । राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरस दिल्ली आइसकेका छन् । सन् १९९९ मा एसियामा आर्थिक संकटका विषयमा छलफल गर्न जी-२० मुलुक एक ठाउँ उभिएका थिए । वैश्विक आर्थिक संकटपछि २००७ मा शीर्ष नेताहरूको तहमा जी-२० को स्तरोन्नति भएको थियो । जी-२० को हाल कुनै औपचारिक संयन्त्र छैन भने सचिवालय पनि छैन ।

विमानस्थलमा...

पृष्ठ १ बाट क्रमशः

भनिन्, 'श्रीमान् पनि घरमै छन्, यसरी त छोरीको भविष्य अन्धकार हुने भयो । नत्र बुढेसकालमा यसरी छोरी छोड्न त कसलाई रहर हुन्छ र ?' निरुकी छोरी अहिले ११ कक्षाको परीक्षा दिएर बसेकी छिन् ।

सधैंझैं शुक्रबार साँझ पनि अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनलमा नेपाली भूमि छाड्नेको संख्या थपिँदै थियो । छाड्नेहरूलाई खादा लगाइदिने, अंकमाल गर्ने अनि 'लाइफ त यस्तै रहेछ, हामीलाई नबिर्सिनु है' भन्दै बिदाइ गर्न आउने आफन्त र साथीभाइको भिड पनि उस्तै बढिरहेको थियो ।

गलाभरि खादा लगाएर उड्न प्रतीक्षा गरिरहेका र तिनको बिदाइमा आँसु खसाल्दै गरेकाहरूको भिडमा अलग भेटिए, इनरुवा कप्तानगन्जका मोहम्मद वारिस । टर्मिनलको एउटा पिलरमा अडेस लागेर बसिरहेका उनको गलामा न खाँदा थियो, न बिदाइमा कोही आएका थिए । एक्लै झोक्राएर बसिरहेका उनको साथमा साउदी अरेबियाको टिकट थियो । चार वर्ष अरब बसेर चार महिनाको छुट्टीमा घर फर्किएका उनी मिल्ने भए यतै परिवारसँगै बस्थे । तर, नियतिले त्यो अवसर नजुराएको उनले सुनाए । 'नेपालमा पढेको मान्छेलाई त जागिर मिल्दैन, हामीजस्तो अनपढलाई कहाँबाट जागिर मिल्छ ?' उनले दुःख पोखे, 'त्यसैले दोस्रोपटक विदेश जाँदै छु । घरमा बाआमा, श्रीमती, स-साना दुई छोरी र एक छोरा छन् । मन त उनीहरूसँगै बसौं भन्ने थियो । तर, छोराछोरीको भविष्य र उनीहरूको बिहेका लागि पनि हामीजस्तो औँठाछापलाई विदेश नगएर सुख छैन ।'



मलेसिया उड्न लागेका छोरा प्रेमकुमारलाई बिदाइ गर्न उदयपुरबाट आएकी ७० वर्षीया चन्द्रमाया राई । तस्बिर : **संजित परियार**

जनकपुर रामानन्द चोकका २८ वर्षीय मोहम्मद हबिबुलको कथा पनि वारिसकोभन्दा कम थिएन । मंगलबार साँझ विमानस्थल टर्मिनलस्थित सिमेन्टको खम्बामा एउटा झोला च्यापेर अडेस लाग्दै श्रीमतीसँग फोनमा गफिइरहेका थिए उनी । न उनको गलामा खादा थियो, न उनलाई बिदाइ गर्न कोही आएका थिए । एक्लै बसिरहेका उनी सायद फोनबाटै बिदा मागिरहेका थिए । 'छिट्टै फर्किन्छु, तनाव नलिनु है,' आफ्नै भाषा र लवजमा श्रीमतीलाई सम्झाइरहेका थिए उनी ।

मोहम्मद करिब पाँच वर्ष कतारमा श्रम गरेर फेरि विदेश नजाने प्रणसहित ६ महिनाअघि मात्रै स्वदेश फर्किएका थिए । सोचेका थिए, 'अब बिहे गर्छु, अनि स्वदेशमै केही काममा सेटल हुन्छु ।' बिहे त गरे, तर ६ महिना नबित्दै विदेश जान बाध्य भए । 'नेपालमै बसौं भनेको, काम नै पाइएन,' भावुक दृश्यहरूले भरिँदै गएको एयरपोर्टमा उनी पनि भावुक सुनिए, '६ महिना बसेर फेरि जाँदै छु । घरमा बिबी (श्रीमती) गर्भवती भएकी छिन्, नजानू भन्दै थिइन्, तर सम्झाएर आएँ ।'

गर्भमा सन्तान हुर्काउँदै गरेकी श्रीमती केही अवधि श्रीमान्लाई समीपमै चाहन्थिन् । तर, मोहम्मद उनीहरूकै रोजीरोटीका लागि परदेसिन बाध्य भए । मन त उनलाई पनि छ, सन्तानको जन्म हुनेबित्तिकै अँगालोमा बेर्ने, तर सोचेजस्तो छैन जिन्दगी । 'अब दुई वर्षपछि आउँछु, त्यसपछि मात्रै देख्न पाउँछु होला,' उनले भने, 'नेपालमै राम्रो काम र कमाइ भएको भए त विदेश नजाने थिएँ, के गर्नु यहाँ त्यस्तो स्थिति नै छ । त्यसैले मधेशमा धेरैजसो घरमा विदेश जानुपर्ने बाध्यता नै छ ।'

अहिले कतारस्थित एक कागज फ्याक्ट्रीमा काम गर्ने उनी पाँच वर्षअघि नेपालमै मजदुरी गर्थे । बाइक रिपेयरिङ र वासिङको काममा थिए । तर, कामअनुसारको दाम भएन । त्यसपछि बिदेसिन बाध्य भएको बताउँछन् । '१२ जनाको परिवार छ, घरको आर्थिक स्थिति पनि कमजोर छ,' उनले भने, 'त्यसैले नेपालको कमाइले नपुग्ने भयो । खासमा लेबर मान्छेलाई सम्मान नै छैन यहाँ । गौशालाबाट एयरपोर्टसम्म आउँदा पनि ट्याक्सीमा पाँच सय माग्छ यहाँ । टिक्ने अवस्था नै छैन । त्यसैले विदेश जानुपर्‍यो । अहिले उता राम्रै छ, महिनाको ६० हजार नेपाली रुपैयाँ कमाइ हुन्छ ।' उनका एक दाइ पनि वैदेशिक रोजगारको सिलसिलामा कतारमै छन्, अर्का एक दाइ जाने प्रक्रियामा रहेको उनले बताए ।

सिराहा लहानस्थित सरहन्चियाका २३ वर्षीय जितेन्द्रकुमार साफीको कथा पनि मोहम्मदको भन्दा कम थिएन । टर्मिनलको भुइँमा एक्लै टोलाएर मोबाइल चलाउँदै बसिरहेका थिए उनी । उनको बिदाइमा पनि कोही आफन्त थिएनन्, न गलामा खादा । घरमा अढाई वर्षको छोरा, श्रीमती र बाआमा छाडेर पहिलोपटक श्रम बेच्न मलेसिया जाँदै थिए उनी । बाआमा गिरहत (मालिक)को घरमा हरवा-चरवाको काम गर्छन् । उनी ईंटा बोक्ने-जोड्ने काम गरेर जेनतेन गुजारा चलाइरहेका थिए । तर, घरकी एक बहिनीको बिहे गरेपछि ऋणको पासो फुकाउन विदेश जानुपर्ने बाध्यता आइपरेको सुनाए ।

'बहिनीको बिहे गर्दा १० लाख खर्च भयो, त्यसैवेला गाउँमा साहुसँग लिएको ऋण थियो । त्यसको ब्याज नै बढेको-बढ्यै छ । लेबर काम गरेर त्यो ऋण र ब्याज तिर्न नसकिने भइयो । परिवारमा टेन्सन बढेपछि बाध्यताले विदेश जाँदै छु । रहरले त को जान्छ र विदेश ?'

देशका नेताहरू विदेश जान बाध्य नेपालीलाई स्वदेश फर्काउने दाबी गर्छन्, तर हरेक दिन त्रिभुवन विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनलमा श्रम बेच्न बिदेसिनेको मेला लाग्छ । दिनहुँ पढेका/नपढेका दुवै पुस्ता त्यहाँ गलामा खादासहित अन्तिम बिदाइमा भक्कानिँदै गरेका भेटिन्छन् ।

मंगलबार राति १० बजेसम्म करिब पाँच घन्टा स्थलगत रिपोर्टिङका लागि एयरपोर्टमा रहँदा अधिकांश नेपाली मलेसिया, कतार, साउदी, हङकङ, कोरिया, युएईलगायत देशमा रोजगारीका लागि जाँदै गरेको भेटिए । अधिकांशले देशमा रोजगारी र भविष्य नदेखेपछि विदेशलाई गन्तव्य बनेको बताए । त्यहाँ भेटिएका अधिकांशको स्वर र भाव उस्तै थियो, 'देशमा परिवारसँगै बस्ने रहर कसलाई हुँदैन र, तर बाध्यात्मक परिस्थितिसामु रहरहरू मार्नुपर्ने रहेछ ।'

कोही पतिसँगको बिदाइमा रुँदै थिए, कोही पत्नीसँग । सन्तानसँगको विछोडको दृश्य उस्तै दर्दनाक थियो । प्रिय 'यार'हरूसँग छुट्टिँदै गर्दाका दृश्य उस्तै भावुक थिए ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा १९ लाख ३९ हजार चार सय २४ नेपाली रोजगारीका लागि बिदेसिएका छन् । अध्ययनका लागि जानेको तथ्यांक यसमा समेटिएको छैन । कैयौं नेपाली विदेशमै वर्षौंदेखि बस्दै आएका छन् ।

मंगलबार एयरपोर्टभित्र वैदेशिक रोजगारको सूचीमा थपिँदै गरेको अर्को नाम थियो, रौतहटस्थित मेवागाउँका २४ वर्षीय राजनकुमार साह । आठ कक्षामा पढ्दै गरेको भाइ र काका उनलाई बिदाइ गर्न एयरपोर्टसम्म आइपुगेका थिए । घरको आर्थिक स्थिति कमजोर भएकाले दुई बहिनीको बिहे गराउन र आमाबुबालाई खुसी बनाउन मलेसिया जाने निर्णयमा पुगेको साहले बताए । 'धेरैजना छन् घरमा, यता काम गरेर खानै पुग्दैन,' उनले भने, 'गरिब भएपछि यस्तै हो । यहीं मकान (घर) बनाउने काम गर्थें, दिनको पाँच सय ज्याला आउँथ्यो । आमाबुबाचाहिँ अर्कोको खेतमा काम गर्नुहुन्थ्यो । तर, यसरी प्रगति भएन । दुई बहिनीको बिहे गर्ने वेला भइसक्यो, तर पैसा छैन । मधेशमा दहेज (दाइजो) नदिई बिहे गराउन सकिन्न । त्यसैले विदेश जाँदै छु ।'

मलेसियामा नेपाली ३० हजार रुपैयाँ तलब पाउने गरी एक पेपर कम्पनीमा प्याकिङको काममा जान लागेको राजनकुमारले बताए । 'विदेशमा कमाएर धेरै ठूलो सपना छैन,' उनी भन्दै थिए, 'दुई बहिनीको बिहे गर्ने, आमाबुबालाई खियाउने (खुवाउने) र सानो भाइलाई राम्रो पढाएर बिहे गराउने चाहना छ । मेरो जस्तै भाइले दुःख नपाओस्, अब यही इच्छा छ ।'

ललितपुरस्थित लुभुका जितबहादुर सुनार श्रीमती र दुई साना सन्तानसँग छुट्टिँदै गर्दाको दृश्य उस्तै मार्मिक थियो । सेक्युरिटी गार्डका लागि मलेसिया उड्न लागेका उनको बिदाइमा श्रीमती गीताको आँसु थामिएन । आठ वर्षीय छोरा र १० वर्षीया छोरीका आँखा 'बाबा'को बिदाइमा आँसुले भरिएका थिए । लुभुमा जमिन लिजमा लिएर अन्य ६ जनाको परिवार टहरो बनाएर बसिरहेको छ । उनी टहरोमै बसेर बुट्टाको काम गरिरहेका थिए । तर, सन्तानलाई पढाउन र घर चलाउन त्यो कमाइले नपुगेपछि उनी बिदेसिन बाध्य भएको बताउँछन् । 'घर चलाउन ऋण लिनुभएको थियो । त्यही ऋण तिर्न यहाँको कमाइले पुगेन । त्यसैले विदेश जानुभयो,' जितबहादुरका भाइले भने ।

वृद्धावस्थामा सन्तान साथमै होऊन् भन्ने अपेक्षा हरेक बाबुआमाको हुन्छ । तर, छोरा प्रेमकुमारलाई बिदाइ गर्न उदयपुरबाट आएकी ७० वर्षीया चन्द्रमाया राईको जीवनमा ठीक उल्टो भयो । मलेसिया उड्न लागेका जेठा छोरा र आमा चन्द्रमाया एक-अर्कालाई हेरिरहँदा दुवैको बोली रोकिएको थियो । न प्रेमकुमार खुलेर हाँस्न सके, न आमा खुलेर रोइन् । टाउकोमा बेरेको रातो गम्छाले लुकी-लुकी आँसु पुछिरहेकी थिइन् उनी ।

'मेरो जेठो छोरा हो, कान्छो घरमै छ । के गर्नु विदेश नगई सुख छैन, गयो...,' यतिमै उनको बोली अवरुद्ध भयो, बाँकी बोल्न चाहिनन् । छोरा प्रेमकुमार पनि हामीसँग गफिन चाहनेनन् । 'भो कुरा नगरम् है,' देशको अवस्था, बाध्यता र नियतिसँग उनको गुनासो थिएन, चुपचाप एयरपोर्ट प्रवेश कक्षतिर लागे ।

एयरपोर्टभित्र मकवानपुर मन्थलीका २० वर्षका दुई युवा पासाङ तामाङ र निरोज तामाङ मोबाइलमा सेल्फी खिच्दै थिए । प्रस्टै बुझिन्थ्यो- फेसबुकमा 'बाई-बाई नेपाल' लेख्न उनीहरू एयरपोर्टको पृष्ठभूमि देखिने गरी तस्बिर खिचिरहेका थिए । त्यसो त बिदाइको क्षणमा त्यहाँ तस्बिर खिच्ने र टिकटक बनाउनेहरू बाक्लै थिए । नेपालमा रोजगारी नपाएपछि मलेसिया जान लागेको तामाङद्वयको भनाइ थियो ।

'नेपालमा बस्न मन लागेन ?'

जवाफमा पासाङले भने, 'मन त थियो नि, तर के गर्ने यहाँ काम नै पाइएन । घरको आर्थिक अवस्था कमजोर छ । ममी-बुबालाई खुसी राख्न पनि विदेश त जानैपर्‍यो ।'

पासाङको बोली काटेर निरोजले थपे, 'नेपालमा रोजगार भए पनि के गर्नु, पैसा बचाउनै सकिन्न । त्यसैले विदेश जाँदै हो । नेपाली ४२ हजारजति तलब भनेको छ । त्यहाँ पुगेपछि पैसा पनि बच्छ, घर पनि चल्छ भन्ने हो ।'

१३ वर्षीय छोरा र ११ वर्षीया छोरीलाई घर छाडेर बिदेसिँदै गर्दा धादिङकी सीताकुमारी नगरकोटीको मन उस्तै भारी देखिन्थ्यो । उनका श्रीमान् राजकुमार स्वयं उनलाई बिदाइ गर्न एयरपोर्ट आएका थिए । 'जान त मन थिएन, तर छोराछोरीको सुखका लागि पनि जानुपर्‍यो, मान्छेलाई समस्याले गाँजेपछि विदेश नगई नहुने रहेछ,' नगरकोटी धेरै बोल्न सकिनन् । त्यसपछि छेउमै रहेका उनका श्रीमान् राजकुमारले आफू पनि विदेश जाने प्रक्रियामा रहेको बताए । 'म धादिङ-काठमाडौंको बस चलाउँछु,' उनले भने, 'साहुको काम गर्‍यो, बल्लबल्ल तीन महिनामा तलब दिन्छ । साहुको आफ्नै बाध्यता होला । तलब माग्यो, गाडी नै लैजा भन्छ । अब यो देशमा केही होलाजस्तो लागेन । त्यही भएर बुढी विदेश गइन् । अब म पनि जाने हो, प्रोसेसमै छु ।'

रोजगारीका लागि...

पृष्ठ १ बाट क्रमशः

जसका कारण बाध्य भएर युवाशक्ति पलायन हुने क्रम बढेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

विभागको तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा मात्रै सात लाख ७१ हजार तीन सय २७ युवा रोजगारीका लागि विदेश भासिएका छन् । जसमा ६ लाख ९९ हजार एक सय ९३ पुरुष र ७२ हजार एक सय ३४ महिला रहेका छन् । त्यस्तै, आव ०७८/७९ मा ६ लाख ३० हजार ९७ युवा बिदेसिएका छन् । त्यसमध्ये पाँच लाख ८० हजार नौ सय ६९ पुरुष र ४९ हजार एक सय २८ महिला रहेको विभागको तथ्यांक छ ।

अधिकांश युवा खाडी र मलेसियामा

वैदेशिक रोजगारीका लागि नेपाली श्रमिकको मुख्य गन्तव्य खाडी मुलुक र मलेसिया पर्ने गरेको छ । करिब ८० प्रतिशत नेपाली श्रमिक खाडी र मलेसिया गएका छन् । पछिल्लो पाँच वर्षमा १४ लाख ४६ हजार ७१ श्रमिक (नयाँ श्रम स्वीकृति लिएका मात्रै) खाडीका विभिन्न मुलुक र मलेसिया गएको देखिन्छ ।

विभागको तथ्यांकअनुसार यी मुलुकमध्ये पनि तीन लाख ३० हजार पाँच सय २१ जना कतार पुगेका छन् । खाडी मुलुकमध्ये कतारमा सबैभन्दा धेरै नेपाली श्रमिक गएका तथ्यांकले देखाउँछ । गत आव ०७९/८० मा कतारमा ४० हजार पाँच सय १७ नेपाली श्रमिक पुगे । त्यस्तै, ०७८/७९ मा ७६ हजार आठ सय २३ तथा ०७७/७८ मा २२ हजार एक सय ३१ श्रमिक कतार गए । ०७६/७७ मा २९ हजार आठ सय ३५ जना गएकामा ०७५/७६ मा एक लाख ६१ हजार दुई सय १५ जना नेपाली श्रमिक कतार गए । पछिल्लो समय खाडी मुलुकमध्ये कतार आर्थिक रूपमा सबल बन्दै गएको छ । यो मुलुकले अन्तर्राष्ट्रिय श्रम संगठनअनुसार आप्रवासी श्रमिकलाई पनि सेवा-सुविधा दिन थालेपछि कतार आकर्षक गन्तव्य बन्न थालेको हो । त्यस्तै, कतारले हालै सम्पन्न गरेको विश्वकपका लागि आवश्यक पूर्वाधार निर्माण गर्न धेरै आप्रवासी श्रमिक भित्र्याएको थियो ।

कतारपछि नेपाली श्रमिकको मुख्य गन्तव्यमा मलेसिया परेको छ । पाँच वर्षको अवधिमा मलेसियामा तीन लाख २६ हजार आठ सय ६८ नेपाली श्रमिक पुगेका छन् । मलेसियाले गत वर्ष मात्रै आप्रवासी श्रमिकको पारिश्रमिक वृद्धि गरेको थियो । कोभिडपछि यो मुलुकले बहुराष्ट्रिय कम्पनीलाई भित्र्याएको छ । खाडी मुलुकको तुलनामा यो मुलुकमा आप्रवासी श्रमिकलाई स्वतन्त्रता हुने हुँदा पनि नेपाली श्रमिकले मलेसिया रोज्ने गरेका छन् ।

साउदी अरबमा पनि पाँच वर्षमा तीन लाख ६१ हजार ६ सय ६७ जना नेपाली श्रमिक गएका छन् । भौगोलिक रूपमा साउदी अरब अन्य मुलुकको तुलनामा ठूलो छ । साउदीले नयाँ-नयाँ पूर्वाधार निर्माण र कम्पनी सञ्चालनमा प्रोत्साहन गरेकाले धेरै आप्रवासी कामदार भित्र्याएको छ । यद्यपि, साउदी अरबसँग नेपालले श्रम सम्झौता गरेको छैन । १० वर्षदेखि सम्झौताको तयारी गरे पनि हालसम्म सम्पन्न हुन सकेको छैन ।

नेपाली श्रमिकका लागि अर्को आकर्षक गन्तव्य युनाइटेड अरब इमिरेट्स (युएई)मा पाँच वर्षमा दुई लाख ९६ हजार पाँच सय ४७ युवा गएका छन् । आप्रवासी कामदारका लागि यो मुलुकले खुकुलो नीति बनाएको छ । भिजिट भिसामा जाने व्यक्तिले पनि सजिलै वर्किङ भिसा परिवर्तन गर्न पाउने भएपछि भिजिट भिसा हुँदै युएई जानेको संख्या बढेको छ । तर, दलालहरूले भिजिट भिसामा लगेर अलपत्र पार्ने गरेका घटना पनि युएईमा धेरै छन् ।

पाँच वर्षमा ८९ हजार एक सय ६८ नेपाली श्रमिक कुवेत पुगेको विभागको तथ्यांक छ । २६ हजार ६ सय ६९ बहराइन गए भने १५ हजार तीन सय ३१ जना ओमान पुगेका छन् ।

युरोपतिर मोडिँदै नेपाली श्रमिक

खाडी र मलेसियासँगै नेपाली श्रमिक अहिले युरोपियन मुलुकतर्फ मोडिन थालेका छन् । खाडी र मलेसियाको तुलनामा युरोपियन मुलुकले दिने सेवा-सुविधा उत्कृष्ट हुने तथा परिवारसमेत लैजान पाउने भएपछि नेपाली श्रमिक युरोपतर्फ मोडिएका हुन् ।

तर, सरकारले हालसम्म कुनै पनि युरोपियन मुलुकसँग श्रम सम्झौता गरेको छैन । तर, केही म्यानपावर कम्पनीमार्फत तथा व्यक्तिगत रूपमा श्रम स्वीकृति लिएर नेपाली युरोपका विभिन्न मुलुकमा जान थालेका छन् । युरोपियन मुलुकमध्ये साइप्रस, पोल्यान्ड, रोमानिया, टर्की, माल्टा, जर्मनी, पोर्चुगललगायत मुलुक जान थालेका छन् ।

विभागको तथ्यांकअनुसार पाँच वर्षको अवधिमा श्रम स्वीकृति लिएर १२ हजार दुई सय ९६ नेपाली श्रमिक साइप्रस गएका छन् । गत आवमा मात्रै चार हजार दुई सय ७५ ले साइप्रसका लागि विभागबाट श्रम स्वीकृति लिए । त्यस्तै, पछिल्ला पाँच वर्षमा २४ हजार ६ सय ३६ नेपालीले रोमानिया जान विभागबाट श्रम स्वीकृति लिएका छन् । गत आवमा मात्रै १३ हजार एक सय ३७ रोमानिया गएका छन् ।

पाँच वर्षमा १० हजार तीन सय ५२ नेपाली श्रमिक माल्टा पुगेका छन् । विभागको तथ्यांकअनुसार पाँच हजार ६ सय तीनजनाले माल्टाका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै, सो अवधिमा आठ हजार दुई सय ४९ जना पोल्यान्ड गएका छन् । चार हजार तीन सय नौजना टर्की गएका छन् भने एक हजार नौ सय ५२ जना पोर्चुगल पुगेका छन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २३ भदौ ०८०
nayapatrikaofficial @naya_patrika

■ नेपाली खेलाडीको एसिया कप अनुभव

अफ्रिदीको बल नै देखिएन, कोहलीले क्याच छाड्दा खुसी लाग्यो

'जसको खेल हेरेर हुर्केका थियौं, उनीहरूविरुद्ध नै खेल्न पायौं'



रमेश सुवेदी
subedikanchho8@gmail.com

खेलकुद



नेपाली क्रिकेटर पाकिस्तानको मुल्तान र श्रीलंकाको क्यान्डीमा वर्तमान समयकै उत्कृष्ट ब्याट्सम्यान, बलर र फिल्डरसँग मैदानमा उनीहरूकै बराबरी प्रदर्शन गरी फर्किएका छन् ।



पाकिस्तानी कप्तान बाबर आजमलाई मायाको चिनो दिँदै नेपाली कप्तान रोहितकुमार पौडेल



भारतीय क्रिकेटर विराट कोहलीसँग नेपालका शेख दाजुभाइ आरिफ (बायाँ) र आसिफ (दायाँ)



भारतीय क्रिकेटर विराट कोहलीसँग अटोग्राफ लिँदै नेपाली अलराउन्डर सोमपाल कामी

हुँ ई दशकअघि नै नेपाली क्रिकेटरले विश्व क्रिकेटकै पावरहाउस मानिने दक्षिण एसियाली राष्ट्रविरुद्ध हुने एसिया कपमा खेल्ने अवसर पाएका थिए । दुर्भाग्यवश भारत र पाकिस्तानबीच आन्तरिक द्वन्द्व चल्दा नेपालले एसिया कप खेल्ने अवसर गुमायो । वर्षौंको प्रयासपछि नेपालले एसिया कपमा स्थान बनायो । पाकिस्तान र श्रीलंकामा आयोजित प्रतियोगिता खेल्दा खेलाडी जति उत्साहित देखिन्थे, त्रिभुवन विमानस्थलमा बुधबार ओर्लंदा उनीहरू सय गुना हर्षित अनुहार लिएर फर्किए । एसिया कपकै माध्यमबाट नेपाली युवा क्रिकेटरले 'हामी विश्व क्रिकेटमा आउँदै छौं' भन्ने सन्देश दिएका छन् ।

समूह 'ए'मा रहेको नेपाल पहिलो खेलमा पाकिस्तानसँग दुई सय ३८ तथा दोस्रो खेलमा भारतसँग १० विकेटले पराजित भएको थियो । तर, खेलमा नेपाली खेलाडीले जुन स्तरको प्रदर्शन गरेका छन्, त्यसले खेलाडीलाई मात्रै होइन, राष्ट्रको क्रिकेटलाई हेर्ने नजर नै फरक भएको छ । विश्व क्रिकेटसामु नेपाल पनि एउटा स्तरीय टोली हो भन्ने सन्देश गएको छ ।

एकदिवसीय र टी-२० विश्वकपका पूर्वविजेता भारत र पाकिस्तानसँगै एक समूहमा पर्नु एउटा संयोग मात्र नभएर नेपाली क्रिकेटरले यसलाई 'गुडलक'कै रूपमा लिएका छन् । सामान्यतः एसोसिएटतर्फका एकदिवसीय टोलीले टेस्ट राष्ट्रसँग खेल्न अवसर थोरै मात्र पाउँछन् । झन् भारत र पाकिस्तानजस्ता विश्व क्रिकेटकै महारथीविरुद्ध एकै प्रतियोगिता भिड्न पाउँदा जोकोही पनि गदगद नहुने कुरै भएन ।

अहिले यही मनोभावना नेपाली क्रिकेटरले अनुभव गरेका छन् । उनीहरूले पाकिस्तानको मुल्तान र श्रीलंकाको क्यान्डीमा वर्तमान समयकै उत्कृष्ट ब्याट्सम्यान, बलर र फिल्डरसँग मैदानमै उनीहरूकै बराबरी प्रदर्शन गरी फर्किएका छन् । प्रतियोगितामा भारत र पाकिस्तानी क्रिकेटरसँग मैदानदेखि ड्रेसिङ रुमसम्म सेयर गरेको क्षण अहिले उनीहरूले बाँडिरहेका छन् । कोही भन्छन्, 'मैले साहिन अफ्रिदीको बल नै देखिनँ ।' कोही भारतका खेलाडीविरुद्ध छक्का प्रहार गर्दा अति नै रमाइलो लागेको अनुभव सुनाउँछन् ।

एसिया कपमा सहभागी हुनुअघि नै प्रशिक्षकदेखि खेलाडीहरूले प्रत्येक क्षणमा जेजस्तो भए पनि स्मरणीय बनाउने प्रण गरेका थिए । पाकिस्तान र भारतसँगको प्रतिस्पर्धामा नतिजा आफ्नो पक्षमा नआए पनि खेलाडीले यस्तै अनुभव बटुलेका छन् । नेपालका ओपनर कुशल भुर्तेलले वर्तमान समयकै उत्कृष्ट बायाँहाते फास्टबलर साहिन साह अफ्रिदीविरुद्धको सामना गरे । अफ्रिदीविरुद्ध कसरी सामना गर्ने उनले कुनै योजना नै बनाएका थिएनन् । केवल स्ट्राइक लिने र सही टाइमिङमा स्ट्रोक लगाउने उनको गेम प्लान थियो । प्रतिघन्टा १५० को स्पिडले बलिङ गर्ने साहिनले फ्याँकेको पहिलो बल र दोस्रो बलमै भुर्तेलले चौका ठोके । वास्तवमा भुर्तेलले साहिनको बल नै देखेका थिएनन् । उनले केवल टाइमिङ मात्र मिलाएका थिए । उनी भन्छन्, 'मैले उनको बलै देखिनँ, केवल टाइमिङ मात्र मिलाएँ ।' पहिलो ओभरमै उनी साहिनबाटै आउट भएका थिए ।

भारतविरुद्ध अर्धशतकीय इनिङ्स खेलेका ओपनर आसिफ शेख एउटै पक्षमा चुकचुकाएका छन् । भारतीय ओपनर लोकेश राहुललाई मैदानमा प्रत्यक्ष देख्न उनले पाएनन् । टेलिभिजनमा राहुलको ब्याटिङ हेरेर सिकेका शेखले एसिया कपमा आफ्नो आइडलविरुद्ध प्रतिस्पर्धा गर्न नपाउँदा खल्लो मानेका थिए । पाकिस्तानभन्दा भारतविरुद्ध खेल्न सजिलो भएको उनको अनुभव रह्यो ।

स्पिनर ललितनारायण राजवंशीले वर्तमान समयकै उत्कृष्ट ब्याट्सम्यान पाकिस्तानी बाबर आजम र भारतका रोहित शर्माविरुद्ध बलिङ गर्न पाउनु नै अविस्मरणीय क्षण सम्झेका छन् ।

आइसिसीले एसिया कपमा सहभागी प्रत्येक राष्ट्रका एकजना खेलाडीलाई प्रभाव पार्न सक्ने रूपमा राख्दा नेपालका गुल्सन झा पनि परे । आइसिसीको नजरमा रहेका कारण गुल्सनलाई प्रतियोगितामा राम्रो गर्नुपर्ने दबाब थियो । तर, उनले दबाब लिएनन् । विश्व प्रसिद्ध ब्याट्सम्यान र बलरले भरिएका दुवै राष्ट्रविरुद्ध राम्रै बलिङ गरेको उनको बुझाइ छ ।

● सोमपाल कामी (अलराउन्डर)

भारतविरुद्ध २६० योगफल बनाउने लक्ष्य थियो । क्यान्डीको मैदानमा पानी पर्ने थाहा थियो । यसकारण पनि स्कोरबोर्डमा चुनौतीपूर्ण योगफल खडा गर्ने योजनासहित ब्याटिङ गर्‍यौं । मैले दिइएको भूमिका अनुसार खेर्ले । मोन्टी सरले टिकेर खेल्नु भन्नुभएको थियो । नतिजा हाम्रो पक्षमा नआए पनि भारतसँग सोचेभन्दा राम्रो प्रदर्शन भयो । पाकिस्तानको बलिङ असाध्यै राम्रो थियो । रमाइलो पक्ष के छ भने दिल्ली एयरपोर्टमा जाँदा नेपालले पनि क्रिकेट खेल्छ भन्ने गाईंगुइँ सुनेको थिएँ । अब, भारतका समर्थकले पनि थाहा पाए कि हामी राम्रो क्रिकेट खेल्छौं । नेपालले कहीं न कहीं भारतलाई राम्रो दबाब दिएको थियो । अर्कोपटक भारतसँग खेल्दा नतिजा निकाल्न सक्ने हिम्मत बढेको छ । तीव्रगतिका बलरमा गाह्रो छैन ।

पाकिस्तानका अफ्रिदीको रिभर स्विङ खेल्न गाह्रो भएको थियो । वास्तवमा मैले पहिलो चार बल देखिनँ । पाकिस्तानी योर्कर फ्याँक्न माहिर छन् । त्यो खेलमा हामीले सर्ट बल राम्रो खेल्यौं । कुशल, आसिफ र अरिफले राम्रो गर्न सक्थे । अब, हामी पाँच खेल पाकिस्तानसँग खेल्दा तीन सय रन हान्छौं ।

विराट कोहलीले क्याच छाड्दा खुसी लाग्यो । भारतसँगको खेलमा आसिफले राम्रो गर्‍यो । ब्याड लक मध्यक्रममा राम्रो भएन । हामी युवा छौं, सबैले सिकिरहेका छौं । इशान र पान्ड्याका खेल हेरेर हामीले अनुभव लियौं ।

कोहलीसँग भेट्ने इच्छा थियो । उसका अगाडि १० मिनेट उभिएपछि कुरा गरौं । एकदमै नर्भस भएँ । त्यसवेला मलाई थाहा भयो, फ्यानहरू किन खेलाडीसँग हात मिलाउँदा काप्छन् भन्ने । कोहलीसँग एक समर्थकका रूपमा हात मिलाउँदा मेरो हात कापेको थियो । मैले बच्चैदेखि उसलाई फलो गरेको थिएँ । मलाई एकजना फ्यानले अस्ट्रेलियाबाट जुत्ता ल्याइदिएका छन् । यो जुत्ता स्पेशल थियो । स्पेशल बनाउन विराट कोहलीको अटोग्राफ लिएँ । यो बहुमूल्य जुत्ता कसैलाई पनि दिन्नँ । तर, भावनामा बगेका कारण कोहलीसँग टिसर्ट मान्नै बिर्सिएँ । यो सपना भने अधुरै रह्यो ।

रोहितकुमार पौडेल (कप्तान, ब्याटर)



भारत र पाकिस्तानसँग खेल्ने सपना पूरा भएको छ । सबैले अनुभव राम्रो बटुले । सबैजना खुसी छौं । हामीसँग पहिलो खेलमा पाकिस्तानका विश्व नम्बर एक खेलाडी थिए । दोस्रो खेलमा कुशल र आसिफले राम्रो गरे । मध्यक्रममा भनै राम्रो गर्न सक्थ्यौं । लिग २ खेल्नुभन्दा पछि धेरै राम्रो भयो । यस्तो कसैले पनि सोचेको थिएन होला । हामी सबैले राम्रो गर्न सक्यौं । यो वर्ष धेरै राम्रो भएको छ । भारतविरुद्ध ब्याटिङ गर्दा हाम्रो आत्मविश्वास राम्रो थियो । कुशलले धेरै सर्ट बलमा राम्रो खेले । त्यसले सबैलाई राम्रो गर्न मद्दत पुगेको थियो । जसको खेल हेरेर हुर्केका थियौं, उनीहरूविरुद्ध नै खेल्न पायौं, हामी खुसी छौं । मेरो आइडल रोहित शर्मासँग खेल्दा खुसी लागिरहेको थियो । बाबर आजमजस्तो हामीले पनि राम्रो गर्न सक्नुपर्थ्यो । टी-२० मा जे पनि हुन सक्छ । करणले बलिङ गरेको हेर्दा रोहित आउट हुन्छ भन्ने थियो । तर, भएन । अब सरकारले हेर्नुपर्छ । आर्थिक पक्ष बलियो भयो भने सबैको राम्रो हुन्छ । खेलाडीले खेलिरहने वातावरण बन्नुपर्छ ।

ललितनारायण राजवंशी (बलर)

भारत र पाकिस्तानसँग निकै राम्रो अनुभव रह्यो । हामीले आफ्नो क्षमता देखाएका छौं । मलाई लाग्छ समग्रमा राम्रो प्रदर्शन गरेका छौं । विश्व क्रिकेटमा महारथीसँग खेल्दा यतिको प्रदर्शन राम्रो भयो भन्नुपर्छ । बाबर आजम र रोहित शर्मालाई बलिङ गर्नु नै एसिया कपको सर्वोत्कृष्ट क्षण रह्यो । टेलिभिजनमा देखेकासँग नै खेल्न पाउँदा खुसी नहुने कुरै भएन । को स्ट्राइकरमा थियो, कहिल्यै सोचिनँ, आफ्नो सामान्य खेल नै खेर्लें । मेरो सोच आफ्नो रोलअनुसार खेल्ने थियो । भारतसँगको खेलमा ५० ओभर नै खेल्ने थियो । अन्तिम दुई बल बाँकी हुँदा स्ट्राइक करण दाइलाई दिन्छु भन्ने थियो । करण दाइको एक वा दुई स्ट्राइकमा छक्का आउने विश्वास थियो । त्यसपछि थप ४०-५० रन बनाउँछौं भन्ने थियो । भारतको ड्रेसिङ रुमभित्र गएपछि राहुल द्रविड, रवीन्द्र जडेजासँग गफ भयो । सबैले हामीलाई धाप दिँदै हौसला दिइराख्नुभयो । यसले सकारात्मक ऊर्जा दियो । रोहित शर्मा, जडेजा, राहुल द्रविड, विराट कोहलीको अटोग्राफ लिएँ । राहुल द्रविड नै मेरो आइडल हो ।

कुशल भुर्तेल (ओपनर)



टेस्ट राष्ट्र पाकिस्तानसँगको खेलबाट सबैलाई सकारात्मक सन्देश दिने चाहना थियो । उत्साहित भएका हामीले सोचेकोजस्तो खेल खेल्न सकेनौं । त्योभन्दा राम्रो हुन सक्थ्यो । पाकिस्तानमा सुरक्षा राम्रो थियो । यत्तिको ठूलो सुरक्षाबीच पहिलोपटक खेलेका थियौं । श्रीलंकामा भारतसँग खेल्न थप उत्साहित थियौं । टिभीमा भारतलाई हेरेर क्रिकेट खेलेको हुँ । म पाकिस्तानसँग खेल्नजस्तो भारतसँग आतुर थिइनँ । पाकिस्तानसँग खेल्दा नर्मल लाग्यो । मैले अझै २०-३० रन राम्रो गर्न सक्थें । हामीले भारतको ड्रेसिङ रुम सेयर गर्‍यौं । एसिया कपको सबैभन्दा बेष्ट मोमेन्ट थियो यो । भारतलाई हराउँछु भनेर खेलेको थिएँ । दुई तीन महिनाअघि हामी एसिया कप खेल्छौं भन्ने थाहा थियो । आसिफसँग मैले स्ट्राइक लिँदै आएको छु । पाकिस्तानका साहिन अफ्रिदीबारे राम्रोसँग थाहा थियो । उनले सुरुमा बलिङ गरे । कसरी बल आउँछ भन्ने मेसो नै पाइएन । उनले विश्वका चर्चित ब्याटरलाई आउट गरेका छन् । बल फेस गर्नुअघि उत्साहित थिएँ । पहिलो एक बल सजिलो लाग्यो । खासमा मैले बल नै देखेको थिइनँ ।

● आसिफ शेख (ओपनर)

ओपनिङमा भारतविरुद्ध राम्रो गर्ने नै सोच थियो । बलियो राष्ट्रविरुद्ध खेल्दा यस्तो सोच बनाउनुपर्छ । अन्तिमसम्म ब्याटिङ गर्दा भारतलाई सहजै दुई सय ६० योगफल दिन सक्थ्यौं । कुशलले सर्ट बल राम्रो गरे । ब्याटिङ क्रममा कम्तीमा अर्धशतक बनाउने लक्ष्य थियो । कुशल र मबीच पावर प्लेबाट इनिङ्स डिपसम्म लैजाऊँ भन्ने छलफल भएको थियो । सुरुमा हामी दुवैले ४०-५० रन बनाउने योजनासहित स्ट्रोक लगायौं । यसले पछिका ब्याट्सम्यानलाई सहज हुने थियो । स्पिनर आउँदा हामीलाई गाह्रो हुन्छ र विकेट जान्छ भन्ने थाहा थियो । हामी दुईमध्ये एक अन्तिमसम्म क्रिजमा रहने कुरा पनि थियो । उनीहरूको शारीरिक भाव बुझ्ने प्रयास गरेका थियौं । मेरो आइडल लोकेश राहुल भारतको टोलीमा थिएन । अलि खल्लो लाग्यो । बच्चैबाट उसको खेल हेरेको हो । कोहलीको खेल हेर्ने चाहना थियो । तर, ब्याटिङ लाइभ हेर्न पाइनँ । भारतसँगको खेलपछि हात मिलाउँदै जाने कुरा भएको थियो । अचानक मोन्टी सरले हामीलाई सरप्राइज दिनुभयो । सीधै भारतको ड्रेसिङ रुममा हामीलाई लानुभयो । ड्रेसिङ रुममा विश्वमा नाम कमाएका खेलाडी के-के गर्छन्, आफ्नो किट्स कसरी राख्छन् भन्ने हेर्ने अवसर पाएँ । विराट कोहलीबाट मेडल लाउने अवसर पाएँ । त्यसवेला नेपालको प्रतिनिधित्व गर्दा गर्व लाग्यो । कोहलीले हाँस्दै भने, 'एउटा मेडल मलाई पनि दिनू, मैले तिम्रो क्याच छाडेको थिएँ ।' पाकिस्तानको विकेटभन्दा श्रीलंकामा सहज थियो । अभ्यासमा पनि १४५-१५० माथिको स्पिड खेल्दा सहज भयो ।

● गुल्सन झा (अलराउन्डर)



भारत र पाकिस्तानसँग खेल्ने सपना थियो । नम्बर एक टिम, अनि टेस्ट टिमसँग खेल्दा खुसी लाग्यो । हाम्रो मनोबल उच्च थियो । हामी अहिले उनीहरूलाई हराउन त सक्दैनौं । तर, प्रयास गर्ने हो । हामीले दुवै खेलमा उत्कृष्ट प्रदर्शन गर्‍यौं । अझै राम्रो हुन सक्थ्यो । बाबर आजम, साहिन शाह अफ्रिदी, रोहित शर्मा, विराट कोहलीअगाडि जो भए पनि आफ्नो खेल खेल्ने कुरा भएको थियो । भारतसँग खेल्दा सबै उत्साहित थियौं । सबै खेलाडीको ध्यान नै यही खेलमा थियो । सबैले रोहित र विराटलाई हेर्दै आएका छौं । हार्दिक पान्ड्याजस्ता खेलाडी राम्रो लाग्थ्यो । तर, सबै खेलक्रममा विपक्षी नै हुन्छन् । भारतको ड्रेसिङ रुममा रमाइलो भयो । विराट कोहलीसँग कुरा त भएन, फोटो लिएँ ।

● कुशल मल्ल (ब्याटर)



भारत र पाकिस्तानसँग खेल्दा रमाइलो भयो । भारत र पाकिस्तानजस्तो टोली भए पनि विपक्षी नै थिए । एसिया कप समग्रमा राम्रो भयो । पाकिस्तानविरुद्ध राम्रो गर्छु भन्ने थियो । तर, मैले आशा गरेअनुसारको प्रदर्शन गर्न सकिनँ । मलाई भारत र पाकिस्तानभन्दा वेस्ट इन्डिजका खेलाडी मन पर्छ ।

‘सफाया’ अभियान चलाइरहेको युक्रेन

युक्रेनका एजेन्टहरू घातक बदलामा निपुण छन् । चिन्ता के भने स्पष्ट रणनीतिको अभाव छ ।



बम विस्फोटबाट अलेक्जेन्डर जाखरचेन्को मारिएको रेस्टुरेन्ट । तस्बिर : एएफपी

विश्व

यो अप्रेसन एक महिनादेखि चलिरहेको थियो । खार्किभ क्षेत्रको भेलिकी बुर्लुकका मेयर यभेन युनाकोभलाई रुसीहरूसँग मिलेको रुसी सुराकीको रूपमा पहिचान गरियो । विशेष बलका कमान्डर ‘कउकेसस’ र स्थानीय अधिकारीको एक समूहलाई उनको सफायाको जिम्मेवारी सुम्पिएको थियो । समूहका मानिसले थुप्रै दिनसम्म आफ्नो लक्ष्य किनमेल गर्न कहिले निस्कन्छ, कहिले-कहिले र कहाँ-कहाँ जान्छ, उसको सुरक्षाको बन्दोबस्त कस्तो छ इत्यादि कुराको एकदमै सतर्क निगरानी गरिरहेका थिए । युनाकोभमाथि टाढैबाट बम विस्फोट गराएलगतै उनीहरू रुस नियन्त्रित क्षेत्रभित्रका सुरक्षित ठेगानामा बेपत्ता भए । यो समूह त्यो सहर रुसी नियन्त्रणबाट मुक्त भएको केही हप्तापछि मात्रै युक्रेन नियन्त्रित इलाकामा फर्किन्छ । युनाकोभको शव अहिलेसम्म फेला परेको छैन ।

१८ महिनाको युद्धका दौरान ‘सफाया अप्रेसन’अन्तर्गत युनाकोभजस्ता दर्जनौँ मानिसलाई रुस नियन्त्रित युक्रेन र रुसभित्रै समेत निसाना बनाइएको छ । उनीहरूलाई गोली हानिएको छ । बमले उडाइएको छ, फुन्ड्याइएको छ र केही अवसरमा विष मिलाइएको ब्रान्डी खुवाएर मारिएको छ । तर, युक्रेनले यी हत्यामा आफ्नो संलग्नताबारे चुप्पी साँधेर बसेको छ । केहीले भने यसलाई युक्रेनी सुरक्षा बलहरू बढ्दो रूपले प्रतिस्पर्धी बन्दै गएको संकेतका रूपमा लिन्छन् । युक्रेनी एजेन्सीहरू स्वयंले पनि यसका संकेतहरू दिएका छन् । युक्रेनको सैन्य गुप्तचर संस्था ‘हुर’का अधिकारी एन्ड्री चेर्नियाक भन्छन्, ‘कुनै पनि व्यक्ति, जसले युक्रेनलाई धोका दिन्छ, युक्रेनीमाथि गोली दाग्छ वा युक्रेनीमाथि क्षेप्यास्त्र प्रहार गर्छ, त्यो व्यक्तिले बुझ्नुपर्छ कि उनीहरूमाथि निगरानी भइरहेको छ र एक दिन उनीहरूलाई न्यायको कठघरामा खडा गरिनेछ ।’ जुलाईको एक अन्तर्वार्तामा उनका हाकिम जनरल किरिलो बुडानोभले अझ अगाडि बढेर भनेका थिए, ‘यदि तपाईं मोसादको संस्करण खडा गर्ने कुराबारे सोध्दै हुनुहुन्छ भने… हामीलाई त्यसको आवश्यकता छैन । किनकि यो पहिले नै खडा छ ।’

> पूर्वजासुसी अधिकारी युक्रेनको सफाया अभियान तर्कभन्दा पनि आवेगबाट प्रेरित भएकोमा आफू चिन्तित रहेको बताउँछन् । उनका अनुसार युद्ध अपराधको लागत र साधारण युक्रेनीको आत्मबल बढाउन केही हत्याको मनोवैज्ञानिक भूमिका उपयोगी रहेको छ ।

इजरायली जासुसी एजेन्सी ‘मोसाद’को उल्लेखले युक्रेनीहरूलाई उत्साहित पार्छ । उनीहरू न्यायका लागि आतुर छन् । वास्तवमा, यस राजनीतिक हत्या शृंखलाको उत्पत्ति उसको आफ्नै छिमेक अझ स्वदेशी भूमिमा भएको हो । मोसादले आफ्नो अधिकतर कला सोभियत-युगको गुप्त पुलिस र त्यसका संस्थापक पावेल सुडोप्लातोभबाट सिकेको थियो, जो अहिलेको रुस नियन्त्रित दक्षिणी युक्रेनको मेलिटोपोलमा जन्मेका थिए । इतिहासको विचित्रता कस्तो भने सन् १९३० को दशक सुडोप्लातोभले युक्रेनी राष्ट्रवादी समूहमा घुसपैठ गरेर बिताएका थिए । तिनका एक नेतालाई आफैंले चकलेटको बक्समा बम राखेर उडाएका थिए । (सन् १९४० मा लियोन ट्रोट्स्कीको हत्याको योजनाका रचनाकार पनि उनै थिए ।)

समकालीन युक्रेनमा सफायाको यो नयाँ शृंखला सन् २०१५ देखि सुरु भएको हो । रुसले क्रिमिया र पूर्वी डोनबास क्षेत्र कब्जामा लिएपछि युक्रेनको घरेलु सुरक्षा सेवा (एसबियू)ले सन् २०१५ मा एउटा नयाँ निकाय गठन गऱ्यो । रुसी आक्रमणको जवाफमा पाँचौँ प्रतिगुप्तचरी निर्देशनालयले एउटा ‘अन्तरध्वंस युनिट’का रूपमा पनि काम गर्न थाल्यो । पछि उसले ‘सफाया (वेट वर्क)’मा मात्र ध्यान केन्द्रित गर्न थाल्यो ।

त्यस बखत एसबियूको नेतृत्व गरेका भ्यालेन्टिन नालिभायचेन्कोका अनुसार युक्रेनका तत्कालीन नेताले जासुस वा देशघातीलाई कैद गर्ने नीति पर्याप्त नभएको निर्णय गरेपछि मात्रै यो एकाइ सफायामा लागेको थियो । उनले भने, ‘कारागारहरू भरिभराउ थिए, तर कमै मात्र हच्किरहेका थिए । त्यसैले हामी अनिच्छापूर्वक आतंकवादीहरूलाई समाप्त नै पार्नुपर्छ भन्ने निष्कर्षमा पुगेका हौँ ।’ निर्देशनालयका एक पूर्वअधिकारी पनि यही लाइनमा वर्णन गर्छन्, ‘युद्धलाई हामीले उनीहरूकोमा लैजान आवश्यक थियो ।’ सन् ०१५ र ०१६ मा यो निर्देशनालय डोनबासका रुस समर्थित महत्त्वपूर्ण कमान्डरहरूको हत्यासँग जोडियो । मिखाइल तोल्स्टाख उर्फ ‘गिभी’ रकेट आक्रमणमा मारिए । आर्सेन पावलोव उर्फ ‘मोटोरोला’लाई लिफ्टमा बमले उडाइयो । अलेक्जेन्डर जाखरचेन्कोलाई एउटा रेस्टुरेन्टमा उडाइयो ।

गुप्तचर निकायका जानकारहरू रुसविरुद्धको प्रतिकारबाहीमा एसबियूको पाँचौँ निर्देशनालयले केन्द्रीय भूमिका खेलिरहेको बताउँछन् । एसबियूको आकार र बजेट ‘हुर’को भन्दा पाँच गुणा ठूलो छ । यही कारण यो अत्यन्त कठिन काम फत्ते गर्न सक्षम भएको छ । उदाहरणका लागि, सन् ०२२ को अक्टोबरमा रुसलाई क्रिमियासँग जोड्ने रणनीतिक महत्त्वको ‘खेर्च’ पुलमाथिको बमबारीलाई लिन सकिन्छ । तर, अरूचाहिँ भूमिगत सञ्जाल र युद्धमा सघन उपस्थितिका कारण उसको भूमिकालाई जोड दिन्छन् । ‘हामीमध्ये प्रायः ह्वाइट-कलर (पेसाकर्मी) युवा हौँ,’ एसबियूका एक खबरी भन्छन् । रुस नियन्त्रित युक्रेनमा अर्को बढ्दो रूपले महत्त्वपूर्ण खेलाडी भएको छ, स्पेसल अप्रेसन्स फोर्स (एसएसओ) । यो अपेक्षाकृत नयाँ समूह हो, जसले युक्रेन पक्षधर ‘रुख ओपोरु (प्रतिरोध आन्दोलन)’को समन्वय गरिरहेको छ । खार्किभमा गरिएको अप्रेसन एसएसओले नै गरेको थियो । एसएसओका अधिकारी डेनिस यारोस्लाब्स्कीका अनुसार यो सेवाले अब रुसभित्रै ‘अप्रेसन’हरू फत्ते गर्न थप शक्ति लगाइरहेको छ ।

युक्रेनका राष्ट्रपतिले अन्य निर्णयका अधिकार प्रत्यायोजित गरेका भए पनि यस्ता विवादास्पद कार्यलाई भने उनैले अधिकृत गर्ने गरेको बताइन्छ । यसबारे जानकारी राख्ने एक उच्चस्तरीय सरकारी स्रोतले विस्तृत विवरण दिन इन्कार गऱ्यो, ‘यस्ता अप्रेसनबारे टिप्पणी गर्नु वा धेरै कुरा गर्नु उचित हुँदैन ।’ तर, उनी भ्लोदोमिर जेलेन्स्कीले गैरसैन्य नागरिकलाई क्षतिबाट बचाउन स्पष्ट आदेश जारी गरेको बताउँछन्, ‘राष्ट्रपतिले यो निर्देशन औपचारिक रूपमा नै दिनुभएको छ । केही अवसरमा चिच्याइ-चिच्याई पनि सुनाउनुभएको छ ।’ उनी युक्रेनले सावधानीपूर्वक आफ्नो लक्ष्य छनोट गर्नुपर्थ्यो, तर यसो गरिरहेको छैन भन्छन् ।

न्युयोर्क टाइम्सले गत अक्टोबरमा रुसी राष्ट्रवादी चिन्तक अलेक्जेन्डर दुगिनकी छोरी दारिया दुगिनाको हत्या भएको कार बम विस्फोटनका लागि अमेरिकी सरकारले युक्रेनलाई दोषी ठहऱ्याएको कुरा छापेपछि युक्रेनको नेतृत्व विशेष निगरानीमा आयो । यसले युक्रेनी गुप्तचरी निकायभित्र पहिलेदेखि नै जीवन्त आन्तरिक बहसलाई तीव्र बनायो । केही रिपोर्टका अनुसार बुबा चढ्नुपर्ने कारमा उनी चढेकी थिइन् । तर, मध्यमस्तरका दुष्प्रचारकलाई लक्षित गरेर थालिएको यस लगत्तैका अप्रेसनमा एउटा समानता देखिन्छ ।

एसबियूको प्रतिजासुसीको एक स्रोत यसो भन्छ, ‘यी व्यक्तिको सफायाले फाइदा हुँदैन । यसले मलाई असहज बनाउँछ ।’ एसबियूको पाँचौँ निर्देशनालयका यी पूर्वअधिकारीका अनुसार यी अप्रेसनहरू राष्ट्रपतिलाई खुसी पार्न डिजाइन गरिएका थिए, न कि युक्रेनको जित नजिक्याउन । उनी भन्छन्, ‘जोकर, लोलुप र टपरटुइयाँहरू रुसी सरकारको वरिपरि सधैँ हुन्छन् । एउटालाई मार्नुस् उसको ठाउँमा अर्को देखा परिहाल्छ ।’

यी पूर्वजासुस युक्रेनको सफाया अभियान तर्कभन्दा पनि आवेगबाट प्रेरित भएकोमा आफू चिन्तित रहेको बताउँछन् । उनका अनुसार युद्ध अपराधको लागत र साधारण युक्रेनीहरूको आत्मबल बढाउन केही हत्याको मनोवैज्ञानिक भूमिका उपयोगी रहेको छ । सन् ०२२ को जुलाईमा भिन्निट्सयामा ३८ युक्रेनी नागरिकको ज्यान जाने गरी क्षेप्यास्त्र प्रहार गरेको विश्वास गरिएका पूर्वपनडुब्बी कमान्डर स्टानिस्लाभ रेजित्स्कीको हकमा यही लागू भयो । त्यस घटनाको एक वर्षपछि रुसको क्रास्नोदारको एक पार्कमा व्यायाम गर्दै गरेको समयमा रेजित्स्कीलाई गोली हानी हत्या गरिएको थियो । तर, अन्य अप्रेसनमा भने रणनीतिको अभाव देखिन्छ । ‘तिनले आफ्ना स्रोत, विधि र रुसमा कुन हदमा युक्रेनी घुसपैठ छ भन्ने कुराको उजागर गर्ने जोखिम मोलेका छन् । हाम्रो सुरक्षा सेवाहरूले गर्न सकिन्छ भनेर जुनसुकै काम गर्नु हुँदैन,’ उनी तर्क गर्छन् ।

युक्रेनको सैन्य गुप्तचरीका प्रवक्ता एन्द्रीय युसोभ युक्रेन यो ‘अन्धो आतंक’बाट टाढै रहेको दाबी गर्छन् । उनी भन्छन्, ‘हाम्रो उद्देश्य शत्रुलाई तर्साउनु होइन, उनीहरूलाई युक्रेनी भूमिबाटै लखेट्नु हो । तर, युक्रेनका जासुसले रुसी मनोविज्ञान र कमजोरीको पहिचान गरेर जहाँ-जहाँ सकिन्छ, फाइदा लिने कार्य जारी राख्नुपर्छ ।’

निःसन्देह, यसविपरीत पनि यही सत्य हो । रुसी एजेन्टहरूद्वारा युक्रेनी सुरक्षा सेवामा घुसपैठ एउटा ठूलो मुद्दा बनेको छ । जानकारका अनुसार, यो नै युक्रेनी मोसाद खडा गर्ने प्रयासका निम्ति सबैभन्दा ठूलो र एक मात्र अवरोध हो । एसबियूको आन्तरिक सुरक्षा विभागका पूर्वप्रमुख रुसी घुसपैठियाको शंकाबीच युक्रेनबाट भागेका छन् । उनीमाथि राजद्रोहको आरोपमा अनुसन्धान चलिरहेको छ । विश्वासको अभाव यो सेवाको एउटा मुद्दा बनेको छ । यहीकारण कमभन्दा कम संवेदनशील अप्रेसन पनि स-साना समूहबाट फत्ते गर्नु परिरहेको छ । ‘सधैँ मानिसहरू नै हाम्रो सबैभन्दा कमजोर कडी हुन्,’ एसबियूका यी जासुस भन्छन् ।

(द इकोनोमिस्टबाट नारायण शिवाकोटीको अनुवाद)

प्रकाश आङ्देम्बे
prakashangdembe@gmail.com

यात्रा



नर्वेको हिमालमा शेर्पासिँढी

नर्वेमा सन् २००५ देखि वर्षा ऋतुको समयमा नेपालबाट सिजनल कामदारका रूपमा शेर्पाहरू आउन थालेका रहेछन्, भनौँ शेर्पाहरूको अगुवाइमा कामदार आउन सुरु गरेका रहेछन् । उनीहरूसँगै मिसिएर अन्य जातिका मानिस पनि आउँछन्, तर नर्वेजियनले चाहिँ सगोलमा शेर्पा भन्दा रहेछन् ।

अगस्टको चौथो साता । दक्षिणी क्षितिजमा आँखा मिच्दै ब्युँझियो कलिलो घाम । घामको लाली उत्तरी आकाशतिर बसाइँ सऱ्यो क्रमशः । घाम पूर्वबाट उदाउँछ भनेर यो उमेरसम्म रटान दिने म अब घाम दक्षिणबाट पनि उदाउँछ भन्ने भएको छु । नर्वेमा यो समयदेखि हिउँदभरि घाम दक्षिण दिशाबाट झुल्कन्छ । अदृश्य बतास रुखहरूको मार्ग भएर मर्निङवाकमा निस्किरहेको थियो । जसलाई साधनारत रंगकर्मीझैँ रुखका हाँगा, पातहरूले साथ दिइरहेका थिए । पहाडी खोंचमा वास बसेका परदेशी बादल हस्याङफस्याङ गर्दै बाँकी गन्तव्यतिर लम्किरहेछ । पूर्वतर्फ फाल्कुम नदी ओरालो बगिरहेछ । सानो गाडीमा हामी (श्रीमती सानु, चन्द्रहाङ बोखिम दाइ र म) उत्तर उकालो गुडिरहेछौँ । सियन गुल्सेटबाट नोर्दागुटु, सुन्दे, ह्युकसेबु, नोत्तोदेन, हेड्डाल, सउलन्द, टुड्डाल हुँदै लगभग अढाइ घन्टाको समयमा ११२ किमि पार गरेर पुग्यौँ ‘गउस्ता’ । हामीलाई जानु थियो ‘तप्पेन’ । तब मात्र यात्रा पूरा हुन्थ्यो, गउस्तातप्पेनको ।

गउस्तातप्पेन

दक्षिणीपूर्वी नर्वेस्थित भेस्टफल्ड र ठेलमार्क राज्यमा अवस्थित छ, गउस्तातप्पेन हिमाल । लगभग ६० किमि क्षेत्रफल ओगटेर रहेको यो हिमाल यस क्षेत्रको सबैभन्दा अग्लो हो । समुद्री सतहदेखि १८८३ मिटर अग्लो यो क्षेत्र विशेषतः हिउँदमा ओरालो ‘स्की’ खेल्नका लागि विश्वमै नामुद क्षेत्र मानिन्छ । हिमालका प्रायः भूभाग ह्यार्टल नगरपालिका रहे पनि चुचुरो भने ठिक नगरपालिका पर्छ । ‘गउस्ता’ हिमालमुनि फैलिएको समथर क्षेत्रको नाम हो । जसको सतहदेखि अन्तिम चुचुरा, जसलाई नर्वेजियन भाषामा टप भनिन्छ ।

गाडी यतै पार्किङ गरेर अब पैदलयात्रा सुरु हुनेछ हाम्रो । सियनतिर न्यानो भए नि यता चिसो छिप्पिएछ । उसै पनि यहाँको केही भूभागमा बाह्रैमास हिउँ रहिरहन्छ । धन्न सानुजीलाई हावापानीको पूर्वअन्दाज भएकाले केही कपडा बोकिछन् । दाइ र मेरो त पहिलोपटक थियो । सामान्य आउटर मात्र लगाएर आएको मैले डिकी खोलेर भित्री हाइनेक लगाए । चन्द्र दाइ त झन् हाफपेन्टमा हुनुहुन्थ्यो । उहाँलाई पनि एक्स्ट्रा टाउजर दियौँ । घरबाटै लिएर आएको ब्रेड र कफी खायौँ ।

शार्पात्राप

हामी ‘गउस्ता’बाट तप्पेनतिर अघि बढ्यौँ ।

‘हामी नेपालीहरूका लागि यहाँको हिमाल त डाँडाजस्तै हो नि !’ भनेर नर्वेजियन साथीहरूलाई गफ लगाएको कुरा अब निस्किएलाजस्तो भयो । मेला भर्न निस्किएका झुन्डझैँ कपास-बादल शिरमाथि फुलेका छन् । बाटो उकालो लागिरहँदा दायाँबायाँ रहेका हेडर्सभान, अक्सलउभान,

प्रेम र विछोडका अनुपम गाथा

केही कथामार्फत घुमाउरो शैलीमा तामाङ समुदायमाथि राज्यबाट वर्षौँदेखि दमन भइरहेको व्यथा कथाकारले उजागर गरेका छन् । प्रत्येक कथाको अन्त्यमा तामाङ भाषामा प्रयोग हुने शब्दहरूको सरल रूपमा व्याख्या गरिएकाले सबै भाषाभाषीका पाठकका लागि कृति पठनीय बन्न पुगेको छ ।



निर्मल अर्याल
neermalaryal@gmail.com

समीक्षा

हतारको साहित्य अर्थात् पत्रकारितामा स्थापित भइसकेका भक्त स्याङ्तानको अन्ततः वास्तविक साहित्यमा पनि जबर्जस्त प्रवेश भएको छ । हालै सार्वजनिक पहिलो कृति ‘डम्फुको आत्मलाप’मा स्याङ्तानले प्राञ्जल शैलीमा आफ्नै परिवेशका कथाहरू प्रस्तुत गरी गतिलो कथाकारको छनक दिएका छन् । तामाङ समुदायको मौलिक परम्परा तथा संस्कृति वर्णित यस कृतिका कथाले प्रेम र विछोडका अनुपम गाथा चित्रण गरेका छन् । केही कथामार्फत घुमाउरो शैलीमा आफ्नो समुदाय (तामाङ)माथि राज्यबाट वर्षौँअघिदेखि दमन भइरहेको व्यथा कथाकारले उजागर गरेका छन् । प्रत्येक कथाको अन्त्यमा तामाङ भाषामा प्रयोग हुने शब्दहरूको सरल रूपमा व्याख्या गरिएकाले सबै भाषाभाषिका पाठकका लागि कृति पठनीय बन्न पुगेको छ ।

सबै कथामा सरल भाषाको प्रयोग गरिएको छ । शुद्धाशुद्धीमा विशेष ध्यान दिइएको छ । मानवीय संवेदनाले भरिएका वियोगान्त कथाका केही हरफहरूले पाठकलाई रुवाउनेसम्मको ल्याकत राखेको छ । त्यसैले होला साहित्यकार खगेन्द्र संग्रौलाले कृतिको अन्त्यमा लेखेका छन्, ‘वियोगान्तको विषादले पाठकको मानसमा पैदा गर्ने मार्मिक अनुभूतिमा यी कथाहरू स्मरणीय रहनेछन्’ । कथाकार स्याङ्तानले कथाको रहस्योद्घाटनका लागि प्रायः सबैजसो कथामा चिठीको प्रयोग गरेका छन् जुन किञ्चित अस्वाभाविक लाग्दैन । ‘फल्यास ब्याक’को प्रस्तुतिले कथाहरूलाई थप रोचक बनाएका छन् । एकैपटकको पढाइमा कथाको सबै सिलसिलाबद्ध कहानी याद नहुन पनि सक्छ । त्यसैले पाठक एउटै कथा पटकपटक पढ्न बाध्य



नर्वेमा 'शेर्पा'को नामले शेर्पासिँढी लोकप्रिय छ । एक घन्टाको उकालो पनि छिचोलेर हामी 'तप्पेन' अथवा टाकुरामा पुग्यौँ । जहाँ शेर्पाहरूले काम गर्दा खोपेको उनीहरूको नाम देख्यौँ, थर देख्यौँ । भूगोलको अर्को कुनामा आफ्नो देशका जातिको नाम, थर देख्दा खुसी लाग्ने रहेछ । त्योभन्दा बढी खुसी त्यतिवेला लाग्यो, जब हामीले 'नेपाल' देशको नाम पनि देख्यौँ ।

चढाउन थाले होलान् । एक दिन, दुई दिन, तीन दिन गर्दै देउराली बन्यो होला । यो मेरो अनुमान मात्र हो ।

हामीसँग त डाँडा, चुली, पहाड, महाभारत पहाड, हिमाल हुन्छन् । नर्वेमा मात्र हिमाल । होचो होस् या अग्लो सबै हिमाल । उसो त हिउँदमा डाँडाकाँडा सबै छोपेर सेतै बनाउँछ हिउँले, त्यसर्थ हिमालभन्दा अत्युक्ति नहोला । लगभग दुई किमि तेर्सो उकालो हिँडेपछि सुरु हुन्छ ठाडो उकालो । जहाँ यात्रुको सहजताका लागि ठुल्ठूला चट्टान काटेर मज्जाले सिँढी बनाइएको छ । जसलाई स्थानीय भाषामा 'शार्पात्राप' भनिन्छ । 'शार्पा'को अर्थ शेर्पा र 'त्राप'को अर्थ सिँढी हुन्छ । यहीं सिँढी नर्वेमा शेर्पासिँढीको नामले लोकप्रिय छ । एक घन्टाको उकालो पनि छिचोलेर हामी 'तप्पेन' अथवा टाकुरामा पुग्यौँ । जहाँ उनीहरूले काम गर्दा खोपेको उनीहरूको नाम देख्यौँ । थर देख्यौँ । भूगोलको अर्को कुनामा आफ्नो देशका जातिको नाम, थर देख्दा खुसी लाग्ने रहेछ । त्योभन्दा बढी खुसी त्यतिवेला लाग्यो, जब हामीले 'नेपाल'देशको नाम देख्यौँ । खोक्रो राष्ट्रियता र खोक्रो देशभक्तिजस्ता अतिवादी भावनाबाट हमेसा टाढा मलाई पनि देशप्रेमले सुम्सुमायो । विभिन्न बहानामा देशभित्र देशले नछोएको मलाई यो सुदूरउत्तरी गोलार्द्धको हिमाली बाटोमा बिछ्याइएको ढुंगामा खोपेको अक्षरको देशले अनौठो प्रेम जगायो ।

शार्पात्रापमा शेर्पाको यात्रा

नर्वेमा सन् २००५ देखि बर्खाको ऋतुको समयमा नेपालबाट सिजनल कामदारको रूपमा शेर्पाहरू आउन थालेका रहेछन्, भनौँ शेर्पाहरूको अगुवाइमा कामदार आउन सुरु गरेका रहेछन् । उनीहरूसँगै मिसिएर अन्य जातिका मानिस पनि आउँछन्, तर नर्वेजियनले चाहिँ सगोलमा शेर्पा भन्दा रहेछन् । शेर्पालाई नेपालको हिमालयमा बस्ने अत्यन्तै मजबुत ज्यान र सहनशील व्यवहार भएको भनेर जान्दछन् । प्रारम्भदेखि अहिलेसम्म दुई सयभन्दा बढी शार्पात्रापहरू निर्माण भइसकेका छन् । अन्य पनि बनिने क्रम जारी छ । प्राकृतिक हिसाबले नर्वेमा जति पनि लोकप्रिय टाकुरा गन्तव्यहरू छन् (त्रोलटुंगा, बार्गेन, सेराग, प्रेकेसतुलेन आदि) ती सबैमा पुग्नलाई शेर्पात्रापले सहजता दिएको छ । शार्पात्राप उक्लेर टाकुरामा पुगेपछि स्वाभाविक रूपमा चारैतिरको मनमोहक दृश्य देखिन्छ, तर यहाँ कुनै नेपालकोझैं कथित भ्युटावर नामक गलत संचरना निर्माण भएका छैनन्, कारण टाकुरा आफैंमा सर्यौं टावरभन्दा अग्लो स्थान हो ।

शार्पात्राप ठीक कि बेठीक ?

'शार्पात्राप'बारे टड्कारो बहस पनि चलिरहेको छ । धेरै नर्वेजियनहरूचाहिँ शार्पात्राप प्राकृतिक प्रकारको हुने भएको र आमपर्यटकलाई टाकुरा उक्लन सहज माध्यम भएकोमा सकारात्मक छन् भने केही वातावरण अभियन्ताहरू 'सहजताभन्दा महत्त्वपूर्ण कुरा प्रकृतिलाई नबिगारी/नछोई संरक्षण गर्नु हो,' भन्ने आवाज उठाइरहेका छन् ।

टाकुरामा अत्यन्तै चिसो थियो । भइपरी आउँदाको अवस्थालाई अन्दाज गरेर एउटा रेस्टुरेन्ट बनाइएको रहेछ । हामी पनि चिसोबाट जोगिन रेस्टुरेन्टभित्र छिर्यौं । कफी र 'लेप्से' (नर्वेजियन पारम्परिक रोटी) खायौं । शरीरमा न्यानोपन फर्किएसँगै रेस्टुरेन्टबाट आधा घन्टापछि निस्कियौं । बाहिर हल्का र क्षणिक वर्षा बर्सियो । चिसो पानीको थोपाहरूले हामीलाई चंगा बनायो । चिन्तामा सातो हराएको एकोहोरो बिरामीलाई फेदाडमाले स्याउलापानी छर्किदा झस्किएझैं भयौं । घर फर्किनलाई हामी शेर्पात्राप हुँदै पुनः ओरालियौं । पाइलाहरूले, सिँढीहरूले शरीरलाई ओह्रालिरह्यो, तर हाम्रा दाजुभाइले बनाएको बाटो भन्ने एकप्रकारको अपनत्वभावले गर्व र आनन्द पनि दिइरह्यो । त्यो यात्रा साँच्चै गर्वको जादुमयी उकालो उकालिरह्यो ।



फियलसन, मिकलेसतउभानलगायत पचासौं साना-ठूला तालहरूले होस्टेमा हँसे मिलाउँछन् । पाइला उक्लिँदै बढ्यो । आकाश ओरालिँदै झर्‍यो । उचाइ बढ्दै गयो । श्वास घट्दै गयो । मनसँगै आँखाहरू दूरसम्म पुग्दा टाढाका दृश्यहरू लजाएर छलिए । पार्किङ एरियाबाट जानलाई तीनवटा मार्ग रहेछन् । तेर्सो उकालो, ठाडो उकालो र केबुलकारमार्फत । हामीले तेर्सो उकालो चुन्यौं । यो अलिक लामो दूरी भएको मार्ग पनि हो । जाँदा-जाँदै बाटोमा साइनबोर्ड देखा पर्‍यो । जहाँ यो स्थानको बारेमा भएजति जानकारीको फेहरिस्त छ । त्यसपछि हामी सानो गोरेटो बाटो पछ्याएर उक्लियौं । बायाँपट्टि बाटोसँगै जोडिएको खोल्सीमा पानी कललल गीत आउँदै ओरालो लागिरहेथ्यो । उसको स्वर सुन्दै हामी उक्लिरह्यौं । एउटा, दुइटा, तीनवटा घुम्तीहरू छोडिँदै गए । बाटामा देउरालीमा झैं ढुंगाको रास देख्यौं । हामीले पनि ढुंगा चढायौं । अरूले पनि त्यसैगरी चढाउँदा रहेछन् । कहीं सानो-सानो माने देख्यौं । नेपालमा विश्वास, आस्था जोडेर देउरालीमा ढुंगा फाल्छौं । यहाँचाहिँ सम्भवतः सबैले गरेको देखेर अरूले पनि गर्दै गए होलान् । अथवा डाँडा उक्लनलाई दिशानिर्देश गर्न चिनोझैं राखे होलान् । सायद केही नर्वेजियन नेपाल घुम्न आउँदा यो देख्यो होला र नर्वे फर्किएपछि हिमाल उक्लँदा सुरु गरे होलान् । या शेर्पाहरू काम गर्न आउँदा-जाँदा यसरी ढुंगा


हुन सक्छन् । पाठकलाई यसरी पटकपटक कथा सम्झन बाध्य पार्नु नै कथाकार स्याङ्तानको सफलता हो ।

पहिलो कथा 'लुङदर'मा दावा र डोल्मुको वियोगान्त प्रेमकथालाई सजीव चित्रण गरिएको छ । दोस्रो कथा 'छ्योर्तेन'का मुख्य पात्र हुन् बुबा रिचेन दोर्जे र छोरा साङ्गे । साङ्गेको सपना साकार पार्न श्रीमती (चिरिमाया)को निधनपछि उनको स्मृतिमा बनाएको 'छ्योर्तेन' रहेको जमिनसमेत रिचेनले बेच्छन् । एउटा छोराका लागि बुबाले कतिसम्म त्याग गर्न सक्छ भन्ने तथ्यको ज्वलन्त उदाहरण हुन् रिचेन दोर्जे । तेस्रो कथा 'न्होरला' अर्थात् सम्पन्नताकी देवी । यस कथामा सम्बन्धविच्छेद गर्ने जोडी सोनिया र रामबहादुरको पुनर्मिलनका लागि छोरी न्होरलाले गरेको प्रयासबारे वर्णन गरिएको छ ।

चौथो कथा छेदिङमो' (आयुकी देवी) मा काभ्रेमा रहेको बौद्ध धर्मावलम्बीहरूको प्रमुख गन्तव्य नमोबुद्धको विविध पाटोबारे व्याख्या गरिएको छ । पाँचौं कथा 'जलजला' अमर र जलजलाको अव्यक्त प्रेमगाथा हो । अमर डिभी चिट्ठा परेर अमेरिका उडेलगत्तै चिठीमार्फत जलजलाको प्रेमबारे जानकार हुन्छन् र तड्पन थाल्छन् । जलजलासँगको प्रत्येक भेटको सम्झनाले उनलाई स्तब्ध बनाउँछ । वैभवशाली अमेरिकामा पनि उनी रमाउन सक्दैनन् र जलजलाको खोजीमा स्वदेश फर्कन्छन् । छैटौं कथा 'म्लाङ्गैको आपा'का मुख्य पात्र सुर्जेमान र उनकै छोरा म्लाङ्गै हुन् । चरम गरिबीमा जीवन निर्वाह गर्ने मजदुर परिवारको कहानी यहाँ वर्णित छ । कथामा सुर्जेमान छोराका लागि बुबाले गर्ने त्याग-तपस्याको अनुपम उदाहरण बनेका छन् । राजधानीमा संघर्षपछि गरिबले देख्ने सपनाको अंश पनि यहाँ छ । आन्दोलनको समयमा निहत्थामाथि हुने दमनको सिकार बुबा सुर्जेमान हुँदा छोरा म्लाङ्गैमाथि पर्ने बज्रपात नै कथाको मुख्य चुरो हो ।

'पेम्बाको कथा' शीर्षकको सातौं कथाका मुख्य पात्र हुन्- बम्जन थेवा, उनका छोरा पेम्बा र पेम्बाको प्रिय मित्र सोनाम । दैनिक जीवन गुजारा गर्न तामाङ समुदायले गर्नुपरेको मिहिनेत पढेर जोकोहीको आँखा रसाउँछ । बाल मनोविज्ञान पनि हाबी भएको यस कथामा पेम्बालाई विद्यालयमा 'मजाकको पात्र' बनाइँदा त्यसले निम्त्याएको परिणाम, अन्त्यमा शिक्षकमा हुने आत्मग्लानिसँगै पेम्बा र सोनामको असल मित्रता बयान गरिएको छ ।

आठौं कथा 'दलुचा' केही भिन्न परिवेशको छ । यहाँ विदेशीका सन्तानको पर्खाइमा रहेका राजधानीमा बस्ने वृद्ध नेवारदम्पतीको व्यथा उल्लेख गरिएको छ । न्हुच्छेमान र मतिना अमेरिकामा रहेका छोरा मनीष र अस्ट्रेलियामा रहेकी छोरी मनीषालाई कुरिरहन्छन् । छोराछोरीले नै वर्षौंपछि मातातीर्थ औंसीको दिन स्वदेश फर्कने आश्वासन त दिन्छन्, तर त्यो आश्वासनमै सीमित रहन्छ । भौतिक उपस्थितिको बदलामा छोराछोरीले मातातीर्थ औंसीको दिन केक पठाएपछि न्हुच्छेमान र मतिनाको घरमा कहिल्यै पनि दलुचा बल्दैन । यस अर्थमा वृद्ध बुबाआमाको मनोविज्ञानमाथि कुठाराघात गर्ने सन्ततिको कथा हो दलुचा ।



सबै कथामा सरल भाषाको प्रयोग गरिएको छ । मानवीय संवेदनाले भरिएका वियोगान्त कथाका केही हरफले पाठकलाई रुवाउनेसम्मको ल्याकत राखेको छ । कथाकार स्याङ्तानले कथाको रहस्योद्घाटनका लागि प्रायः सबैजसो कथामा चिठीको प्रयोग गरेका छन्, जुन किञ्चित अस्वाभाविक लाग्दैन ।

कृतिकै नामाकरण गरिएको नवौं कथा 'डम्फुको आत्मालाप'मा डम्फु पात्रलाई केन्द्रमा राखिएको छ । यहाँ साम्तेन म्हेम्हे र छ्योइसाङ मामको प्रेमको प्रतीकको रूपमा डम्फुलाई वर्णन गरिएको छ । कथामा च्याङ्बा र डेभिड पनि छन् । उनीहरू तामाङ समुदायका नयाँ पुस्ताका प्रतिनिधि पात्र हुन् । 'डम्फु' पात्र निर्जीव भए पनि लेखकले सजीव बनाइदिएका छन् । बेचिएपछि सम्तेन म्हेम्हेलाई सम्झिँदै डम्फुले गरेको स्मरणले तामाङ समुदायको संस्कृति प्रतिबिम्बित गरेको छ । तामाङहरूको जीवनमा डम्फुको विशेष महत्त्व छ । उनीहरू जन्मदेखि मृत्युसम्मै डम्फुको साथमा हुन्छन् । यति विशेष डम्फुको भने आफ्नै विरक्त लाग्दो कहानी छ । त्यही कहानीलाई कथाकारले 'डम्फुको आत्मलाप'मार्फत व्यक्त गरेका हुन् । कथाकारकै शब्दमा यहाँ प्रतीकात्मक रूपमा डम्फु तामाङ समुदाय आफैं हो, जसलाई सबैले प्रयोग मात्र गर्दै आएका छन्, उपादेयता पनि बुझेकै छैनन् ।

दशौं कथा 'याम्बुमा लाक्पाको संघर्ष'को मुख्य पात्र लाक्पा र पाराङ हुन् । समय र परिवेशले एउटा सामान्य व्यक्तिलाई कसरी गलत कित्तामा उभ्याइदिन्छ भन्ने कहानी यहाँ छ ।

अन्तिम तथा एघारौं कथा 'बुढ्ढे गलबन्दी'मा मुख्य पात्र कारसाङ र पाल्मोको प्रेमकथा चित्रित गरिएको छ । पाल्मोले कारसाङका लागि बुढ्ढे गलबन्दी बुनेकी हुन्छिन् । तर, बुढ्ढे गलबन्दी कारसाङलाई उपहार दिने पाल्मोको सपना अधुरै रहन्छ । त्यसैले कारसाङलाई सम्बोधन गरिएको चिठीमा पाल्मो लेख्छिन्, 'गोठालो जाँदा तिमीले मेरो चुल्ठोमा सिउरिदिएको उही गुराँसको रातो रङ सापटी लिएर गलबन्दी बुनिदिएको छु । जाडो हुँदा लगाउन नबिर्स । यो अधुरो गलबन्दीजस्तै यो जुनीमा हाम्रो माया पनि अधुरो नै रह्यो ।' (पृष्ठ २१६)

निचोडमा 'डम्फु' बजाउँदै नेपाली साहित्यमा प्रवेश गरेका कथाकार स्याङ्तानको साहित्यिक भविष्य उज्ज्वल छ । उनीबाट नेपाली साहित्यले अझ धेरै अपेक्षा गर्नु स्वाभाविक नै हो ।

महोत्सवमार्फत बिपी र युवालाई जोड्न खोज्दै छौं



संवाद
बद्री पाण्डे, संयोजक
बिपी साहित्य सम्मेलन, मूल तयारी समिति

नेपाली कांग्रेसले पहिलोपल्ट पार्टीका संस्थापक नेता बिपी कोइरालाको जन्मजयन्तीको अवसर पारेर कोइरालाका साहित्य र राजनीतिका विविध पाटामा विहंगम बहस गराउने र त्यसलाई युवा पुस्तामाझ सञ्चारित गराउने उद्देश्यले यही २४, २५ र २६ भदौमा बिपी साहित्य महोत्सव आयोजना गर्दै छ । महोत्सव आयोजना गर्नुको उद्देश्य र यसको तयारीबारे मूल तयारी समितिका संयोजक तथा कांग्रेस सहमहामन्त्री बद्री पाण्डेसित हरिशरण खनालले गरेको कुराकानीको सम्पादित अंश–

बिपी साहित्य सम्मेलन किन गर्दै हुनुहुन्छ ?

हामीले बर्सेनि बिपीलाई सम्झेर विशेष गरी बिपी स्मृति दिवस (६ साउन) र बिपी जयन्ती (२४ भदौ) मा पार्टी र पार्टीका भ्रातृ तथा शुभेच्छुक संस्थामार्फत देशभरि र देशबाहिरसमेत विभिन्न कार्यक्रम गरी उहाँका विचारलाई पुनर्ताजगी गर्दै आएकै थियौं । तर, बिपीको राजनीति, साहित्य र विचारका विविध आयामलाई एकीकृत ढंगले बृहत्तर रूपमा एकैपटक छलफलमा ल्याऔं र नयाँ पुस्तामाझ बिपीलाई नवीकरण र हस्तान्तरण पनि गराऔं भन्ने उद्देश्यले यो साहित्य महोत्सव गर्न लागेका हौं । यो कार्यक्रम गर्ने भनी पार्टीको केन्द्रीय समितिबाटै निर्णय गरेका थियौं । यसपटक पार्टीका मूल नेताबारे पार्टी केन्द्रीय कार्यालयबाटै यो साहित्य महोत्सव प्रारम्भ भयो भने आगामी दिनमा अन्य तहमा विभिन्न निकायले पनि अग्रसरता लिएर यसलाई थप विस्तारित गर्नेछन् भन्ने अभिप्रायले यो महोत्सव आयोजना गरिएको हो । यसबाट बिपीको साहित्य र विचारप्रति युवा आकर्षण बढ्नेछ र पठन संस्कृतिको समेत विकास हुनेछ भन्ने हाम्रो बुझाइ रहेको हुनाले एउटा बृहत् उद्देश्य र ठूलो महत्त्वाकांक्षाका साथ यो महोत्सव आयोजना गरेका हौं ।

साहित्य, कला र संगीतजस्ता विषयलाई राजनीतिदेखि अलग राख्नुपर्छ भन्ने आवाज पनि उठ्ने गरेको छ । यस्तो अवस्थामा पार्टीले यसरी कार्यक्रम गर्दा बिपीचाहिँ कांग्रेसका मात्र नेता या साहित्यकार हुन् भन्ने छाप त लाग्दैन नि ?

यसबारे हामी निकै सचेत छौं । बिपी साहित्य महोत्सवको आयोजना कांग्रेसले गरे पनि यसमा साहित्य र लेखनको क्षेत्रमा काम गर्ने नेपाली लेखक संघलगायत संघसंस्थाहरूको प्रत्यक्ष सहयोग लिएका छौं । प्यानलिस्ट, वक्ता र सहजकर्ता तय गर्ने क्रममा हामीले 'ए बी सी डी' सूत्र निर्माण गरेर नयाँ प्रयोग गरेका छौं । ए अर्थात् अन्य, जो कांग्रेस पनि होइन र कम्युनिस्ट पनि होइन । बी अर्थात् वामपन्थी । सी अर्थात् कांग्रेस र डी अर्थात् डेमोक्रेट, जसले आफूलाई डेमोक्रेट भने पनि कांग्रेस भन्न चाहँदैन । यसरी हामीले यही सूत्रअनुसार प्यानलिस्ट, वक्ता र सहजकर्ता चयन गरेका छौं । हामीले अन्य राजनीतिक दलहरूलाई पनि निमन्त्रणा दिएका छौं । काठमाडौं उपत्यकाभित्रका स्थानीय तहमार्फत तत्तत् स्थानका विभिन्न व्यक्तित्वलाई पनि श्रोताका रूपमा महोत्सवमा सभागिताका लागि आमन्त्रण गरेका छौं । स्थान कांग्रेसको पार्टी कार्यालय नै हो । आयोजक कांग्रेस नै हो । तर, बिपी कोइराला सबैका साझा हुन् । उनको व्यक्तित्व एउटा पार्टी, वर्ग र समुदायभित्र मात्र सीमित छैन । उनको व्यक्तित्वको प्रभाव राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समेत फैलिएको छ । यसलाई ध्यानमा राखेर हामीले महोत्सव आयोजना गरिरहेका छौं । महोत्सवमा धेरै विदेशी पाहुनालाई निम्त्याउन नसके पनि हामीले जेएनयूका विशिष्ट प्राध्यापक आनन्द कुमारलाई निम्त्याएका छौं । उहाँले महोत्सवमा 'मार्क्स, गान्धी एन्ड बिपी, क्वेस्ट फर डेमोक्रेटिक सोसलिज्म टुडे' शीर्षकमा आफ्नो सम्भाषण प्रस्तुत गर्दै हुनुहुन्छ । हामीले बिपी कोइरालालाई कांग्रेसभित्र मात्र सीमित गर्न खोजेका छैनौं ।

पार्टीले नै बिपीको लाइन छाड्दै गएको र बिपीलाई बिसिँदै गएकोजस्ता प्रश्न उठिरहेको समयमा यो महोत्सवमार्फत नयाँ पुस्तालाई बिपीसित कसरी जोड्न खोज्दै हुनुहुन्छ ?

कार्यान्वयनका दृष्टिले कांग्रेस र उसले नेतृत्व गरेको सरकार बिपीको बाटामै छन्, लोकतान्त्रिक समाजवादबाट दायाँबायाँ भएका छैनन्, हामीले कहींकतै कमी-कमजोरी गरेका छैनौं, भन्दिनँ म । बिपी विचार कार्यान्वयनका सन्दर्भमा हामीबाट थुप्रै कमी-कमजोरी भएका छन् । हामीले भनेजस्तो बिपी विचारलाई व्यवहारमा उतार्न र कार्यान्वयन गर्न कुशलता देखाइरहेका छैनौं । तर, हामीले बनाएको संविधान समावेशिता, लोककल्याणकारी राज्य स्थापना, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रबन्ध, बहुलवाद, शिक्षा, स्वास्थ्यजस्ता मौलिक हक र समाजवादउन्मुख शासन प्रणालीप्रति प्रतिबद्ध छ । यसबाट पनि प्रस्ट हुन्छ, हामीले बिपी कोइरालाको लोकतान्त्रिक समाजवादको बाटो बिर्सेका छैनौं । यद्यपि, हामीले कार्यान्वयनमा भने थप तदारुकता, इमानदारी, निष्ठा र योग्यता देखाउनुपर्नेछ ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्दा बिपी कोइरालालगायत तत्कालीन नेताहरूले परिकल्पना गरेको डेमोक्रेटिक सोसलिज्म एक सफल राजनीतिक प्रणाली अझ अर्थ राजनीतिक प्रणालीका रूपमा स्थापित भएको छ । अहिले जति पनि देशहरू मानव विकास सूचकांक (एचडिआई) मा अगाडि छन्, तिनले डेमोक्रेटिक सोसलिज्मलाई नै लागू गरेका छन् । त्यसैले पनि बिपी कोइरालाले परिकल्पना गरेको डेमोक्रेटिक सोसलिज्म आज झनै सान्दर्भिक भएर गएको छ । यसलाई छाड्ने होइन, निष्ठापूर्वक कार्यान्वयनको दिशामा जानुपर्छ । यसैबाट आमयुवामा समेत आशाको सञ्चार गर्न सकिन्छ । साहित्य महोत्सवको पूर्वतयारीका क्रममा हामी विभिन्न क्याम्पससम्म पुगेका छौं । हामीले त्यहाँका स्वविय्यूमार्फत विद्यार्थीलाई यस महोत्सवसित जोड्ने प्रयत्न गरेका छौं । हामीले तय गरेका १२ वटा सेसन र तीनवटा सम्भाषणमा युवा विद्यार्थीको रुचि, चासो र अध्ययनको विषयअनुरूप महोत्सवमा दर्शक, श्रोताका रूपमा सहभागी हुने व्यवस्था मिलाएका छौं । त्यसैले, यस महोत्सवका विभिन्न सेसनमा बसेर बढीभन्दा बढी लाभान्वित हुने युवापुस्ताको उपस्थिति रहने हाम्रो अपेक्षा छ ।

महोत्सवमा कस्ता-कस्ता सेसन समावेश गर्नुभएको छ ? वक्ता र सहजकर्ता कसरी चयन गर्नुभएको छ ?

बिपी कोइरालाको व्यक्तित्व जसरी बहुआयामिक छ, यो महोत्सवमा त्यसैगरी बहुआमायिक क्रियाकलाप आयोजना गरिनेछ । बिहान ६ बजेदेखि पार्टी कार्यालयसँगै रहेको बिपी स्मृति पार्कमा खेलकुद र रक्तदान कार्यक्रम आयोजना हुनेछ । यसको संयोजन लोकतान्त्रिक खेलकुद संघले गर्दै छ । त्यसपछि हामीले वृत्तचित्र (हाइज्याकिङ फर डेमोक्रेसी) तथा बिपी र लोकतन्त्रसित जोडिएका दुइटा चलचित्र (वीर गणेशमान र तीन घुम्ती) प्रदर्शन गर्नेछौं । कार्यक्रमको उद्घाटन पार्टी सभापति शेरबहादुर देउवाले गर्नुहुनेछ । पहिलो दिन प्राध्यापक अभि सुवेदीले 'बिपीको साहित्य सिर्जना र जीवन दर्शन' शीर्षकमा आफ्नो सम्भाषण प्रस्तुत गर्नुहुनेछ । दोस्रो दिन प्राध्यापक आनन्द कुमारको 'मार्क्स, गान्धी एन्ड बिपी, क्वेस्ट फर डेमोक्रेटिक सोसलिज्म टुडे' शीर्षकमा सम्भाषण प्रस्तुत हुनेछ । तेस्रो तथा अन्तिम दिन प्राध्यापक केदारभक्त माथेमाले बिपीको समाजमावादमा शिक्षा कस्तो हुन्थ्यो होला ? शीर्षकमा आफ्नो सम्भाषण प्रस्तुत गर्नुहुनेछ ।

बिपी कोइरालाको व्यक्तित्व जसरी बहुआयामिक छ, यो महोत्सवमा त्यसैगरी बहुआमायिक क्रियाकलाप आयोजना गरिनेछ । बिपी र लोकतन्त्रसित जोडिएका दुइटा चलचित्र (वीर गणेशमान र तीन घुम्ती) प्रदर्शन गर्नेछौं । त्यसैगरी प्राध्यापक आनन्द कुमारको 'मार्क्स, गान्धी एन्ड बिपी, क्वेस्ट फर डेमोक्रेटिक सोसलिज्म टुडे' शीर्षकमा सम्भाषण प्रस्तुत हुनेछ ।

पहिलो दिनमा 'बिपीका दृष्टिमा बिपी', 'बिपीका आख्यानमा मनोविश्लेषण', 'साहित्यमा पर्यावरण', 'नेपालको मातृभाषा साहित्य'लगायत शीर्षकमा फरक-फरक सेसन सञ्चालन हुनेछन् । पहिलो दिनको अन्त्यमा २० जना कविहरूको कविता साँझ हुनेछ । दोस्रो दिन 'बिपीले नपाएका १५ वर्ष', 'बिपीका आख्यानमा मधेस', अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी', 'युवा स्रष्टामा बिपी पठन' शीर्षकमा सेसन सञ्चालन हुनेछ । अन्तिममा ३० जना गजलकारको गजल साँझ प्रस्तुत हुनेछ । तेस्रो तथा अन्तिम दिन 'समावेशिता, सामाजिक रूपान्तरण र बिपी', 'समय र सवार्ल्टन', 'बिपीका आख्यानमा नारी', 'परिवारले बुझेका बिपी' शीर्षकमा विभिन्न सेसन आयोजना हुनेछन् र अन्त्यमा कुटुम्ब ब्यान्डको सांगीतिक साँझ प्रस्तुत हुनेछ । यी सम्पूर्ण सेसनमा डा. बाबुराम भट्टराई, प्रदीप ज्ञवाली, कृष्ण खनाल, भुवन ढुंगाना, सिके लाल, तीर्थबहादुर श्रेष्ठ, साधना प्रतीक्षा, संगीता रायमाझी, चन्द्र किशोर, हरि शर्मा, विपिन अधिकारी, अच्युत वाग्ले, सनत रेग्मी, नयनराज पाण्डे, मञ्चला झा, प्रा. सञ्चिता बर्मा, बुद्धिसागर, सरस्वती प्रतीक्षा, आहूति, मोहना अन्सारी, चित्रलेखा यादव, तारालाल श्रेष्ठ, शेखर कोइराला, सुजाता कोइराला, शशांक कोइरालालगायत वक्ता रहनुहुनेछ । पार्टीका दुवै महामन्त्री गगनकुमार थापा, विश्वप्रकाश शर्मा तथा पत्रकार सुधीर शर्मा, जगत् नेपाललगायत सहजकर्ता रहनुहुनेछ ।

परम्परागत सीप सिकाउँदै सामुदायिक विद्यालय

सधैँ किताब-कपीको भारी बोकेर स्कुल हिँड्ने विद्यार्थी शुक्रबार नजिकिएसँगै व्यावहारिक ज्ञान सिक्न पाएपछि खुसी हुन थालेका छन्



बुक फ्री डे (शुक्रबार)मा टपरी र दुना गाँस्न सिक्दै पञ्चकन्या आधारभूत विद्यालयका विद्यार्थी

शिवहरि घिमिरे
journalistshiv2015@gmail.com

शिक्षा

काठमाडौं महानगरपालिका-४ लड्टुंगिनस्थित पञ्चकन्या आधारभूत विद्यालयमा कक्षा ८ मा पढ्ने सरिता बुढालाई सालको पात भन्ने थाहा थियो, तर त्यसबाट दुनाटपरी बन्छ भन्ने सुनेकी पनि थिइनन् । विद्यालयका शिक्षकले उनलाई सालको पात र सिन्काबाट टपरी र दुना गाँस्न सिकाए । अहिले उनी दुनाटपरी बुन्न सिपालु भइसकेकी छिन् । 'मैले सालको पात भनेर सुनेकी त थिएँ, तर त्यसबाट के-के बन्छ भन्ने थाहा थिएन,' उनले सुनाइन्, 'स्कुलमै मैले सालको पात गाँसेर दुनाटपरी गाँस्न सिकेँ, अहिले मलाई यो काम राम्ररी आउँछ ।' त्यसो त सरितालाई विभिन्न पुराना लुगाबाट टालो सिलाउन र मोजा बनाउन पनि विद्यालयले सिकाएको छ । पढाइमा मेधावी उनी विद्यालयमै सिकेर घरमा खानेकुरा पनि राम्ररी बनाउन सक्छिन् । घरमा आमालाई पनि सघाउँछिन् ।

सोही विद्यालयमा कक्षा ७ मा पढ्ने सञ्जित तामाङलाई पनि अहिले सालको पात र सिन्काको सहयतामा टपरी गाँस्न आउँछ । 'मलाई पहिले यस्तो काम आउँदैनथ्यो, घरमा नसिकेको कुरा स्कुलमा सिक्न पाइयो,' उनले सुनाए, 'यसबाहेक हाम्रो स्कुलमा म्युजिक र डान्सको कक्षा पनि हुन्छ ।'

काठमाडौंको बौद्धमा रहेको जनकल्याण माविमा कक्षा ७ मा अध्ययनरत रानीकुमारी ठाकुरलाई अहिले सिलाइबुनाइ सिक्न भ्याइनभ्याइ छ । उमेरले ११ वर्षीया उनी बिहानै ६ बजे नै स्कुलमा आइपुग्छिन् । स्कुलको टेलरिङ कक्षमा गएर लुगा सिलाउन मेसिनको सियोमा धागो राख्छिन् । स्कुलले उपलब्ध गराएको कपडा कैँचीले काट्छिन् र त्यसलाई सिलाएर लुगाको आकार दिन्छिन् । 'आज मैले टोपी सिलाएँ, अन्य लुगा पनि सिलाउन सिक्दै छु,' मंगलबार जनकल्याणको टेलरिङ कक्षमा भेटिएकी उनले सुनाइन्, 'अब अरू लुगा पनि सिलाउन सिक्छु, मलाई यस्तो काम गर्न रहर लागेको छ ।' रानीकुमारीसँगै टेलरिङ कक्षमा पेटीकोटको इजार सिलाउँदै थिए अन्य थुप्रै छात्रा । यहाँ धेरैजसो विद्यार्थीले दुई महिनादेखि टेलरिङको काम सिक्नलाई बिहानैदेखि विद्यालयमा धाउने गरेका छन् । दुई महिनाको अवधिमा हालसम्म अधिकांश विद्यार्थीले टोपी सिलाउन, रुमाल बनाउन, पेटीकोट सिलाउन, इजार बनाउन सक्ने भइसकेका छन् । जनकल्याणमा बाबुदिन मियाँ मन्सुरीले विद्यार्थीलाई टेलरिङसम्बन्धी तालिम दिने गरेका छन् । 'माथिल्लो कक्षाका भन्दा पनि सानै कक्षाका विद्यार्थीले टेलरिङमा रुचि देखाएका छन्,' उनले सुनाए, 'एक वर्षको अवधिमा करिब पाँच सयजना विद्यार्थीले यो तालिम लिएका छन्, उनीहरूले आफूलाई चाहिने कुरा सिकेका छन् ।' उनका अनुसार टेलरिङ कक्षामा विद्यार्थीलाई सबै प्रकारका लुगा सिलाउन सिकाइन्छ । तर, विद्यार्थीको उमेर समूहका आधारमा उनीहरूलाई पहिलो चरणमा सामान्य र सजिलो प्रकारले सिलाउन सकिने लुगा सिलाउन सिकाइने गरिएको छ । जनकल्याण माविले एक वर्षअघिदेखि नै विद्यार्थीलाई सिलाइबुनाइ सिकाउन थालेको थियो । त्यसका लागि शिक्षकको समेत व्यवस्था गरिएको छ भने बिहान र बेलुकीको समयमा विद्यार्थीले सिलाइबुनाइ तालिम लिने गरेका छन् । तालिम लिनेहरू कक्षा १ देखि १० सम्मका विद्यार्थी छन् । तर, तालिम लिनेमा अधिकांश छात्र छन् । बिहान दुई घन्टा यो तालिम लिएपछि उनीहरू घर गएर खाना खाएर पुनः नियमित विद्यालय आउने गरेका छन् । यसबाहेक जनकल्याणले विद्यार्थीलाई वाद्यवादनसम्बन्धी संगीत कक्षा पनि सञ्चालन गर्ने गरेको छ । सो कक्षा पनि बिहानीको समयमा सञ्चालन हुने गरेको छ ।

आधुनिकता र सहरीकरणले विर्सांउन लागेका परम्परागत सीप र ज्ञान सिकाउने थलो बनेको छ, राजधानीका केही सामुदायिक विद्यालय । सहरी क्षेत्रमा जन्मिएको र यहीँ हुर्किएका विद्यार्थीले किताबबाहेक व्यावहारिक ज्ञान सिक्न पाउँदैनन् । समाजका परम्परात, सीप, रहनसहन र संस्कृति केही पनि बुझ्न पाउँदैनन् । तर, त्यस्ता विद्यार्थीलाई लक्षित गर्दै सामुदायिक विद्यालयले परम्परागत संस्कृति र सीप सिकाउन थालेका छन् । काठमाडौं महानगरले रैथाने तथा परम्परागत र व्यावहारिक सिकाइका लागि भन्दै शुक्रबारलाई 'बुक फ्री डे' पनि बनाएको छ । यस दिन झोलामा किताब बोकेर जानुनपर्ने र विद्यार्थीलाई मनोरञ्जनमूलक, संस्कृति र सीपमूलक कक्षा विद्यालयले सञ्चालन गरिहेका छन् । पुरानो पेसा-व्यवसायबारे ज्ञान दिने, विद्यार्थीलाई नै सामेल गराएर सिकाउने, संस्कृति तथा बाजागाजा बजाउन सिकाउने, विद्यार्थीमा भएको प्रतिभा उजागर गर्नेलगायत ज्ञान सामुदायिक विद्यालयले दिन थालेका छन् । 'आधुनिकतासँगै समाजका परम्परागत कुरा नयाँ पुस्ताले भुल्दै छन्, हामीले उनीहरूलाई पुराना कुरा स्मरण गराउँदै आत्मनिर्भर बनाउने गरी शिक्षा दिइरहेका छौँ,' जनकल्याण माविकी प्रअ कुमारी कमला राईले भनिन्, 'जति पनि रैथाने सीप तथा संस्कृति छन् हामीले विद्यार्थीलाई सिकाउँछौँ, यसले उनीहरूलाई आत्मनिर्भर र समाजको वास्तविकता बुझ्न सघाउँछ ।' पञ्चकन्या विद्यालयकी प्रअ विनिता रञ्जितले पनि आधुनिकतासँगै लोप हुन लागेका सीप र तथा व्यवसायका बारेमा विद्यार्थीलाई सिकाउन आवश्यक रहेकाले उनीहरूलाई किताबी ज्ञानसँगै बाहिरी ज्ञान पनि दिइँदै आएको बताइन् । 'हामीले विद्यार्थीलाई समाजको बाटो देखाउनुपर्छ, हिजोको हाम्रो रहनसहन र संस्कृति पनि सिकाउनुपर्छ,' उनले भनिन्, 'यसका साथै आधुनिक शिक्षामा पनि हामीले जोड दिएका छौँ ।'



जनकल्याण माविमा टेलरिङ सिक्दै विद्यार्थी

काठमाडौं महानगरपालिकाले शिक्षामा सीप योजनालाई अघि सार्दै हरेक शुक्रबार कक्षा १० सम्म 'बुक फ्री डे' बनाउनुपर्ने नियम लागू गरिसकेको छ । ५ जेठमा यो नियम लागू भएसँगै विद्यालयले विद्यार्थीलाई व्यावहारिक र जीवनोपयोगी ज्ञानसीप सिकाउन थालेका छन् । सधैँ किताब-कपीको भारी बोकेर स्कुल हिँड्ने विद्यार्थी शुक्रबार नजिकिएसँगै खुसी हुन थालेका छन् । अरू दिन स्कुल जान कर गर्नुपर्ने बालबालिका शुक्रबार भने खुसीखुसी जाने गरेका छन् । त्यसको आकर्षण भनेको विद्यालयको सिकाइ शैली नै हो ।

'घरमा सिकेका कुरालाई पाठसँग जोड्नुपर्छ'

शिक्षाविद् विद्यानाथ कोइराला पछिल्लो समय केही सामुदायिक विद्यालयहरूले सिकाइ सुधारमा फड्को मारेको बताउँदै उक्त कदम सकारात्मक भएको बताउँछन् । 'देशका शिक्षा र स्वास्थ्यसम्बन्धी धेरै नियम अझै पालना भएका छैनन्, तर पछिल्लो समय केही विद्यालयले आशा जगाउने काम पनि गरेका छन्, मौलिक र रैथाने ज्ञान सिकाउने, आत्मनिर्भर बनाउने गरी पठनपाठन पनि सुरु गरेका छन्,' उनी भन्छन्, 'काठमाडौं महानगरले पनि यसमा राम्रो गरेको पाइन्छ, यसबाहेक अब महानगरले निजी र सरकारी विद्यालयबीचको सहकार्यको डिजाइन बनाउनुपर्छ, नमुनाका रूपमा रहेका सरकारी विद्यालय राम्रा देखिए पनि अधिकांश कमजोर छन् । अब निजी र सामुदायिक विद्यालय नमुना विद्यालय बन्नका लागि एउटा मानक चाहिन्छ ।' उनले बुक फ्री डे वा यस्तै कुनै सिकाइसँग सम्बन्धित गतिविधिमा घरमा सिकेका कुरालाई पाठमा कसरी जोड्ने भनेर जोड्दा अझै राम्रो हुन्छ भन्ने विषयलाई ध्यान दिनुपर्ने शिक्षाविद् कोइरालाको भनाइ छ । त्यस्तै, विद्यार्थीको रुचिअनुसारको सीप क्षमता दिन आवश्यक रहेको उनको धारणा छ ।

काठमाडौं महानगरपालिकाले शिक्षा क्षेत्रमा यस वर्षअघि सारेका महत्त्वाकांक्षी योजना 'गरिखाने शिक्षा महानगरको इच्छा' र 'स्वर्णिम विद्यालय परियोजना' अघि सारेको छ । यो कार्यक्रम कार्यान्वयनको चरणमा छ । 'गरिखाने शिक्षा महानगरको इच्छा'लाई महानगरले गौरवको योजनामा राख्दै विद्यालयसँग व्यापक छलफल अघि बढाएको शिक्षा विभागले जनाएको छ । यो कार्यक्रमअन्तर्गत विद्यार्थीको सिकाइलाई व्यावहारिक सीप र रोजगारसँग जोड्ने महानगरको योजना छ । त्यसका लागि छलफल गर्न महानगरले शुक्रबार र शनिबार धुलिखेलमा गोष्ठीसमेत आयोजना गरेको थियो । महानगरभित्र रहेका ८९ वटै सामुदायिक विद्यालयका शिक्षकलाई सहभागी गराएर महानगरले सिकाइमूलक शिक्षामा ध्यान दिन प्रअहरूलाई निर्देशन दिएको थियो । मेयर बालेन्द्र साहले नै 'गरिखाने शिक्षा महानगरको इच्छा'को योजना अघि सारेका थिए । यस कार्यक्रमअन्तर्गत विद्यार्थीको सीप विकास गर्ने, पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालन गर्ने, विद्यालयमैत्री सीप विकास कार्यक्रम सञ्चालन गर्ने, शिक्षण सिकाइमा सुधार ल्याउने, असल अभ्यासको आदान-प्रदान गर्ने, नतिजा सुधार गर्ने, रोबोटिक कार्यक्रम सञ्चालन गर्नेलगायत पर्छन् । यसको कार्यान्वयनका लागि विद्यालयका प्रअहरूसँग छलफल गरिएको विभाग प्रमुख कोइराला बताउँछन् । उनका अनुसार महानगरकै अर्को कार्यक्रम 'स्वर्णिम विद्यालय परियोजना' अन्तर्गत विद्यालयमा भौतिक र मानवीय स्रोत चुस्त बनाउने, वातावरण सहज र शान्त पार्ने, विद्यालय सिँगारपटार गर्ने, बाल क्लब स्थापना गर्ने, पूर्वविद्यार्थीबीच भेटघाट गराउने, अनुगमन र मूल्यांकन गर्नेलगायत कार्यक्रम समावेश छ ।

> काठमाडौं महानगरपालिकाले शिक्षामा सीप योजनालाई अघि सार्दै हरेक शुक्रबार कक्षा १० सम्म 'बुक फ्री डे' बनाउनुपर्ने नियम लागू गरिसकेको छ । ५ जेठमा यो नियम लागू भएसँगै विद्यालयले विद्यार्थीलाई व्यावहारिक र जीवनोपयोगी ज्ञानसीप सिकाउन थालेका छन् ।

बाफलस्थित हर्टल्यान्ड एकेडेमीले बिहीबार 'डेमोक्रेटिक डे' मनाउने गर्छ । यस दिन स्कुलमा विद्यार्थीको रोजाइ चल्छ । सातामा पाँच दिन शिक्षकको रोजाइअनुसारको शिक्षा र एक दिन भने विद्यार्थीको रोजाइमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने भएकाले यस दिनलाई 'डेमोक्रेटिक डे' भनिएको छ । यो दिन विद्यार्थीलाई 'डेमोक्रेटिक डे' पर्वझैँ लाग्छ । अर्थात्, उनीहरू स्वतन्त्र भएर आफूलाई इच्छा भएको कुरा सिक्छन् । कोही गीत गाउँछन् । कोही बारीमा काम गर्छन्, कोही खेल्छन् भने कोही ल्याबमा जान्छन् । त्यस्तै कम्प्युटर सिक्ने, डान्स सिक्ने, किचेनको काम सिक्नेलगायत गतिविधिमा सहभागी हुन पाउँदा विद्यार्थीहरू निकै खुसी देखिन्छन् । विद्यार्थीलाई बिहीबार व्यावहारिक सिकाइका लागि बाजा, ड्रम, मादल, बाँसुरीलगायत सामग्री राखिएको छ । त्यस्तै, डान्स सिक्नेहरूका लागि छुट्टै विभाग छ । कृषि तथा खेतीपाती सिक्न छुट्टै बारी छ । किचेनसम्बन्धी काम सिक्न क्यान्टिन छ । विद्यार्थीलाई सम्झाइबुझाइ गर्न मनोपरामर्श विभागसमेत छ । हरेक विभागको लिडर तोकिएको छ । बिहीबार १० देखि बेलुकी ४ बजेसम्म विद्यार्थीले एक-एक घन्टाको दरले लगभग सबै विभागमा गएर सिक्न र मनोरञ्जन लिन पाउँछन् । विद्यालयका प्रशासक भीमसिंह साउदले बिहीबारको कक्षा सञ्चालनका लागि छुट्टै स्रोत-साधनसमेत रहेको बताउँदै आठ वर्षदेखि नै यस्तो शिक्षा सुरु गरिएको जानकारी दिए ।

विश्वविद्यालयसम्म रैथाने ज्ञानको चर्चा

स्कुल तहमा मात्रै होइन, नेपालको रैथाने सीप र प्रविधिको सस्थागत विकासका लागि विश्वविद्यालय तहसम्म नै यस्तै किसिमको शिक्षा सुरु गर्न लागिएको छ । सरकारले रैथाने विश्वविद्यालय सञ्चालनको तयारी पनि गरिरहेको छ । हाल मुलुकमा स्थापित विश्वविद्यालयले रैथाने सीप, कला र संस्कृतिलाई सम्बोधन गर्न नसकेको भन्दै मौलिक ज्ञान, कला, सीप, संस्कृति र सम्पदा जगेर्ना गर्न यस्तो विश्वविद्यालय सञ्चालनको तयारी गरिएको हो । नेपालमा स्वदेशी ज्ञान, सीप, संस्कृति र समग्र सम्पदामा धनी मानिए पनि यसमा केन्द्रित प्राज्ञिक संस्था स्थापना हुन सकेका छैनन् । अहिले नेपालमा भइरहेको आधारभूत र उच्च शिक्षा आयातित ज्ञानबाट सुरु भएको पाइन्छ । यी विश्वविद्यालयले रैथाने संस्कृति र सभ्यतालाई सम्बोधन गरेको पाइन्न । सोहीकारण रैथाने सीप र कलामा आधारित विश्वविद्यालयको योजना अघि बढाइएको हो ।

नेपालमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले बालबालिकालाई अंग्रेजी पढाउने उद्देश्यले औपचारिक रूपमा प्राथमिक शिक्षाको सुरुवात गरेका थिए । नेपालमा पहिलो उच्च शैक्षिक संस्था त्रिचन्द्र कलेजमा सन् १९१९ मा कोलकाता र पटना विश्वविश्वविद्यालयका पाठ्यक्रम निर्धारण गरिएका थिए । त्यसपछि त्रिभुवन विश्वविद्यालयको स्थापनापछि आधुनिक शिक्षा दिन थालिएको हो । बाह्य शिक्षाको क्रेज बढ्दै गइरहे पनि नेपालकै आफ्नै मौलिक कला, संस्कृति र सीपलाई शिक्षामा समेट्न सकिएको छैन ।

रैथाने शिल्पकला तथा संस्कृति विश्वविद्यालय अध्ययन समिति'का अध्यक्ष डा. मानबहादुर विश्वकर्माले स्कुल तहमा मात्रै नभई विश्वविद्यालय तहमा पनि रैथाने संस्कृति, सीप र व्यवसाय सिकाउन आवश्यक रहेको बताए । 'नेपालमा छरिएर रहेका संस्कृति र मौलिकतालाई एकीकृत गर्नुपर्छ,' विश्वकर्मा बताउँछन्, 'यस्तो किसिमको शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर मात्रै नबनाएर उनीहरूलाई समाज, परम्परा र संस्कृति पनि सिकाउँछ ।'

पाँच कविता



जसिन्ता केरकेट्टा

जहाँ केही पुग्दैन

पहाडमा मान्छेहरू पहाडकै पानी पिउँछन्
पुग्दैन सरकारको पानी त्यहाँसम्म
मातृभाषामा कुनै स्कुल पुग्दैन
अस्पतालमा कुनै डाक्टर पुग्दैन
बिजुली पुग्दैन, इन्टरनेट पुग्दैन

साहेब ! जहाँ केही पनि पुग्दैन
त्यहाँ धर्म र गाईको नाममा
मान्छेको हत्या गर्न
यति धेरै विष कसरी आइपुग्छ ?

जब केही महसुस हुँदैन

पहिला माटो, पानी, रूख मारियो
कसैले केही महसुस गरेन

जसलाई केही महसुस हुँदैन
उनीहरू त धेरै पहिला नै मरिसकेका हुन्छन्
पछि त उनीहरूलाई गाडिन्छ मात्र

राष्ट्रवाद

जब मेरो छिमेकी
मेरो रगतको प्यासी भयो
मैले बुझिहालेँ
राष्ट्रवाद आइसक्यो
पाल्तु कुकुर
छाडा कुकुरको तुलनामा

पाल्तु कुकुर

मारिने सम्भावना निकै कम हुन्छ
किनकि त्यसले पूरै बल लगाएर
आफ्नो पुच्छर हल्लाउँछ

आत्मरक्षाको नाममा

धर्नामा बसेर मैले
महिनौँसम्म उसको प्रतीक्षा गरिरहेँ
तर, कुनै जवाफ आएन

थाकिसकेपछि एकदिन मैले
ढुंगा टिपेको मात्र के थिएँ
कुनै बल अचानक बाहिर आयो
अनि आत्मरक्षाको नाममा
मलाई मारिदियो



एजेन्सी

(जसिन्ता केरकेट्टा भारतको स्थायी सत्ताका निम्ति डरलाग्दो नाम हो । आधुनिकीकरण र विकासका नाममा जब बडेबडे मालिकका डोजर आदिवासी भूमिमा फणा फिँजाउन थाल्छन् तब जसिन्ता आफ्ना कविताका तीरले प्रतिकार गर्छिन् र जल, जमिन र जंगलबाट मान्छे अलग्याउने नाफाखोरको योजनाको तगारो बन्छिन् । झारखण्डको उराव आदिवासी समुदायमा जन्मिएकी जसिन्ताका तीन कवितासंग्रह प्रकाशित छन् र उनका कविताहरू अंग्रेजी, फ्रेन्च, इटालियन, जर्मनलगायत विभिन्न भाषामा अनुदित छन् ।)

अनुवाद : **विष्णु अधिकारी**


अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २३ भदौ ०८०

लगानी बोर्डका १२ वर्ष : उदाए तीन ठूला परियोजना

मिलन विश्वकर्मा/नयाँ पत्रिका

स्थापना भएको १२ वर्षमा लगानी बोर्डले १२ खर्ब ५० अर्ब रुपैयाँ लगानी स्वीकृति गरेको छ। ठूला पूर्वाधार एवं उत्पादन परियोजनामा सार्वजनिक-निजी साझेदारी (पिपिपी) र प्रत्यक्ष निजी लगानी आकर्षित गर्ने उद्देश्यसहित भदौ ०६८ मा स्थापना भएको बोर्डले ४२ परियोजनामा १२ खर्ब ४९ अर्ब ८० करोड लगानी स्वीकृत गरेको हो। त्यसमा ८० प्रतिशतभन्दा बढी विदेशी लगानी रहेको छ।

शुक्रबार बोर्ड १२औँ वर्ष पूरा गरेर १३औँ वर्षमा प्रवेश गरेको छ। यस अवधिमा ऊर्जा क्षेत्रका २८ र गैरऊर्जा क्षेत्रका १४ परियोजनामा गरी कुल ४२ परियोजना लगानी स्वीकृत गरेको छ। त्यसमा पाँच खर्ब २५ अर्ब रुपैयाँबराबरको लगानी परिचालन भइसकेको छ।



■ भेन्चर वेस्ट टु इनर्जी, होड्सी र हुवासिन सिमेन्ट सञ्चालनमा

यस अवधिमा बोर्डको संयोजन (लगानी स्वीकृति र सहजीकरण)मा तीन ठूला परियोजना बनेका छन्। त्यसमा प्रतिदिन ६ हजार टन सिमेन्ट उत्पादन गर्न सक्ने होड्सी शिवम् सिमेन्ट, प्रतिदिन तीन हजार टन सिमेन्ट उत्पादन गर्न सक्ने हुवासिन सिमेन्ट र दैनिक ३० टन फोहोरबाट बायोग्यास निकाल्न सक्ने वेस्ट टु इनर्जी (धरान) परियोजना रहेका छन्।

नेपाल र चीनको संयुक्त लगानीको होड्सी शिवम् ०७४ देखि सञ्चालनमा छ। यद्यपि, नवलपरासीमा रहेको उक्त आयोजना अझै पूर्ण क्षमतामा सञ्चालनमा आइसकेको छैन। दैनिक १२ हजार टन सिमेन्ट उत्पादन गर्ने यो उद्योग अहिले दैनिक ६ हजार टन क्षमतामा सञ्चालन भइरहेको छ। साउन ०७२ मा यस परियोजनाले बोर्डबाट ३७ अर्ब ३५ करोड लगानी स्वीकृत गरेको थियो।

यस्तै, १४ अर्ब ८२ करोड लगानीमा भदौ ०७९ देखि हुवासिन सिमेन्ट उद्योग पनि सञ्चालनमा आएको छ। धादिङमा बनेको यस आयोजनामा पनि नेपाल र चीनको लगानी रहेको छ। निजी-साझेदारी गरेर २४ करोड ४४ लाख लगानीमा धरानमा 'भेन्चर वेस्ट टु इनर्जी' परियोजना पनि सञ्चालनमा आएको छ।

यसले फोहोरबाट बायोग्यास उत्पादन गर्दै आएको छ। यस परियोजनाले साउन ०७४ बोर्डबाट लगानी स्वीकृत गरेको थियो। धरान उपमहानगरपालिका, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भेन्चर वेस्ट टु इनर्जीबीच त्रिपक्षीय सम्झौताअनुसार यो आयोजना बनाइएको थियो। यो आयोजना पुस ०७८ बाट सञ्चालनमा आएको हो।

■ बन्दै छ नौ सय मेगावाटको अरुण तेस्रो

यसबीच नौ सय मेगावाट क्षमताको अपर अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माण पनि द्रुत गतिमा अघि बढेको छ। भारतीय सरकारी कम्पनी एसजेभिएनले निर्माण गरिरहेको संखुवासभास्थित उक्त आयोजनाको भौतिक प्रगति ६५ प्रतिशतभन्दा माथि पुगेको छ। सन् ०२५ भित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको यो आयोजनाको लागत अनुमान एक खर्ब ४४ अर्ब ७६ करोड रहेको छ।

■ के छ अन्य आयोजनाको अवस्था ?

यस अवधिमा एक खर्ब ६२ अर्बको नौ सय मेगावाटको अरुण-३ जलविद्युत् परियोजना लगानी जुटाउने अन्तिम कसरतमा छ। भारतीय कम्पनी जिएमआरले यो आयोजना अघि बढाएको छ। माघ ०६४ मा सरकारसँग एमओयू गरेको जिएमआरले असोज ७१ मा पिडिए गरेको थियो। यस आयोजनाबाट पाँच सय मेगावाट विद्युत् बंगलादेश निर्यात हुनेछ। एसजेभिएनले बनाउन लागेको ९२ अर्ब ६८ करोडको ६ सय ६९ मेगावाटको तल्लो अरुण जलविद्युत् परियोजना पनि वित्तीय व्यवस्थापनका क्रममा छ। ७३ अर्ब १५ करोड लागतमा दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूलीलगायतका परियोजना कार्यान्वयनका क्रममा छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

चार सय ५० मेगावाटको सेती नदी-६ र सात सय ५० मेगावाटको पश्चिम सेती जलविद्युत् परियोजना अध्ययन तथा विकासका लागि एनएचपिसी लिमिटेडसँग समझदारी भई विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को चरणमा छ।

यसका साथै तीन सय २७ मेगावाटको अपर मर्स्याङ्दी-२ जलविद्युत् परियोजनाको डिपिआर मूल्यांकन भइरहेको छ। यसैगरी, दमकस्थित चाइना नेपालमैत्री औद्योगिक पार्क पनि निर्माणको अन्तिम तयारीमा छ। यस आयोजनाले ०७६ मै ६४ अर्ब ९० करोड लगानी स्वीकृत गरेको छ। यीसहित मल कारखाना, सिमेन्ट, पर्यटन, ऊर्जालगायत क्षेत्रका आयोजना अध्ययनको चरणमा छन्।

बोर्ड विशिष्टीकृत संस्थाका रूपमा विकास भइसक्यो



● **सुशील भट्ट**, सिइओ, लगानी बोर्ड

ठूला पूर्वाधार एवं उत्पादन परियोजनामा निजी-साझेदारी र निजी लगानी आकर्षित गर्ने उद्देश्यसहित स्थापना भएको बोर्डले उपलब्धिमूलक १२ वर्ष पार गरेको छ। यसबीचमा केही आयोजनामा लगानी त आयो नै। यसका अलावा बोर्डले आफूलाई पिपिपी मोडेलको विशिष्टीकृत संस्थाका रूपमा विकास गर्न सफल भएको छ। साथै, संस्थागत सुदृढीकरणको पाटोमा महत्त्वपूर्ण कार्यहरू गरिएको छ।

■ यी आयोजनामा भएनन् काम

बोर्डका सहप्रवक्ता रमेश अधिकारीले बीचमा केही आयोजनाले लगानी स्वीकृत गरेर पनि काम गर्न नसकेको बताए। तर, त्यो लगानीकर्ताको स्वेच्छाका कारण बोर्डबाट थप दबाब दिन नसकेको उनको भनाइ छ।

साथै, यस अवधिमा सन्तोष नै मान्ने गरी काम नभएको पनि उनी बताउँछन्। 'आगामी दिनमा यही गतिमा काम गर्दा सोचेअनुरूप प्रगति गर्न सकिँदैन,' उनले भने, 'तसर्थ, अब हामी रणनीतिक रूपमा अघि बढ्ने योजनामा छौं। सोहीअनुसार अहिले हामीले संस्थागत विकासमा जोड दिएका छौं। साथै, पाइपलाइनमा भएका परियोजनालाई विकास गर्ने, पिपिपी मोडेलमा लगानी प्रवर्द्धन गर्ने हाम्रो योजना छ।'

डाँगोटे सिमेन्टले ०७० कात्तिक १५ गते बोर्डबाट ५६ अर्ब २८ करोड ३६ लाख रुपैयाँको लगानी स्वीकृति गरेको थियो। यस्तै, रिलायन्स सिमेन्टले ०७१ मंसिर ५ गते बोर्डबाट ३९ अर्ब ७६ करोडको लगानी स्वीकृत गरेको थियो। भक्तपुरको दहचोक र पोखरामा होटेल सञ्चालन गर्ने गरी ०७५ असोज २ गते १३ अर्ब ९८ करोड ६९ लाख बराबरको लगानी स्वीकृत गरेको थियो।

तर, थप काम नभएपछि बोर्डले उक्त तीन आयोजनालाई आधिकारिक रूपमै लगानी स्वीकृत गरेर थप काम नगरेको सूचीमा राखेको छ। त्यसभन्दा अन्य थुप्रै आयोजनाले पनि काम गर्न सकेका छैनन्। जिएमआरले नौ सय मेगावाटको अपर कर्णाली जलविद्युत्को निर्माण सुरु गर्न सकेको छैन। साढे एक वर्ष लगानी स्वीकृत गरेको सूर्यतारा सिमेन्ट उद्योग पनि लगानी बोर्डको सम्पर्क आएको छैन।

यस्तै, सात सय ५६ मेगावाटको तमोर जलाशययुक्त विद्युत् आयोजना बनाउने गरी एमओयू गरेको लामो समयसम्म पनि पावर कन्स्ट्रक्सन कर्पोरेसन अफ चाइना लिमिटेड (पावर चाइना)ले पनि काम गरेको छैन।

विदेशी र निजी लगानी अपरिहार्य : प्रधानमन्त्री



लगानीबोर्डको १२औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समावेशी र उत्थानशील विकासको आधार सिर्जना गर्न विदेशी लगानी र निजी लगानीको अपरिहार्यता रहेको बताएका छन्। देशमा रोजगारी र उत्पादन वृद्धि गर्दै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिका लागि पनि यो अपरिहार्य रहेको उनको भनाइ थियो।

उनले लगानीकर्ताका हरेक चासो, सरोकार र समस्यालाई सरकारले सम्बोधन गर्दै आएको पनि बताए। आगामी दिनमा त्यसलाई अझै प्रभावकारी बनाउने उनको भनाइ थियो। समग्रमा लगानीको वातावरण बनाउन सरकार सकारात्मक रहेको प्रधानमन्त्री दाहालले बताए।

यस्तै, बोर्डका संयोजनमा सार्वजनिक-निजी साझेदारी र निजी लगानीका परियोजना कार्यान्वयनले गति लिएको प्रधानमन्त्रीको भनाइ थियो। नेपालले विश्व समुदायमा लगानीका लागि आकर्षक गन्तव्यको साखः निर्माण गर्न सफल भएको उनको दाबी छ। यसमा लगानी बोर्ड नेपाल, लगानीकर्ता, विकास साझेदार एवं लगानीसम्बन्धी सरोकारवालालगायतको महत्त्वपूर्ण भूमिका रहेको उनले बताए।

उनले वैदेशिक लगानीसम्बन्धी नीति सुधार गर्न सरकार तयार रहेको बताए। विशेष गरी पिपिपी मोडेलमा विकासका विभिन्न चरणमा रहेका आयोजनाको प्रभावकारी ह्यान्ड होल्डिङका लागि सरकार तयार रहेको उनले उल्लेख गरे। १६औँ पञ्चवर्षीय योजनामा मस्यौदा तयार गर्दै गरेको प्रधानमन्त्रीले जानकारी दिए। त्यसमा सरकारले नेपालको राष्ट्रिय विकासका लागि स्वदेशी र विदेशी लगानीबाट स्रोत परिचालन गर्ने बताए। यस्तै, नेपालले सन् २०३० सम्म दिगो विकास लक्ष्यमा पुऱ्याउन प्रयास गरेको पनि बताए। तर, कोरोना महमारी, विश्व आर्थिक शिथिलता, जलवायु परिवर्तनले त्यसमा चुनौती खडा गरेको उनको भनाइ थियो।

बोर्डका सिइओ सुशील भट्ट पनि पिपिपी मोडेलको विशिष्टीकृत संस्थाका रूपमा विकास गर्न र संस्थागत सुदृढीकरणको पाटोमा महत्त्वपूर्ण कार्य भएको बताए।

पर्यटन पूर्वाधार निर्माण प्राथमिकतामा

भरतपुर, नेपालगन्ज र विराटनगर विमानस्थलको टर्मिनल भवन यसै वर्ष ५० प्रतिशत सम्पन्न गर्ने लक्ष्य



नयाँ पत्रिका

सरकारले एयरपोर्ट स्तरोन्नति, पदमार्ग निर्माणदेखि हिल स्टेसनसम्मका पर्यटन पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चालू आर्थिक वर्ष देशैभर पर्यटन पूर्वाधार निर्माणदेखि कानुनहरू संशोधनसम्मलाई प्राथमिकतामा राखिएको हो।

सरकारले चालू आवका लागि पर्यटन मन्त्रालयलाई करिब १२ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) र नेपाल पर्यटन बोर्डको आफ्नै आन्तरिक बजेट पनि हुन्छ। क्यानले ३६ अर्ब ६६ करोड रुपैयाँको बजेट स्वीकृत गरेसँगै विमानस्थललगायतका हवाई पूर्वाधार निर्माणका लागि १९ अर्ब पुँजीगत बजेट विनियोजन गरेको छ। पर्यटन बोर्डले भने अझै बजेट ल्याइसकेको छैन।

स्तरोन्नति सुरु गरिएका भरतपुर, नेपालगन्ज र विराटनगर विमानस्थलको नयाँ टर्मिनल भवन निर्माण यसै वर्ष ५० प्रतिशत सम्पन्न गरिसक्ने पर्यटन सचिव भरतमणि सुवेदीले दाबी गरेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतितर्फ पार्किङ निर्माण ९० प्रतिशत, समानान्तर ट्याक्सी वे निर्माण ७८ प्रतिशत र ह्यांगर एप्रोन निर्माण ६४ प्रतिशत सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

यस्तै, बाराको निजगढमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई पनि प्राथमिकता दिइने भएको छ। चालू आवमै निजगढ विमानस्थल निर्माणको पूर्वतयारीका कामहरू र लगानी एवं निर्माण मोडालिटीसमेत टुंगो लगाउने लक्ष्य पर्यटन मन्त्रालयले लिएको छ।

क्यानको पुनर्संरचना तथा नेपाल वायुसेवा निगमको व्यवस्थापकीय सुधारलाई पनि प्राथमिकतामा राखिएको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ), युरोपेली युनियन (इयू)देखि देशभित्रकै सरोकारवालाले क्यानको पुनर्संरचना गरी नियामक र सेवाप्रदायक (व्यवस्थापक) छुट्टाछुट्टै निकाय बनाउनुपर्ने दबाब दिँदै आइरहेका छन्। यस्तै, अक्षम व्यवस्थापनका कारण वायुसेवा निगम थला परेको भन्दै कम्पनीकरण गरेर थप सुदृढ एवं बलियो बनाउँदै लैजानुपर्ने बहस चलिरहेको छ।

सरकारले राष्ट्रिय संस्कृति नीति, संस्कृति ऐन, खुला सांस्कृतिक संग्रहालय र जीवन्त संग्रहालयको कार्यविधि तथा मापदण्ड बनाउने भएको छ। यस्तै, पर्यटन ऐन संशोधन एवं परिमार्जन गरिने भएको छ। दुर्गम क्षेत्र हवाई सेवा सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा, तीनवटा देशसँग द्विपक्षीय हवाई सेवा सम्झौता तथा पुनरावलोकनको काम गर्ने कार्यतालिका छ।

भूकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदा २५, गुम्बा २४, पुरातात्त्विक स्थल संरक्षण आयोजनाअन्तर्गतका २० वटा सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न गर्ने भएको छ। हिमाली भेगमा रहेका सय वर्षभन्दा पुराना सांस्कृतिक रूपमा महत्त्वपूर्ण गुम्बाहरू संरक्षण गरिनेछ।

पर्यटन पूर्वाधार विकास कार्यक्रमअन्तर्गत एक सय ५० किलोमिटर ग्रेट हिमालयन ट्रेल निर्माण, ग्रेटर मुन्धुम ट्रेल, महाभारत ट्रेल, काठमाडौं उपत्यकावरिपरि ३० किलोमिटर पदमार्ग निर्माण गर्ने लक्ष्य राखिएको छ। कोशी प्रदेशको उदयपुर र लुम्बिनी प्रदेशको अर्घाखाँची नरपानीमा हिल स्टेसन पूर्वाधार निर्माण यसै वर्ष ३० प्रतिशत सम्पन्न गर्ने लक्ष्य छ। यस्तै, भ्रमण दशक (सन् २०२३-०३२)को कार्ययोजनाको तयारी गरिनेछ।

राष्ट्रिय गौरवका आयोजनातर्फ पशुपति क्षेत्रको विश्वरूप मन्दिर एवं सत्तल संरक्षण कार्यलाई यसै वर्ष ७० प्रतिशत सम्पन्न गरिने भएको छ। लुम्बिनी विकास कोषको पहिलो फेज सम्पन्न गर्ने र दोस्रो फेजको काम यसै वर्ष ३० प्रतिशत सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाललाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न कुनै कसर बाँकी नराख्ने पर्यटन मन्त्रालयको तयारी छ। विशेष पर्यटकीय क्षेत्र (एसटिजी) निर्धारण गरी पूर्वाधार विकासका लागि निजी क्षेत्रलाई आकर्षित गर्ने र त्यस्तो स्थानमा लगानीका लागि छुट, सहुलियत, प्रोत्साहनजस्ता व्यवस्था गर्ने सरकारको तयारी छ। पर्यटकको बसाइ अवधि र औसत खर्च वृद्धि गर्न पर्यटनउपज र पर्यटकीय क्रियाकलाप विस्तारमा बजेट तथा कार्यक्रम केन्द्रित गरिने भएको छ।

आन्तरिक परीक्षणमा 'नेप्से ३०' परिसूचक
सञ्चालक समितिबाट कार्यविधि पारित हुन बाँकी

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)को सेयर कारोबारको नयाँ सूचकांक 'नेप्से ३०' सञ्चालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको छ। यसका लागि आवश्यक प्राविधिक तथा नीतिगत तयारी पूरा भइसके पनि सञ्चालक समितिले कार्यविधि पारित गर्न भने बाँकी छ।

यसका लागि तयार गरिएको कार्यविधि स्वीकृतिका लागि नेप्सेको सञ्चालक समितिमा पेस भइसकेको छ। सम्भवतः अब बस्ने बैठकले त्यसलाई स्वीकृत गर्नेछ। त्यसपछि 'नेप्से ३०' इन्डेक्सको कारोबार सुरु हुनेछ। नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले यससम्बन्धी कार्यविधि सञ्चालक समितिमा पुगेको बताए। 'सञ्चालक समिति अब छिट्टै बस्दै छ। सोही बैठकमा यो कार्यविधिबारे छलफल हुनेछ,' उनले भने, 'सञ्चालक समितिले स्वीकृत गरेपछि 'नेप्से ३०' इन्डेक्स सञ्चालनमा आउनेछ।'

यसका लागि नेप्सेले प्राविधिक तयारी पनि पूरा गरिसकेको छ। 'नेप्से ३०' इन्डेक्स सञ्चालनका लागि आवश्यक पर्ने सर्भर (आइटी प्रणाली)समेत तयार गरिएको छ। गत साउन ९ गतेबाट नै यसको आन्तरिक परीक्षण भइरहेको छ। केही नमुना कम्पनी छनोट गरेर यसको आन्तरिक परीक्षण भइरहेको हो। आन्तरिक परीक्षणले 'नेप्से ३०' इन्डेक्स सञ्चालन सम्भव पनि देखाएको छ। अब सञ्चालक समितिले कार्यविधि स्वीकृत गरेको अवस्थामा तत्काल यो इन्डेक्स सञ्चालन गर्न सकिने नेप्सेको भनाइ छ। सम्भवतः अब एक महिनामा यो सञ्चालनमा आउने नेप्सेले बताएको छ।

■ के हो 'नेप्से ३०' सूचकांक ?

'नेप्से ३०' फ्री फ्लोट विधिबाट नेप्सेको समग्र बजारलाई प्रतिनिधित्व गर्ने एक सूचक हो। यसमा नेप्सेले सबै सूचीकृत कम्पनीमध्येबाट तोकिने मापदण्ड पूरा हुने उत्कृष्ट ३० कम्पनीलाई यसमा समावेश गर्नेछ। हाल नेप्सेमा सेन्सिटिभ, सबसेन्सिटिभ, समूहगत गरेर १७ वटा इन्डेक्स रहेका छन्। यो थपिएपछि १८ वटा इन्डेक्स हुनेछन्। यद्यपि, यस इन्डेक्सको पनि छुट्टै सेयर कारोबार भने नहुने प्रस्ताव गरिएको छ। मुख्य इन्डेक्समा हुने कारोबारकै आधारमा यो इन्डेक्सको गणना गरिनेछ। अहिले सर्वसाधारणले 'नेप्से ३०' इन्डेक्सबारे विस्तृतमा बुझिसकेका छैनन्। सर्वसाधारणले यसबारे राम्रोसँग बुझेपछि मात्र यसको छुट्टै कारोबार गराउने नेप्सेको योजना छ।

■ यस्तो छ 'नेप्से ३०' मा सहभागी हुने मापदण्ड

बैंक तथा वित्तीय संस्था, लघुवित्त, बिमा, जलविद्युत्,



■ किन ल्याइँदै छ 'नेप्से ३०' ?

दोस्रो बजार कारोबारलाई थप सुदृढ बनाउन सहयोग पुग्ने गरी सूचकांकहरूको विकास, सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले नेप्से ३० ल्याउन लागेको बताइएको छ। यसमा तत्काल कारोबारयोग्य सेयरहरूलाई समावेश गरी बजार पुँजीकरणमा आधारित सूचकांकका रूपमा नेप्से ३० इन्डेक्स लागू गरिनेछ। यस सूचकांकले बजार कारोबार तथा उतारचढावलाई प्रतिबिम्बित गर्नुका साथै डेरिभेटिभ प्रकृतिको निश्चित अवधिको कारोबार उपकरण सञ्चालन, पोर्टफोलियो व्यवस्थापनलगायतमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

साथै, यसबाट दोस्रो बजार कारोबारमा नयाँ आयाम थपिने र लगानीकर्तालाई भविष्यमा थप कारोबारयोग्य उपकरण प्राप्त हुन जाने नेप्सेको भनाइ छ।

उत्पादनमूलक र व्यापार तथा सेवा गरी ६ क्षेत्रका कम्पनीलाई यसमा समावेश गरिनेछ। त्यसमा एउटा क्षेत्रबाट अनिवार्य रूपमा न्यूनतम एक र अधिकतम आठवटा कम्पनी समावेश गरिनेछ। नेप्सेले तोकेको मापदण्डबाट यसका लागि उत्कृष्ट ३० कम्पनी छनोट गरिनेछ।

यसका लागि कम्पनीको प्रतिसेयर चुक्ता मूल्यभन्दा प्रतिसेयर किताबी मूल्य बढी हुनुपर्ने मापदण्ड तोकिएको छ। साथै, पछिल्लो पाँच आवमध्ये तीन आवमा कम्पनी खुद नाफामा गएको हुनुपर्नेछ। यस्तै, कम्पनीको प्रतिसेयर आम्दानी चुक्ता पुँजीको न्यूनतम १० प्रतिशत हुनुपर्नेछ। साथै, प्रतिसेयर आम्दानी सोही वर्षको मुद्रास्फीति दरभन्दा बढी हुनुपर्ने सर्त पनि तोकिएको छ। कम्पनीहरूले कम्तीमा २५ प्रतिशत सेयर सर्वसाधारणमा जारी गरेको वा फ्री फ्लोट पुँजीकरण १ प्रतिशतभन्दा बढी भएको हुनुपर्ने बताइएको छ। साथै, कम्पनीको सेयरधनी संख्या कम्तीमा २० हजार भएको हुनुपर्ने मापदण्ड तोकिएको छ।

त्यस्तै, पछिल्लो ६ महिनाको अवधिमा दैनिक औसत न्यूनतम २५ लाख रुपैयाँको कारोबार भएको हुनपर्नेछ। साथै, पछिल्लो ६ महिनामा दैनिक औसत न्यूनतम पाँच हजार कित्ताको सेयर कारोबार हुनुपर्नेछ। यसैगरी पछिल्लो ६ महिनामा दैनिक औसत न्यूनतम ४० पटक कारोबार भएको हुनुपर्नेछ।

त्यस्तै, पछिल्लो ६ महिनाको अवधिमा भएका कारोबार दिनहरूमध्ये ७५ प्रतिशतभन्दा बढी दिनहरूमा कारोबार भएको हुनुपर्ने उल्लेख गरिएको छ। यसरी छनोट हुने कम्पनीलाई 'नेप्से ३०' इन्डेक्समा छनोट गरिनेछ।

■ यसरी गरिनेछ 'नेप्से ३०' इन्डेक्सको गणना

यो इन्डेक्स गणनाका लागि पहिला छनोट भएर कम्पनीहरूको प्रारम्भिक सूची तयार गरिनेछ। त्यसपछि उनीहरूको फ्री फ्लोट बजार पुँजीकरण, पछिल्लो वर्षको प्रतिसेयर आम्दानी, कारोबार रकम, कारोबार संख्या तथा कारोबार कित्ताका आधारमा प्रत्येकलाई भार प्रदान गरेर कुल भार गणना गरिनेछ।

साथै, नेप्सेमा सूचीकृत कम्पनीलाई बैंक तथा वित्तीय संस्था, लघुवित्त, बिमा, जलविद्युत् उत्पादनमूलक, व्यापार तथा सेवा गरी ६ वटा क्षेत्रगत समूहमा वर्गीकरण गरिनेछ। बढी भार अंकका आधारमा प्रत्येक समूहमा बढीमा आठवटा कम्पनी छनोट गरिनेछ। कुनै समूहमा आठभन्दा कम कम्पनी भएमा सबैलाई यसमा राखिनेछ। छनोट हुने कम्पनी ३० भन्दा बढी भएमा कम भार भएका कम्पनीलाई हटाइनेछ। यसरी कम्पनी हटाउँदा प्रत्येक समूहमा कम्तीमा एक कम्पनी भने कायम गर्नुपर्नेछ।

छनोट भएका संगठित संस्थाहरूको संख्या ३० भन्दा कम भएमा प्रत्येक समूहबाट आठभन्दा बढी कम्पनी छनोट नहुने गरी सूचीकृत सबै कम्पनीको कुल भार गणना गरिनेछ। त्यसपछि उच्चतम भार प्राप्त गर्ने कम्पनी थप गरी कम्पनीको संख्या ३० पुऱ्याइनेछ। छनोट भएका कम्पनीहरूको फ्री फ्लोट (कारोबारयोग्य) सेयरको हालको बजारको पुँजीकरणलाई आधार बजार पुँजीकरणले भाग गरी १००० ले गुणा गरेर इन्डेक्स निकालिनेछ।

नाका खुल्नासाथ सीमामा चिनियाँ सहयोग

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

मानव आवतजावतसहित १५ भदौबाट तातोपानी नाका खुलेसँगै चिनियाँहरू सीमामा सक्रिय हुन थालेका छन्। चीन सरकारले भोटेकोशी गाउँपालिकामा रहेको नमुना स्कुल भिर्पु माध्यमिक विद्यालयलाई खेलकुद र स्टेसनरी सामान सहयोग गरेको छ।

न्यालम काउन्टीको समन्वयमा सिगात्से सहरको विदेश विभागले सामग्री सहयोग गरेको हो। विभागका प्रमुख मिस्टर छेतेन शुक्रबार मितेरी पुलमा आएर विद्यालयका अध्यक्ष आङछिरी शेर्पा, वडा नं ३ का वडाध्यक्ष तथा पालिका शिक्षा समिति सदस्य निमासोना शेर्पासहितको



विद्यालयको सल्लाहकार टिमलाई लिपिडमा सामान हस्तान्तरण गरेका हुन्। नेपाल-चीन कार्यकारी परिषद् सिन्धुपाल्चोकका अध्यक्षसमेत रहेका भिर्पु विद्यालयका सल्लाहकार लोब्साङ शेर्पाले चीन सरकारसँग समन्वय गरेका हुन्। सिगात्से सहरका विदेश विभाग प्रमुखले हस्तान्तरण गरेको सामग्रीमा चाइनिज लर्निङ बुक दुई सय थान, ब्याडमिन्टन र ब्याडमिन्टन र्‍याकेट सय थान, २० बास्केटबल, स्किपिङ रोप एक सय थान, दुई सय थान डेस्क-बेन्च र केही शैक्षिक सामग्री छन्।

नाका सुचारु भएपछि दैनिक रूपमा पाँच सय नेपाली र कम्तीमा ५० चिनियाँ नेपाल-चीन ३० किलोमिटर क्षेत्रमा आउजाउ गरिरहेका छन्।

एसियन खेलकुदमा नेपाल

७२ वर्षमा दुई रजत र २२ कांस्य

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

एसियन खेलकुद प्रतियोगिता (एसियाड)लाई यस क्षेत्रका खेलाडीहरूले 'मिनी ओलम्पिक'का रूपमा लिन्छन्। खेलकुदकै सबैभन्दा ठूलो प्रतियोतिगा ओलम्पिक हो। यसमा सहभागी हुन नसक्ने खेलाडीले एसियाडमा आफ्नो प्रतिभा देखाउन अवसर पाउँछन्। ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)मा आबद्ध सबै राष्ट्रले अनिवार्य रूपमा सहभागिता जनाउनुपर्ने भएकाले एसियाडमा को बलियो वा कमजोर भन्ने रहँदैन। सबै खेलाडी एकै लेभलमा प्रतिस्पर्धा गरिरहेका हुन्छन्।

तर, चीन, जापान, दक्षिण कोरिया, इरान, थाइल्यान्ड, भारत, अफगानिस्तान तथा साउदी अरेबियाजस्ता राष्ट्रले एसियाडलाई ओलम्पिकको तयारीका रूपमा लिने गरेका छन्। उनीहरूले ओलम्पिकमा पदक जित्ने सम्भावित खेलाडीलाई थप एक्सपोजर गर्न एसियाडमा पठाउने गरेका छन्। यसबाहेक राष्ट्रहरूले एसियाडमा आफूभन्दा बलिया खेलाडीविरुद्ध म्याच अनुभव बटुल्न प्रतिस्पर्धा गर्छन्। र, त्यहीअनुसारकै खेलाडी उनीहरूले उतार्ने गरेका छन्। समग्र पूरै एसियनबीच होडबाजी चल्ने प्रतियोगिता भएका कारण सहभागी सबै खेलाडी उत्साहित हुन्छन्।

निर्धारित समयभन्दा एक वर्षपछि १९औँ एसियाड चीनको होङ्झाउमा हुँदै छ। असोज ४ देखि हुने प्रतियोगितामा नेपालले सहभागिता जनाउनेछ। आयोजक चीनले ४० खेलमा चार सय ८१ इभेन्ट्स समावेश गरेको छ। यसपटक नेपालले २९ खेलमा दुई सय ३४ खेलाडीलाई मैदानमा पठाउनेछ। एसियाडको इतिहासमा नेपालले पहिलो संस्करणदेखि नै सहभागिता जनाउँदै आएको छ। सन् १९५१ मा भारतको नयाँदिल्लीमा भएको पहिलो संस्करणमा नेपालले भाग लिएको हो। नेपालले सन् १९५४ र १९६२ को संस्करणमा भाग लिएन। यसबाहेक सबै संस्करणमा नेपालले प्रतिस्पर्धा गरेको छ। समग्रमा नेपालले १६ संस्करणमा भाग लिएको छ।

नेपालले सन् १९८६ मा मात्र पदक जित्यो। दक्षिण कोरियाको सोलमा आयोजना भएको एसियाडमा नेपालले आठ कांस्य हात पारी सनसनी मच्चायो। एसियाडमा सर्वाधिक ठूलो पदक नै रजत हो। नेपालले यो दुईपटक जितेको छ। सन् १९९८ मा तेक्वान्दोमा सविता राजभण्डारीले पहिलोपटक नेपाललाई रजत दिलाइन्। यसको २० वर्षपछि नेपालले अर्को रजत गत संस्करण इन्डोनेसियामा भएको एसियाडमा हात पाऱ्यो। प्याराग्लाइडिङको टिम इभेन्ट्समा नेपालले रजत जितेको थियो। यी दुईबाहेक नेपाल अन्य संस्करणको स्वर्णनजिक पुगेको छैन। एसियाडमा नेपाललाई अहिलेसम्म तेक्वान्दो, बक्सिङ, कराँते र प्याराग्लाइडिङले मात्र पदक दिलाएका छन्। अन्य खेलका खेलाडीले केवल सहभागिताका लागि प्रतिस्पर्धा गरेका देखिन्छन्। समग्रमा नेपालले १६ पटक एसियाड खेल्दा दुई रजत र २२ कांस्य जितेको छ।



सन् २०१८ मा इन्डोनेसियाले आयोजना गरेको एसियाडमा नेपाललाई रजत दिलाएका प्याराग्लाइडिङका खेलाडी। फाइल तस्बिर

पछिल्ला तीन संस्करण बक्सिङ, कराँते र प्याराग्लाइडिङले जोगाए

एसियाडको पछिल्ला तीन संस्करणमा तीन खेलले नेपालको इज्जत रक्षा गरेको छ। सन् २०१० मा चीनको ग्वाङझाउमा नेपाललाई एक मात्र पदक बक्सिङका दीपक महर्जनले दिलाएका थिए। त्यसवेला सहभागी अन्य खेलका खेलाडीले निराशाजनक प्रदर्शन गरिरहँदा अन्तिममा महर्जनले नेपालको इज्जत रक्षा गरेका थिए। दीपक अहिले बक्सिङका प्रशिक्षकका रूपमा कार्यरत छन्। सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको संस्करणमा कराँतेले कांस्य पदक जितेको थियो।

यद्यपि, यो विवादास्पद बन्यो। कराँतेमा राष्ट्रिय मान्यता र अन्तर्राष्ट्रिय मान्यताप्राप्त खेलाडी एसियामा नेपालले पठाएको थियो। प्रतिस्पर्धाको अन्तिम समयमा नेपाल ओलम्पिक कमिटीले मान्यता दिएको नेपाल कराँते संघबाट विमला तामाङलाई रिङमा उतारेको थियो। उनले नेपाललाई एक मात्र कांस्य दिलाइन्। गत संस्करणमा एक मात्र पदक प्याराग्लाइडिङले दिलाएको थियो।

एकै संस्करणमा आठ कांस्य

सन् १९८६ अघिका संस्करणमा नेपाली खेल केवल सहभागितामै सीमित भए। आधुनिक किसिमको तयारी नहुँदा खेलाडीले सोल एसियाडअघि पदक नै जित्न सकेनन्। उनीहरू पदकनजिकसम्मै पुगेनन्। मार्सल आर्ट्स एसियाडमा समावेश भएपछि नेपालको पदक जित्ने आशा जाग्यो। १०औँ संस्करणमा नेपाली खेलाडीले चामत्कारी प्रदर्शन नै गरे। तेक्वान्दो र बक्सिङका खेलाडीले समग्रमा आठ कांस्य जिते। एसियाडमा पदक संख्या गणना हुँदा यही संस्करण अहिलेसम्मकै उत्कृष्ट मानिएको छ। बक्सिङका दलबहादुर रानामगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठले कांस्य जिते। तेक्वान्दोका राजकुमार राई, विधान लामा, रामबहादुर घर्ती र राजकुमार बुढाथोकीले पनि नेपाललाई कांस्य दिलाए।

२७ अंकले पछाडि रहँदा स्वर्णबाट वञ्चित

सन् २०१८ मा इन्डोनेसियाले आयोजना गरेको एसियाडमा नेपाल स्वर्णपदक हात पार्न निकै थोरै अंकले पछाडि परेको थियो। जाकार्तामा नेपाली पुरुष प्याराग्लाइडिङ टोलीले फाइनल चरणमा स्थान बनाएको थियो। खेलको अन्तिम नतिजा सार्वजनिक हुँदा नेपाली खेलाडी चुकचुकाएका थिए। जापानसँग केवल २७ अंकले पछि रहँदा नेपाल ऐतिहासिक स्वर्ण पदकबाट वञ्चित भयो। प्याराग्लाइडिङमा पहिलो र दोस्रोबीचको यो अंक अन्तर विरलै आउने गर्छ। जापानले स्वर्णमाथि कब्जा जमाउँदा ११ हजार तीन सय ९१ अंक हात पारेको थियो। रजत पदकमा सीमित नेपालले ११ हजार तीन सय ६४ अंक बनायो। क्रस कन्ट्री इभेन्टमा नेपाललाई विमल अधिकारी, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल थापाले रजत पदक दिलाएका थिए।

लगातार पदक जित्ने एक मात्र खेलाडी विष्ट

एसियाडको इतिहासमा लगातार दुई संस्करणमा पदक जित्ने एक मात्र नेपाली खेलाडी तेक्वान्दोका दीपक विष्ट हुन्। उनले सन् २००२ को दक्षिण कोरियाको बुसानमा भएको एसियाडमा कांस्य जितेका थिए। करिअरकै उत्कृष्ट लयमा रहेका विष्टले चार वर्षपछि कतारको दोहामा आयोजना भएको एसियाडमा प्रतिपस्पर्धा गरे। उनले तेक्वान्दोबाट थप एक कांस्य जित्दै आफ्नो नाममा रेकर्ड बनाए।



एसियाडमा विष्टले राखेको रेकर्ड अहिलेसम्म अन्य नेपालीले तोड्न सकेका छैनन्। दोहा एसियाडमा उनी आयोजक कतारका खेलाडीसँग निर्णायकका कारण पराजित भएका थिए। त्यसवेला उनी आफ्नो तौल समूहमै स्वर्णका दाबेदार मानिएका थिए। तर, अफिसियलले अंक नदिँदा उनी कांस्य पदकमै सीमित भए। त्यही संस्करणमा तेक्वान्दोका मनीष शाही र आयुषा शाक्यले कांस्य जितेका थिए।

एसियाडमा पदक विजेता नेपाली खेलाडी

सन् १९८६ दक्षिण कोरिया

स्व. दलबहादुर रानामगर	(बक्सिङ)	कांस्य
तुलबहादुर थापा	(बक्सिङ)	कांस्य
सुशील पोखरेल	(बक्सिङ)	कांस्य
मनोजबहादुर श्रेष्ठ	(बक्सिङ)	कांस्य
राजकुमार राई	(तेक्वान्दो)	कांस्य
विधान लामा	(तेक्वान्दो)	कांस्य
रामबहादुर घर्ती	(तेक्वान्दो)	कांस्य
राजकुमार बुढाथोकी	(तेक्वान्दो)	कांस्य

सन् १९९० बेइजिङ

चित्रबहादुर गुरुङ	(बक्सिङ)	कांस्य

सन् १९९४ जापान

मानबहादुर शाही	(तेक्वान्दो)	कांस्य
सीता राई	(तेक्वान्दो)	कांस्य

सन् १९९८ थाइल्यान्ड

सविता राजभण्डारी	(तेक्वान्दो)	रजत
किशोर श्रेष्ठ	(तेक्वान्दो)	कांस्य
सपना मल्ल	(तेक्वान्दो)	कांस्य
समरबहादुर गोले	(कराँते)	कांस्य

सन् २००२ दक्षिण कोरिया

दीपक विष्ट	(तेक्वान्दो)	कांस्य
रेनुका रानामगर	(तेक्वान्दो)	कांस्य
ऋतु जिमी राई	(तेक्वान्दो)	कांस्य

सन् २००६ कतार

दीपक विष्ट	(तेक्वान्दो)	कांस्य
आयशा शाक्य	(तेक्वान्दो)	कांस्य
मनिता शाही	(तेक्वान्दो)	कांस्य

सन् २०१० चीन

दीपक महर्जन	(बक्सिङ)	कांस्य

सन् २०१४ दक्षिण कोरिया

विमला तामाङ	(कराँते)	कांस्य

सन् २०१८ इन्डोनेसिया

प्याराग्लाइडिङ टिम		रजत

नेपाल ग्लोबल छनोटबाट बाहिर

थाइल्यान्डसँग ४६ रनले पराजित भएसँगै नेपाल आइसिसी महिला टी-२० विश्वकप ग्लोबलमा पुग्न वञ्चित



नयाँ पत्रिका

नेपाल आइसिसी महिला टी-२० विश्वकप एसिया क्षेत्रीय छनोटको सेमिफाइनलबाटै बाहिरिएको छ। मलेसियामा चलिरहेको एसियन छनोटमा बलियो थाइल्यान्डसँग नेपाली महिला क्रिकेट टोली सेमिफाइनलमा ४६ रनले पराजित हुँदै आइसिसी टी-२० विश्वकपको ग्लोबल छनोटबाट बाहिरिएको हो। फाइनल प्रवेश गर्दा नेपालले ग्लोबल छनोटमा स्थान बनाउने थियो। नेपालले पुनः एकपटक ब्याटिङमा कमजोर प्रदर्शन गऱ्यो। बलिङमा स्तरीय प्रदर्शन गरेका नेपाली खेलाडीले लक्ष्य पछ्याउँदा लयमा ब्याटिङ गर्न सकेनन्। थाइल्यान्डले विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएको छ। नेपाल समूह 'ए' उपविजेता तथा थाइल्यान्ड समूह 'बी'को विजेता बन्दै अन्तिम चारमा प्रतिस्पर्धा गरेका हुन्।

कमजोर ब्याटिङ

मलेसियाको ओभल रंगशालामा थाइल्यान्डले दिएको एक सय ६ रन पछ्याएको नेपालले १९.३ ओभरमा सबै विकेट गुमाएर ५९ रन मात्र बनायो। नेपालकी कविता कुँवरले ११ रनले सर्वाधिक बनाइन्। अप्सरी बेगम र कविता जोशीले समान १० रन जोडे। अन्य खेलाडीले दोहोरो अंक बनाउन सकेनन्। थाइल्यान्डका ओनिचा कामचोम्फु र थिपाच्चा पुथावाङले समान तीन विकेट लिए। नटाया बुचथमले दुई विकेट हात पारिन्। फनिता माया र सुनिदा चतुरंगरत्नले समान एक विकेट लिए। नेपालको ब्याटिङमा तीन खेलाडी शून्य रनमा आउट भए। ओपनर काजल श्रेष्ठले तीन बल सामना गर्दा पनि रन बनाइनन्। कप्तान रुबिना क्षेत्री पनि डकआउट भइन्।



कप्तान रुबिना भन्छिन्- सिक्नेक्रम जारी छ

नेपाली टोलीकी कप्तान रुबिना क्षेत्रीले प्रतियोगिताबाट बाहिरिएपछि सकारात्मक पक्षका साथ घर फर्कने बताएकी छिन्। खेलपछि उनले भनिन्, 'हामीले राम्रो प्रतिस्पर्धा दियौँ। तर, सोचेको जसरी प्रतियोगिताको अन्त्य गरेनौँ। खेलाडीको प्रदर्शनमा खुसी छु।'

उनले प्रतियोगिताबाट सकारात्मक पक्ष मात्र लिएको बताइन्। 'प्रतियोगितामा हामीले नराम्रो पक्षलाई हेरेनौँ, केवल राम्रो पक्षबाट सिकेको छु, जसले अर्कोपटक बलियो बनाउन मद्दत मिल्छ।' उनले कम अनुभवका कारण लक्ष्य पूरा गर्न नसकेको पनि बताइन्। 'लक्ष्य यो पिचमा धेरै ठूलो होइन। हामीमा अझै पनि खेलको अनुभवको कमीका कारण यस्तो भएको हो,' उनले भनिन्।

अञ्जनले गुमाए रेकर्ड बराबरीको अवसर

नयाँ पत्रिका

खेलको ५९औँ मिनेटमा पाएको पेनाल्टी गुमाउँदा अट्याकर अञ्जन विष्टले पूर्वखेलाडी हरि खड्का र नीराजन रायमाझीको नाममा रहेको सर्वाधिक १३ गोलको कीर्तिमानी बराबर गर्न चुकेका छन्। म्यानमारको यांगुनामा भएको घरेलु टोलीविरुद्ध खेलमा नेपालले पेनाल्टी अवसर पाएको थियो। तर, अञ्जनको प्रहार म्यानमारका गोलकिपर क्याप जिन फोले खुट्टाले रोकेका थिए। रिबाउन्डमा पाएको बललाई अञ्जन र आयुष घलान फिनिसिङ गर्न चुकेका हुन्। यसअघि नेपाली खेलाडीले क्रस गरेको बललाई म्यानमारका राइट ब्याक फो विनले रोक्ने क्रममा हातमा लागेको थियो। त्यसपछि नेपाललाई रेफ्रीले पेनाल्टी अवसर दिएका हुन्, जहाँ पेनाल्टी प्रहार गर्न आएका अञ्जन चुके। यदि अञ्जनले गोल गरेको खण्डमा हरि खड्का र नीराजनको १३ गोल बराबरी गर्ने थिए। हालसम्म अञ्जनले नेपालका लागि १२ गोल गरिसकेका छन्।

पहिलो मैत्रीपूर्ण बराबरी

अञ्जन पेनाल्टीमा चुक्दा पहिलो मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा टुंगिएको छ। अब, दोस्रो आइतबार हुनेछ। सन् २०१९ मा भएको पछिल्लो भेटमा नेपाल ३-० ले पराजित भएको थियो। इटालियन प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसको प्रशिक्षकमा नेपालले घरेलु टोलीलाई दबाबमा राखेपछि फिनिसिङमा चुकेको थियो। अञ्जनसँगै डेब्यु खेलाडी जिलेस्पीजंग कार्की, आयुष घलान, मनीष डाँगी, आशिष चौधरी, अनन्त तामाङ गोलबाट टाढा रहे। म्यानमारविरुद्ध नेपालले आक्रामक खेल प्रस्तुत गरेको थियो। खेलमा नेपाल सफल देखियो। प्रशिक्षक भिन्सेन्जोले साफ च्याम्पियनसिप खेलेको टोलीबाट १० खेलाडी बाहिर राख्दा म्यानमारविरुद्ध जिलेस्पी र हिसुब थपलियालेे डेब्यु गरे। कप्तान तथा गोलकिपर किरणकुमार लिम्बू, रोहित चन्द, अनन्त तामाङ, सनिस श्रेष्ठ, आशिष चौधरी, लाकेन लिम्बू, आवास लामिछाने, मनीष डाँगी, आयुष, अञ्जन र जिलेस्पीलाई पहिलो एघारमा खेलाएका थिए। प्रशिक्षक भिन्सेन्जोले स्ट्राइकर आशिषलाई लेफ्ट ब्याकमा खेलाएका थिए। दुवै टोलीले यस खेललाई सन् २०२६ को फिफा विश्वकप छनोटको तयारीका लागि लिएका छन्।

> ५९औँ मिनेटमा पेनाल्टी चुकाउँदा अञ्जन विष्टले हरि खड्का र नीराजन रायमाझीको नाममा रहेको सर्वाधिक १३ गोलको रेकर्ड बराबर गर्न सकेनन्

जिलेस्पी र हिसुबको डेब्यु

राष्ट्रिय फुटबल टोलीमा स्ट्राइकरद्वय जिलेस्पीजंग कार्की र हिसुब थपलियालेे डेब्यु गरेका छन्। प्रशिक्षक भिन्सेन्जोले जिलेस्पीलाई पहिलो एघार तथा हिसुबले दोस्रो हाफमा मैदान प्रवेश गरेका हुन्। ९० मिनेट मैदानमा बिताएका जिलेस्पीले इन्जुरी समयमा मैदान छाडेका हुन्। त्रिभुवन आर्मी क्लबका अट्याकर जिलेस्पीको स्थानमा आर्मीकै नवयुग श्रेष्ठ मैदान प्रवेश गरेका थिए। हिसुब थपलियालेे खेलको ८४औँ मिनेटमा डेब्यु गरे। प्रशिक्षक भिन्सेन्जोले अञ्जन विष्टको स्थानमा जावलाखेल युथबाट 'ए' डिभिजन लिग खेलेका हिसुबलाई राष्ट्रिय टोलीमा डेब्यु गराएका हुन्।

क्लबहरूको माग भौतिक उपस्थिति

सहिद स्मारक लिगका ३२ क्लबले अखिल आइतबार बस्ने नेपाल फुटबल संघ (एन्फा)को प्रस्तावित विशेष साधारणसभामा भौतिक उपस्थिति हुनुपर्ने माग राखेका छन्। यसअघि असन्तुष्ट ३२ क्लबले विशेष साधारणसभा भौतिक उपस्थितिमा नभए बहिष्कार गर्ने, एन्फाले दिनुपर्ने बक्यौता रकम नदिए कुनै पनि प्रतियोगिता नखेल्ने चेतावनी दिएपछि एन्फाले शुक्रबार क्लबहरूलाई बैठकमा बोलाएको थियो। दिउँसो तीन बजे बोलाएको बैठकमा 'ए', 'बी' र 'सी' डिभिजनका प्रतिनिधिहरू भौतिक उपस्थिति हुनुपर्ने र नभएमा यसले भर्ने दुर्घटना निम्त्याउने एन्फाले सुझाएको थियो। एन्फाको तर्फबाट अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईका साथै अन्य सदस्यसमेतको उपस्थिति थियो। क्लबको तर्फबाट हिमालयन शेर्पाका अध्यक्ष कर्माछिरिङ शेर्पा, संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरलगायत थिए। एन्फाले साधारणसभाबाटै अडिटर नियुक्ति गर्न लागेको छ। यता, क्लबहरूले भौतिक उपस्थित नभए बैठक बहिष्कार गर्ने र अध्यक्षमाथि नै बहुमत सदस्यद्वारा अविश्वासको प्रस्ताव लैजाने तयारी गरेका छन्।



आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com